मानवका लागि मानव अधिकार
मानव अधिकारका लागि उपयुक्त संस्कृति

# प्राची



गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनालाई प्रष्ट्याउनु आवश्यक छ
- अग्नि खरेल

संचेतना द्वैमासिक पूर्णाङ्क ८४ जेठ २०७५




## सङ्घीय लोकतान्त्रिक गणतन्त्र : अवसर र चुनौती

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौँ।

## मानव अधिकारसम्बन्धी सूचना र जानकारीका लागि

**पुस्तकालयमा उपलब्ध मानव अधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू**

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



**सुविधाहरू**

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना द्वैमासिक

वर्ष २२ पूर्णाङ्क ९४ जेठ २०७५




संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
विजयराज गौतम

सम्पादक
मदन पौडेल

व्यवस्थापन
शैलेश शर्मा

आवरण फोटो
सूचना विभाग

मुद्रक
ड्रिम ग्राफिक
काठमाडौँ

- सङ्घीय लोकतान्त्रिक गणतन्त्र अवसर र चुनौती/ प्रा. डा. रामकुमार दाहाल ७
- सङ्क्रमणकालीन न्यायमा सरकारी वकिलको भूमिका/ गोपालप्रसाद रिजाल १४
- उपभोक्ता अधिकार सबैको सवाल/ वसन्त गौतम २०
- प्रदेश सरकारसँग जोडिएको समृद्धि/ गोपाल सन्जेल २४
- स्थानीय न्यायिक समितिमा छिटो न्याय पाउने आशा/ कालिका खड्का २७
- तुइनकै सकस/ नरेन्द्रसिंह कार्की २९
- कथा : पवित्रा/ देवराज पौडेल ३१
- पुस्तक समीक्षा/ गीता माली ३३
- अन्तर्वार्ता/ अग्नि खरेल ३४

**नियमित स्तम्भ**

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१

इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org




गणतान्त्रिक व्यवस्थामा लोकतान्त्रिक विधिबाट चुनिएर आएर कम्युनिस्टहरू पूर्णरूपमा शासन व्यवस्थामा पुगेका छन् । संसारमा यस्तो कहीँ छैन, त्यो देश नेपाल मात्र हो, जहाँका जनताले हिंसाको बाटो छाडेर शान्तिपूर्ण राजनीतिमा आएका दलहरूलाई मत दिएर शासन सत्तामा पुऱ्याएका छन् ।

**डा. रामवरण यादव**
पूर्व राष्ट्रपति
नागरिक दैनिक, १५ जेठ २०७५

नेपालमा राजतन्त्र अन्त्य हुनु भनेको मुलभूत रूपमा सेनाको राज्यसत्ताको अन्त्य हुनु हो । सामन्तवादमाथि नेपाली जनताको मुलभूत विजय भइसकेको छ । भलै, राष्ट्रिय स्वाधीनताको आन्दोलन चलिराखेको छ, अहिले पनि । अबको हाम्रो गन्तव्य नयाँ जनवाद होइन, अबको जनवाद होइन, समाजवाद नै हो ।

**पुष्पकमल दाहाल**
पूर्व प्रधानमन्त्री
नेपाल साप्ताहिक, १६ जेठ २०७५





अधिनायकवादतर्फ देश फर्कँदैन । अधिनायकवादतर्फ जान्छ भनेर भन्नु हल्ला मात्रै हो। अब जाने नै लोकतन्त्रतर्फ हो । लोकतन्त्रलाई समुन्नत बनाउँदै लैजानुपर्छ। अब लोकतन्त्र अगाडि नै बढ्छ। पछाडि फर्कँदैन ।

**बावुराम भट्टराई**
पूर्व प्रधानमन्त्री
बाह्रखरी डट कम, २६ वैशाख ०७५

संविधान कार्यान्वयनका लागि नयाँ कानुन निर्माण र पुराना कानुन संशोधन आवश्यक छ। २०७५ साल कानुन निर्माणको वर्ष हुनेछ।

**शेरबहादुर तामाङ**
कानुनमन्त्री
नेपाल साप्ताहिक, ६ जेठ ०७५



## कार्टून




**साभार** : www.phalano.com

**प्रिय पाठक !**
तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला ।
email : prachi@insec.org.np

**सम्पादक**

# सङ्घीयताको अभ्यास र समृद्धिको आशा

तीन तहको निर्वाचन सम्पन्न भई देश यस अघि कहिल्यै अभ्यास नगरिएको राजनीतिक मार्गचित्रमा अगाडि बढ्दैछ। जनआन्दोलनको सफलतापछि मुखर भएको सङ्घीयतासम्बन्धी विषय नेपालको संविधानमा अभिलेखित भएसँगै विभिन्न चरणमा निर्वाचन सम्पन्न गरी कार्यान्वयनको चरणमा प्रवेश गरेको हो। कानुनतः शक्तिशाली रहेका स्थानीय, प्रादेशिक र सङ्घीय सरकारका कार्यक्षेत्रमा केही अस्पष्टता भए पनि आफूमा निहित अधिकारहरूको उपयोग गर्ने दिशामा उनीहरू सकृय देखिएका छन्।

एकात्मक शासन व्यवस्थाबाट सङ्घीयतामा प्रवेश गर्दा केही समय अप्ठ्यारो, असजिलो जस्तो देखिए पनि वा यसको गति समात्ने मार्गतिर सरकारहरू अगाडि बढिसकेका छन्। जनताको उत्साहपूर्ण सहभागितामा सम्पन्न भएका निर्वाचनहरूले जनताको लोतकतन्त्र, शान्ति, विकास र समृद्धिको चाहनालाई प्रतिविम्वित गरेका छन्। सरकारले पनि यही अनुसार तयारी थालिसकेको छ।

संविधानले नागरिकलाई दिएका अधिकार सजिलै प्राप्त भएको होइन, यसको मूल्य बलिदान, त्याग, लामो सङ्घर्ष र निरन्तर निष्ठाबाट प्राप्त भएको हो। लामो सङ्क्रमण र राजनीतिक अस्थिरता भोगेको नेपाली समाजले यावत् विसङ्गतिबाट त्राण पाउने माध्यम यी सरकारहरू बन्न सक्छन्। लामो बलिदानबाट प्राप्त संविधान सभा र त्यसले बनाएको नेपालको संविधान कार्यान्वयनको दिशातर्फ मुलुक अगाडि बढ्ने सर्वत्र अपेक्षा गरिएको छ।

संवैधानिक व्यवस्थाअनुसार नै स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन जनताको व्यापक उत्साह र सहभागितामा सम्पन्न भए। जसलाई नेपालमात्र होइन, बाहिरका धेरै राजनीतिक विश्लेषकले समेत असम्भवप्रायः ठानेका थिए। त्यसैले शान्तिपूर्णरूपमा यी निर्वाचन सम्पन्न हुनुलाई ठूलो राजनीतिक उपलब्धि मान्न सकिन्छ।

निर्वाचनमा स्पष्ट बहुमत पाएको नेकपाले आफ्नो घोषणापत्रमा राजनीतिक स्थायित्व र समृद्धिको विषयलाई प्रमुखतासाथ उठाएको छ। राजनीतिक स्थायित्व र समृद्धिका आधार के–के हुन् र यिनलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा धेरै छलफल बाँकी नै छ। तर पनि यही एउटै नारा जनतालाई अब मुलुकमा स्थिरता छाउने प्रति आशावादी तुल्याउन भने काफी थियो।

राजनीतिक स्थिरताबाहेक निर्वाचनबाट आमनागरिकले अपेक्षा गरेको अर्को विषय आर्थिक समृद्धि हो। यसलाई सबैजसो राजनीतिक दलले प्रमुख चुनावी मुद्दाका रूपमा उठाउँदै आफ्ना चुनावी घोषणापत्रमा उल्लेख गरेका थिए। हाम्रो सन्दर्भमा आर्थिक समृद्धि प्राप्तिका आधार तथा यसका लागि आवश्यक स्रोतसाधनबारे खासै चर्चा हुने गरेको छैन।

निर्वाचन परिणामले नेपाली जनता स्थिर र टिकाउ सरकारको पक्षमा रहेको सन्देश दिएको छ। नेपाली जनताले आफूलाई सधैं लोकतन्त्रप्रति निष्ठावान र परिवर्तनप्रति आतुर प्रमाणित गर्दै आएका छन्। मृतप्रायः लोकतन्त्रको पुनर्स्थापना, निरङ्कुशताको विरोध, अग्रगमन र प्रगतिप्रति उत्सुक यी जनाताले यो उपलब्धिका लागि ठूलो बलिदान गरेका छन्। बलिदान र सङ्घर्षको एउटै कारण समृद्धि नै हो जुन नेपाली जनताको उत्कट चाहना पनि हो। तर जनअपेक्षाअनुसार सरकारका नीति कार्यक्रम नहुनु, स्रोत र साधनमा केही सीमित व्यक्ति र संस्थाको हालिमुहाली चल्नु, गरिब र पाखा पारिएका मानिसको जीवनस्तर उकास्ने कार्य प्राथमिकतामा नपर्नु, रोजगारी अभावमा ठूलो सङ्ख्यामा युवा जोखिमपूर्ण कामका लागि बाहिरिनुपर्ने जस्ता समस्याले देश आक्रान्त छ।

तीन तहका सरकारले विद्यमान समस्या छिमोल्ने र जनताको चुलोसँग जोडिने खालका जीविकोपार्जन, विकास र निर्माणका कार्य अगाडि नबढाउने हो भने जनमतको अवमूल्यन गरेको ठहरिनेछ। त्यसैले निर्वाचनअघि जनतालाई देखाइएको सपना पूरा गर्न सरकार लागिपरेमात्रै उन्नत भनिएको संविधानमा उल्लिखित अधिकार प्राप्तिका दिशामा देश अगाडि बढ्न सक्छ। यस्तो अवस्थामा मात्र मुलुकका करिब ३ करोड नेपालीले कामना गरेका स्थिरता र समृद्धिको गन्तव्य चुम्न सम्भव हुनेछ।

# बलात्कार : एक मनोवैज्ञानिक सवाल

– डा. निरञ्जनप्रसाद उपाध्याय

नेपालमा महिलामाथि हुने गरेका घरेलु हिंसा मानसिक एवम् शारीरिकरूपमा हुने गरेको पाइन्छ। यसभित्र बलात्कार, कुटपिट, खतरनाक अवस्थामा महिलालाई छाडिदिने, लात्ताले भकुर्ने, यौन शोषण र यौन दुराचार पर्दछन्। आधुनिक परिवेशमा टेलिफोनबाट दिइने धम्की र अश्लील अभिव्यक्ति पनि हिंसाभित्र नै पर्दछन्। कानुनद्वारा निर्धारित उमेरभन्दा कम उमेर भएको अवस्थामा सहमतिकै आधारमा शारीरिक सम्बन्ध राखेमा त्यसलाई पनि बलात्कार मानिन्छ।

बीसौँ शताब्दीको अन्त्यदेखि बलात्कारलाई विस्तृतरूपमा हेरिन थालिएको छ। पीडितको असहमतिमा भएको यौन सम्बन्धलगायत् पुरुष र केटाकेटीसँग गरिने बलात् अप्राकृतिक यौन सम्पर्कसमेत बलात्कारको परिभाषाभित्र पर्दछन्। धेरैजसो कानुनी व्यवस्थामा, पतिले पत्नीको इच्छाविरुद्ध गरेको शारीरिक सम्बन्धलाई बलात्कार मानिएको छैन। एक अध्ययनले के देखाएको छ भने, तीनजना महिलामा एकजना आफ्नो जीवनकालमा कुटिएको, यौनदुराचारबाट पीडित हुने गरेको छ। यस्ता घटनाका अधिकांश पीडक भने आफ्नै परिवारका मानिस हुने गर्दछन् (जान हप्किन्स स्कूल अफ पब्लिक हेल्थ, २००२)। अर्को एक अध्ययनअनुसार, बलात्कारका पीडितमध्ये ९१ प्रतिशत महिला र ९ प्रतिशत पुरुष हुन्छन्। ९९ प्रतिशत पीडक पुरुष हुने गर्दछन् (ब्यूरो अफ जस्टिस स्ट्याटिस्टिक्स, १९९९)। कलेजमा अध्ययनरत १३ प्रतिशत छात्राहरूलाई भेटघाटको क्रममा केटा साथीहरूले शारीरिक सम्बन्ध राख्न वाध्य पारेको पाइयो (जोन्सन एण्ड सिन्गलर, जरनल अफ इन्टरपरसनल भ्वाइलेन्स, २०००)।

धेरैजसो देशमा बलात्कारलाई गम्भीर फौजदारी अपराध मानिन्छ। तर, धेरैजसो घटनामा पीडितको सहमति र असहमति नै अनुसन्धानको मूल आधार हुने गर्दछ। अदालतमा बयान दिने समयमा असहमति सावित गर्नेक्रममा सोधिने प्रश्नहरू पीडितका लागि कष्टकर हुन्छन्। यसले गर्दा पनि बलात्कारबाट पीडित महिलाहरू उजुरी गर्न हतोत्साही हुने सम्भावनालाई नकार्न सकिँदैन। यस्ता घटनामा सामान्यतया कुनै प्रत्यक्षदर्शी नहुने भएकाले अपराध सावित गर्न थप कठिन हुन्छ। बलात्कार र चेलिबेटी बेचबिखनका घटनामा लोकलाजका डरले तुरुन्तै जाहेरी नदिने चलन छ। यसले गर्दा मुद्दाको छानबिनमा बाधा पुग्छ र प्रमाण नष्ट हुनजाने सम्भावना बढ्दछ (मानव अधिकार वर्ष पुस्तक, २००४)। अपराध स्थापित भएको अवस्थामा अपराधीले गम्भीर, धेरैजसो जेल सजायको भागी हुनुपर्दछ।

पाकिस्तानका अस्पतालमा बलात्कारका घटनामा निरन्तर बृद्धि भइरहेता पनि अपमानित र कलंकित हुने भयले गर्दा प्रकाशमा आउँदैनन् (अहमद, के. १९९९)। भारतमा महिलाहरु माइत र घर दुवै ठाउँमा हिंसाबाट पीडित हुन्छन्। र, सामाजिक संरचनाअनुसार हेपिएका हुन्छन्। इण्डोनेशियामा "वैवाहिक बलात्कार हुनै सक्दैन, किनभने विवाहपछि पुरुष र महिला एक हुन्छन्, तसर्थ आफैले आफैलाई बलात्कार गर्ने सम्भावना नै रहँदैन" भन्ने विश्वास त्यहाँको एउटा धार्मिक समुदायको छ। त्यहाँ वैवाहिक बलात्कारसम्बन्धी कानुन पारित गर्ने प्रयास दुई पटकसम्म असफल भइसकेको छ।

नेपालमा सन् २००३ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको प्रतिवेदन अनुसार सो वर्ष बलात्कारका १२९, बहुविवाहका ५१ र चेलिबेटी बेचबिखनका २० वटा मुद्दा परेका थिए। उता सरकारी र गैरसरकारीस्तरमा भएका अध्ययनले भने प्रतिदिन सरदर २० जना नेपाली महिलाहरू भारतका वेश्यालयमा पुऱ्याइने गरेको बताउँछ। मानव अधिकार वर्ष पुस्तक २००४ अनुसार, सन् २००३ मा बलात्कारबाट ६८ जना, बलात्कार प्रयासबाट ४४, यौन दुर्व्यवहारबाट २२ जना महिला पीडित भएका थिए।

सबै महिलालाई बलात्कारले उस्तै प्रकारको असर पर्दैन। पीडकहरूको मनोवैज्ञानिक लगाव साधारणतया ठानिनेभन्दा निकै जटिल सवाल हो। यो केवल यौन चाहनाको नृशंस सन्तुष्टिमात्र नभई रिस, आक्रामकता, र पीडितमाथि शक्तिको "प्याथोलोजिकल" प्रयोगका रुपमा पनि लिने गरेको पाइन्छ।

पीडितहरुको मनोवैज्ञानिक प्रतिक्रिया घटनाअनुसार फरक-फरक हुने गर्दछ। तर आमरुपमा लज्जाबोध, बदनाम, भ्रम, डर र बदलाको भावना लिने गरेको पाइन्छ। उनीहरूले आफूलाई "शुद्ध" ठान्दैनन् र आफूले आफूलाई नियन्त्रण गर्न नसकेको मानसिकताबाट ग्रसित हुने गर्दछन्। उनीहरुले आफ्नो कुनै सहारा नभएको र आफूलाई कसैले पच्छ्याइरहेको महसुस गर्दछन्। कतिपयले निद्रा वा खानाको तौरतरिकामा दीर्घकालीन ध्वंस र काममा सिथिलता आएको महसुस गर्दछन्। बलात्कारको मनोवैज्ञानिक असरको अवधि व्यक्ति-व्यक्तिअनुसार फरक हुने गर्दछ। धेरैजसोमा यसको असर बर्षौं देखिन्छ।

अधिकांश पीडितहरु तीन अवस्थाबाट गुज्रिन्छन्-भावात्मक धक्का, अस्वीकार र हल।

**भावात्मक धक्का** : बलात्कारबाट पीडित महिलाहरुले विभिन्न खाले भावनात्मक प्रतिक्रिया अनुभूत गर्दछन्। जस्तै, एक्लिनुपर्ने भय, पुरुष देख्नासाथ डराउनु, उजुरी गरेकाले पीडकहरुले झन् बदलाभाव लिने हुन् कि भन्ने त्रास आदि। उनीहरुमा मानसिक रोग, रिसाउने बानी, आफूलाई असहाय एवम् दोषी ठान्ने प्रवृति विकसित हुने गर्दछ। परिवारका सदस्य, साथीभाइ, आफन्तहरूले सहयोग गर्नुको साटो उल्टै आरोप लगाउने गरेको अवस्थामा मानसिक समस्या झनै चर्किएर जान सक्दछ।


**अस्वीकार** : यस अवस्थामा पीडितहरू आफू बलात्कृत भएको तथ्य बताउँदैनन्। बरु त्यस्ता आक्रमण आफूउपर नभएको बताउन थाल्छन्। साधारणतया समस्याबाट मुक्त हुन खोज्ने यो रणनीति लामो समयसम्म सफल हुँदैन। किनकि पीडादायी यस्ता भावनाबाट चाँडै उन्मुक्ति पाउन सकिँदैन।

**हल** : बलात्कारको पीडादायी अनुभवबाट पार पाउन उनको मनोभावलाई बुझेर सरसल्लाह दिने र सहयोग गर्ने साथी वा मनोविमर्शकको आवश्यकता पर्दछ। यसपछि उनीहरू सहज जीवन बाँच्ने अठोटका साथ मनोघातबाट मुक्त हुन सफल हुन्छन्।

*(डा. उपाध्यायको "रेप : अ साइकोलोजिकल इस्यू" को सारसंक्षेप)*

*साभार : प्राची संचेतना द्वैमासिक, पूर्णाङ्क ५२, असोज २०६१*

# नागरिक संवादको युग



सुबोधराज प्याकुरेल

**निर्वाचन सकिएपछि विजयी वा पराजयी सबैको कर्तव्य आम नागरिकको सेवा गर्नु र जनतामा आफू प्रतिको विश्वास बढाउनु हुन्छ। दलहरूको लागि यो कर्तव्य योजना र सान्दर्भिकता स्थापित गर्ने सैद्धान्तिक र कार्यनीतिक दुरदृष्टिको विषय हो। सबैकुरा निर्णयकर्ता मात्र होइन कि विचार निर्मातालाई पनि थाहा हुन्न। कहिले काहीँ सघन रूपले देखिएका कुरा भन्दा सानो कुराले भविष्यमा ठूलो प्रभाव पर्न सक्छ।**

आजको युग नागरिक संवादको निरन्तरताको युग हो। कार्ल मार्क्स, ग्राम्सीदेखि बीपी कोइरालासम्मले आन्दोलनको विजयपश्चात विभिन्न स्वार्थ समूह मात्र होइन कि बेग्लै वर्गको रूपमा उदय हुने कर्मचारीतन्त्रले कसरी आन्दोलनको उद्देश्यको बर्खिलाफ हुनेगरी चल्न सरकारलाई बाध्य पार्छन् भन्ने खुलासा गरेका छन्। नियमित पारिश्रमिकको सुनिश्चितता भएको कर्मचारीतन्त्र स्वत: भुइँफुट्टा वर्गका रूपमा उदीयमान हुन्छ किनकी उसलाई आफूभन्दा माथिकालाई रिझाएर आफ्नो दर्जा र आयस्ता बढाउने फिक्री बढी हुन्छ। स्वार्थ समूहहरू मौकामा आफ्नो पहुँचको फाइदा उठाउन पार्टीका नेताहरूलाई र कर्मचारीतन्त्रलाई आफ्नो अनुकूल ढाल्न प्रयत्नरत रहन्छन्। यस्तो प्रवृतिलाई बीपी कोइरालाले भुइँफुट्टा नामकरण गरेर लेख लेख्नु भएको थियो। समस्याग्रस्त समाजमा चाँडै धनी हुने लालच बढी हुन्छ। राज्यले सामाजिक सुरक्षा र अनिवार्य आवश्यकता परिपूर्ति गर्न नसकिरहेको अवस्थामा मुद्राको जोहो गर्न नसक्दा मानिस हर हिसाबले असुरक्षित महसुस गरिरहेको हुन्छ।

राजनीतिक चेतना र लोकतान्त्रिक विधिको निर्वाचन हुने बेलामा राजनीतिक दलहरूले आफ्नो घोषणापत्र मार्फत आफ्नो वचनबद्धता र राष्ट्र विकासको योजना सार्वजनिक गर्छन्। जनताले विश्वास गर्ने तिनै प्रतिबद्धतालाई हो। तर, चुनावपछि दलहरूको संलग्नता दल भित्रको विभिन्न प्रकारका स्वार्थ, सरकार सञ्चालन लगायत सोझै चुनावताका जनतासँग भएको सान्निध्य भन्दा फरक हुन जान्छ। पाँच वर्षमा बल्ल फेरि जनता समक्ष जानुपर्ने हुँदा अरू बेलामा सामान्य रूपमा नजिकका वा आफ्नै पार्टीका मानिसहरूको स्वार्थ सिद्धिमा निर्वाचित प्रतिनिधिहरूको अधिकांश समय बर्वाद हुने गर्छ। नियम कानुन त राम्रो बनाउलान तर त्यसको अनुगमन मूल्याङ्कन र परिमार्जन गर्ने काममा आम नागरिक समक्ष उनीहरूको पहुँचमा हुने कमीका कारण अर्को चुनावमा जाँदा आम रूपमा जनताका प्रतिनिधिहरू जनताबाट टाढिएको अवस्था देखापर्ने गर्छ।

यस्तो किन हुन्छ त ? किनकि विश्व समाज आजको युगमा द्रुत गतिले परिवर्तनशील छ। संसार भरिको सूचना हत्केलामा हेर्ने सन्ततिको युग आइसक्यो। समाजका अधिकांश विषयहरू आम नागरिकका लागि साझा सवाल हुन र उनीहरूले चाहना राखेको समाधानमा पनि आमरूपमा समानता हुनेगर्छ। चुनावको बेलामा जस्तो आफ्ना समर्थक शुभेच्छुकका बीचमा मात्र अरू बेलाको एजेन्डा सीमित रहँदैन। र निर्वाचन सकिएपछि विजयी वा पराजयी सबैको कर्तव्य आमनागरिकको सेवा गर्नु र जनतामा आफू प्रतिको विश्वास बढाउनु हुन्छ। दलहरूको लागि यो कर्तव्य योजना र सान्दर्भिकता स्थापित गर्ने सैद्धान्तिक र कार्यनीतिक दूरदृष्टिको विषय हो। सबै कुरा निर्णयकर्ता मात्र होइन कि विचार निर्मातालाई पनि थाहा हुन्न। कहिलेकाहीँ सघन रूपले देखिएका कुरा भन्दा सानो कुराले भविष्यमा ठूलो प्रभाव पर्न सक्छ।

उल्लेखित समस्याको समाधान के होला ? एक शब्दमा भन्नु पर्दा, पलपलको सूचनामा पहुँच। अर्को कुरा, सूचनाप्रति नागरिकको प्रतिकृयालाई बुझ्ने चेतना र त्यसको समाधानका लागि फेरि नागरिककै अगुवाई र सहयोग प्राप्त गर्नसक्ने राजकीय र सामाजिक क्षमता। संसारभरिका देशहरूको विकास र नेतृत्वको स्थायित्व यिनै कुरामा भर परेको हामीले देखेका छौँ। सन् २०११ मा संयुक्त राष्ट्रसङ्घमा जनताको सूचना

**राजनीतिक चेतना र लोकतान्त्रिक विधिको निर्वाचन हुने बेलामा राजनीतिक दलहरूले आफ्नो घोषणापत्र मार्फत आफ्नो वचनबद्धता र राष्ट्र विकासको योजना सार्वजनिक गर्छन्। जनताले विश्वास गर्ने तिनै प्रतिवद्धतालाई हो। तर चुनावपछि दलहरूको संलग्नता दल भित्रको विभिन्न प्रकारका स्वार्थ, सरकार सञ्चालन लगायत सोझै चुनावताका जनतासँग भएको सान्निध्य भन्दा फरक हुन जान्छ। पाँच वर्षमा बल्ल फेरि जनता समक्ष जानुपर्ने हुँदा अरू बेलामा सामान्य रूपमा नजिकका वा आफ्नै पार्टीका मानिसहरूको स्वार्थ सिद्धिमा निर्वाचित प्रतिनिधिहरूको अधिकांश समय बर्वाद हुनेगर्छ। नियम कानून त राम्रो बनाउलान तर त्यसको अनुगमन मूल्याङ्कन र परिमार्जन गर्ने काममा आमनागरिक समक्ष उनीहरूको पहुँचमा हुने कमीका कारण अर्को चुनावमा जाँदा आम रूपमा जनताका प्रतिनिधिहरू जनताबाट टाढिएको अवस्था देखापर्ने गर्छ।**

बुझ्ने, जनतालाई सत्यनिष्ठ सूचना प्रवाह गर्ने र यसरी अर्थपूर्ण नागरिक संवादमार्फत असल शासनको जग निर्माण गर्ने भनेर साझेदार खुला सरकारको अवधारणा पारित गरियो। यसका अवधारणाले ६ वटा बुँदामा सार्वजनिक रूपमा खुलापनका साथ। प्रस्तुत हुनुपर्ने विषयहरू पारित गरियोस् (१) वित्तीय खुलापन (२) व्यवस्थापकीय वा संसदीय खुलापन (३) सूचनामा पहुँच (४) भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता (५) खुला जानकारीमूलक कार्यप्रणाली र (६) प्राकृतिक स्रोतका बारेमा खुला जानकारी। उल्लिखित खुलापनका साथ राज्यका सबै अवयव सञ्चालन गर्नसके निजी क्षेत्र पनि स्वत: त्यही स्वरमा जबाफदेही हुन बाध्य हुने अनुमान गरिएको छ। हाम्रो देश यो अभियानमा संलग्न हुन तोकिएको मापदण्ड पूर्ण भइसकेको अवस्था छ। हाम्रो बजेट, महालेखा लगायतका संवैधानिक निकायका प्रतिवेदनहरू सार्वजनिक गरिन्छ। सूचनाको हकसम्बन्धी कानुन सन् २००७ देखि क्रियाशील छ। खुला बजेटमा हामीले ५२ प्रतिशत अङ्क पाएका छौं। बजेट पूर्वको अर्थपूर्ण संवाद र सम्पत्तिको सार्वजनिकीकरणमा पारदर्शिता भएता पनि त्यसको सम्परिक्षणमा हामी केही कमजोर छौँ। त्यस्तै कानुन निर्माणका मामिलामा संसदीय समितिहरूको क्रियाशीलता र पारदर्शिता तारिफयोग्य भएता पनि कानुन निर्माण पूर्व गरिने सरोकारवालासँगको अर्थपूर्ण संवादका मामिलामा कमिकमजोरी छ। तर, सूचना र सहभागिताको सिद्धान्त हाम्रो संविधानले अङ्गीकार गरेको विषय भएकोले त्यसमा क्रमश: सुधार हुने अपेक्षा गर्न सकिन्छ।

साझेदार खुला सरकारको संयन्त्रमा नागरिक समाज र सरकारको बराबरी सहभागिता रहने गर्छ विश्वस्तरको वर्तमान समिति वा राष्ट्रिय स्तरमा गठन गरिने सञ्चालन समिति सबैतिरको साङ्गठनिक ढाँचा उस्तै हो। नागरिकले वर्तमानमा सोचेको चाहेको यथार्थका बारेमा सबै क्षेत्र जानकारीमा रहुन् भन्ने मूल अभिप्राय नै यो कार्यक्रमिक ढाँचाको लक्ष्य हो। नेपालले सबै नेपालीमा सूचनाको यथार्थ पुगोस् र उनीहरूले आफ्नो अवधारणा र प्रतिवद्धता प्रकट गर्न पाउन् भन्ने हो भने आफ्नो भाषालाई कम्प्युटरले बुझ्ने मात्र होइन विश्लेषण समेत गर्न सक्ने गरी कम्प्युटर इन्जिनियरिङ गर्नु पर्छ। अबको तीन वर्षभित्र नेपालका सबै स्थानीय तहसम्म भरपर्दो इन्टरनेट सेवा पुर्‍याउने योजनामा हामी छौँ। त्यसपछि जनताका कुरा सुन्न र त्यसबाट शिक्षित हुन हामीलाई मद्दत पुग्नेवाला छ। सरकारले आफ्नो एकल एप मार्फत सम्पूर्ण सूचना प्रवाह गर्ने र जनताको गुनासो सुन्ने प्रकृयाको थालनी गरेको बेलामा सङ्गठित रूपमा साझेदार खुला सरकारको अभियानमा नेपालको सहभागिता अपेक्षित छ जसले हामीलाई विश्वका विकसित भनिएका राष्ट्रहरूको लोकतान्त्रिक राज्य सञ्चालनको स्तरमा पुर्‍याउने छ। जननेता मदन भण्डारीले बारम्बार दोर्‍याउने गर्नुहुन्थ्यो, आलोचनाको घेरामा नभएको कुनै संस्था वा व्यक्तिले प्रगति गर्न सक्दैन किनकि उसले सच्याउनु पर्ने वा चित्त बुझाउनु पर्ने विषय नै थाहा पाउँदैन। सन् २०१५ मा केपी ओलीको प्रधानमन्त्रित्वको बेलामा उहाँले सदाशयता जनाएर अध्ययन सकिएको विषय भएकोले आशा गरौँ आगामी दिनमा हामी खुला सरकारका साझेदार नागरिक हुने अवसरबाट विभूषित हुनेछौँ।

आवरण



प्रा.डा. रामकुमार दाहाल[1]

# सङ्घीय लोकतान्त्रिक गणतन्त्र : अवसर र चुनौती

**सङ्घीयतासम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र नेपालले सिक्नुपर्ने पाठ सङ्घीयतासम्बन्धी अभ्यास नेपालका लागि एक नवीन विषय भएकाले विश्वका विभिन्न सङ्घीय मुलुकहरूले यसलाई कसरी प्रयोग गरे के कस्ता कमी कमजोरीहरू देखिए, त्यस्ता कमजोरी कसरी हटाइए भन्ने बारे जानकारी राख्नु इतिहासबाट पाठ सिक्नु नेपालीका लागि जरुरी देखिन्छ।**

**परिचय**

नेपालको संविधानले नेपालमा तीन तहको सरकारको व्यवस्था गरी यिनीहरूबीच अधिकारको बाँडफाँड गरेको छ। संविधानले नेपालमा सङ्घीयता कार्यान्वयन गर्न आवश्यक पर्ने सबै संवैधानिक व्यवस्था गरेको छ। सङ्घीयताको विश्वव्यापी मान्यता अनुसार सङ्घीयताका आफ्नै मौलिक विशेषता हुने गर्दछन्। संयुक्त राज्य अमेरिकाको सङ्घीय प्रणालीमा विश्वव्यापी सङ्घीय मान्यता बाहेक दोहोरो नागरिकता र माथिल्लो सदन सिनेट ६ वर्षका लागि प्रत्यक्ष रूपमा निर्वाचित हुने पद्धति रहेको छ। स्वीस महासङ्घका आफ्नै मौलिक विशेषता रहेका छन्।

समष्टिरूपमा भन्दा सङ्घीय व्यवस्थाका विश्वव्यापी मान्यताहरूमध्ये सर्व-स्वीकार्य मान्यतामा (१) लिखित, निर्मित र कठोर संविधान (२) केन्द्र सङ्घ र सङ्घीय इकाइबीच प्रष्ट अधिकारको बाँडफाँड (३) दोहोरो सरकार (४) माथिल्लो सदनमा प्रत्येक सङ्घीय इकाइको प्राय: समान प्रतिनिधित्व हुने जस्ता मौलिक कुराहरू पर्दछन्। केन्द्रबाट छुट्टिने अधिकार सबै सङ्घीय व्यवस्थामा एकै रूपमा नभएकाले यसलाई विश्वव्यापी मान्यताका रूपमा स्वीकारिएको देखिँदैन। यिनै सामान्य मान्यताका अधारमा यहाँ नेपाली सङ्घीय व्यवस्थाका विशेषताहरू केलाउने प्रयत्न गरिएको छ।

**नेपाली सङ्घीयताका विशेषता**

विश्वका अन्य सङ्घीय मुलुकमा जस्तै नेपाली सङ्घीयताका विशेषता पनि आफ्नै किसिमका रहेका छन् जसलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ:

**(१) लिखित, निर्मित र कठोर संविधान**

दोस्रो संविधान सभाले निर्माण गरेको नेपालको संविधान नेपालको संविधान (२०७२) लिखित र निर्मित संविधान हो। वर्तमान संविधानको भाग ३१ को धारा २७४ का १० उपधारामा व्यवस्था भए अनुसार २/३ मतबाट संशोधन गरिनुपर्ने संवैधानिक व्यवस्थाले नेपालको संविधान (२०७२) कठोर संविधानको दर्जामा पर्दछ।

**(२) केन्द्र, प्रदेश र स्थानीय सरकारबीच प्रष्ट अधिकारको बाँडफाँड**

सङ्घीयताको सर्वस्वीकार्य विश्वव्यापी मान्यता अनुसार केन्द्र/सङ्घ र सङ्घीय इकाइबीचको प्रष्ट अधिकारको बाँडफाँडलाई नेपाली सङ्घीयताले पनि स्वीकारेको छ। केन्द्र र प्रदेशबीच मात्र अधिकारको बाँडफाँड नगरी स्थानीय सरकार र गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिबीचसमेत प्रष्ट अधिकारको बाँडफाँड गरेकाले नेपाली सङ्घीयता संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, स्वीस र भारतको भन्दा एक कदम अगाडि रहेको छ। भारतीय संविधानले धेरैपछि मात्र स्थानीय सरकारलाई संविधानको विषय बनाएको हो। नेपालले प्रारम्भमै तीनै तहका सरकारको अधिकार रेखा प्रष्टरूपमा कोरिदिएको छ।

**(३) एकल नागरिकता**

संयुक्त राष्ट्र अमेरिका र स्वीस महासङ्घ भन्दा विपरीत नेपालले भारतीय सङ्घीय प्रणालीजस्तै देशभरि एउटा नागरिकताको व्यवस्था स्वीकारेको छ।

**(४) तीन तहको सरकार**

दोहोरो सरकारको अवधारणाबाट अगाडि बढेर नेपालले प्रारम्भमै संविधानत: तीन तहको सरकारको अवधारणालाई स्वीकारेको छ।

**(५) केन्द्रीय/सङ्घीय संसदको माथिल्लो सदन राष्ट्रिय सभामा प्रदेशको बराबरी प्रतिनिधित्व**

राष्ट्रिय सभाका निर्वाचित ५६ सदस्य र सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित हुने तीन सदस्य गरी जम्मा उन्नान्साठी (५९) सदस्य रहने व्यवस्था छ। अमेरिकी काङ्ग्रेसको माथिल्लो सदन सिनट र स्वीस महासङ्घको माथिल्लो सदन राज्य परिषद्भन्दा नेपाली संसदको माथिल्लो सदन

१. प्रा. डा. रामकुमार दाहाल, पूर्व विभागीय प्रमुख, राजनीतिशास्त्र, केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

**विश्वका विभिन्न मुलुकमा सङ्घीयताको अभ्यास आफ्नै किसिमले भइरहेका छन्। केही मुलुकमा सङ्घीयता अत्यन्तै सफल भएका सफलताका कथा रहेका छन्। केही मुलुकले कुनै किसिमले धानिरहेका छन्। केही सङ्घीय व्यवस्था धान्न नसकी पर्ने एकात्मक पद्धतिमा फिर्ता भएका छन्। साधारणतः विश्वमा २५ मुलुकमा सङ्घीय व्यवस्था रहेको छ जसले विश्वको लगभग ४० प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गर्दछ।**

एक कदम अगाडि देखिन्छ किनकी यी सदनहरूमा मनोनित सदस्य रहने व्यवस्था छैन। १९ स्वीस क्यान्टनले दुई दुई र ६ अर्ध क्यान्टनले एक/एक प्रतिनिधित्व पाउने स्वीस व्यवस्था छ।

**(६) समावेशी प्रतिनिधित्वको व्यवस्था**

नेपाली निर्वाचन पद्धतिसँग सम्बन्धित उम्मेदवार छनौट व्यवस्था विश्वका सङ्घीय मुलुकहरूका संसदको तल्लो सदनका निर्वाचित हुने १ सय १० सदस्य (धारा ८४), र समानुपातिकतर्फ उम्मेदवारी दिँदा (धारा ८४(२) को व्यवस्था अनुसार बढी समावेशी हुनुपर्ने देखिन्छ। यसमा जनसङ्ख्याको आधार, भूगोल र अनुपातमा प्रादेशिक सन्तुलनका आधारमा धारा ८४ (२) मा उल्लेखित सबै जातीय, भौगोलिक समूको प्रतिनिधित्व हुनुपर्ने देखिन्छ।

**(७) महिलाको प्रतिनिधित्व**

महिलाको प्रतिनिधित्व गराउने (तीनै तहमा) विषयमा पनि नेपाली सङ्घीयता अन्य सङ्घीय मुलुकभन्दा एक कदम अगाडि देखिन्छ। धारा ८४(२) अनुसार प्रतिनिधि सभाका १ सय १० सदस्यमाथि उम्मेदवारी दिँदा पनि महिलाको प्रतिनिधित्व हुनुपर्ने, धारा ८६(२)(ख) अनुसार "राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिलासहित तीन जना" भन्ने उल्लेखित शब्दले महिलाको प्रतिनिधित्व सुनिश्चित गरिदिएको छ। स्थानीय तह निर्वाचन ऐन, २०७३, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ ले महिला प्रतिनिधित्वलाई थप सुनिश्चित गरेको देखिन्छ।

**(८) शक्तिशाली सङ्घीय न्यायालय-सर्वोच्च अदालत**

सङ्घीय व्यवस्थाका विश्वव्यापी एवम् सर्वस्वीकृत मान्यतामध्ये सङ्घीय न्यायालय स्वतन्त्र न्यायालयका रूपमा हुनुपर्ने/कार्य गर्नुपर्ने पनि रहेको छ। अमेरिकी सर्वोच्च अदालत विश्वको अति शक्तिशाली अदालत मानिन्छ र यससँग कार्यपालिका अधिकार प्रयोग गर्ने राष्ट्रपति र व्यवस्थापिका अधिकार प्रयोग गर्ने दुई सदनात्मक काङ्ग्रेसले गरेका गैरसंवैधानिक/गैरकानुनी कार्यलाई गैरसंवैधानिक/गैरकानुनी भनी घोषणा गर्ने विशेष अधिकार न्यायिक पुनरावलोकन राख्दछ। स्वीस सङ्घीय न्यायालय अमेरिकी न्यायालयको तुलनामा कम शक्तिशाली छ। बृटिस शैलीको संसदीय व्यवस्था अपनाउने भारतले सङ्घीय न्यायालय भने अमेरिकी शैलीको प्रयोग गरेको छ। सङ्घीय न्यायालयले सङ्घ र सङ्घीय एकाइबीचको विवाद/मुद्दा पनि हेर्नुपर्ने हुनाले यो स्वतन्त्र हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता रहेको हो। नेपालको विगतका संविधानहरू र नेपालको संविधान, २०७२ का व्यवस्था हेर्दा बृटिस शैलीको संसदीय व्यवस्था अपनाउने नेपालले पनि भारतले जस्तै सङ्घीय न्यायालयको शैली भने अमेरिकी शैलीकै देखिन्छ।

नेपालको संविधान, २०७२ को भाग ११, धारा १२८ का ४ उपधारा धारा १३३ मा उल्लेखित सर्वोच्च अदालतको अधिकार क्षेत्रसँग सम्बन्धित ६ उपधारामा भएका व्यवस्थाका आधारमा नेपालको सङ्घीय/सर्वोच्च अदालत अमेरिकी र भारतीय सर्वोच्च अदालतजस्तै शक्तिशाली छ भन्दा अनुपयुक्त हुँदैन। विगतमा सर्वोच्च अदालतले विकसित गरेका नजीर र प्रधानमन्त्रीलाई समेत सर्वोच्च अदालतमा हाजिर हुन दिएको आदेश, प्रधानमन्त्री मनमोहन अधिकारीले विघटन गरेको प्रतिनिधिसभा असंवैधानिक कार्य भएको आदि विभिन्न नजीरले नेपालको सर्वोच्च अदालतले अमेरिकी सर्वोच्च अदालतले जस्तै न्यायिक पुनरावलोकनको अधिकार राख्दछ। भावी दिनमा प्रदेश-प्रदेशबीच हुने विवाद र केन्द्र र प्रदेशबीच हुने विवाद जस्ता विषयसमेत नेपाली सङ्घीय/सर्वोच्च अदालतले राम्रोसँग हेर्न सक्ने देखिन्छ।

**(९) नेपाली संविधान नेपालको सर्वोच्च कानुन**

अमेरिकी लिखित संविधान र भारतीय संविधान जस्तै नेपालको संविधान, २०७२ भाग १ को धारा १ अनुसार पनि मूल कानुनका रूपमा स्वीकारिएको छ। र संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने कुरा स्वीकारिएको छ।

**(१०) नेपाली प्रदेशको प्रादेशिक अखण्डता अनुलङ्घनीय**

अमेरिकी संविधानले जस्तै नेपाली सङ्घीय इकाइ-प्रदेशको प्रादेशिक अखण्डतालाई स्वीकार गरिएको छ।

**(११) अविशिष्ट अधिकार केन्द्र**

नेपालको संविधान, २०७२ को अनुसूची ५-९ सम्म तीनै तहको अधिकारको प्रष्ट बाँडफाँड गरिएको भए तापनि यी सूचीमा समावेश नभएका विषयमा केन्द्रको एकाधिकार हुने कुरा अनुसूची ५ को ३५ नम्बरले उल्लेख गरेको छ। साथै धारा ५८ ले अविशिष्ट अधिकार केन्द्रमै रहेको कुरा स्वीकारेको छ।

**(१२) द्वन्द्व व्यवस्थापनसम्बन्धी संयन्त्र**

सङ्घ-प्रदेश र प्रदेश-प्रदेशबीच राजनीतिक विवाद भएमा त्यसलाई समाधान गर्नका लागि नेपालको संविधान, २०७२ को

भाग २, धारा २३४ ले एक अन्तर प्रदेश परिषद्‌को व्यवस्था गरेको छ। तर केन्द्रसँग विवाद हुने हुनाले यो नाम त्यति मिलेको देखिँदैन।

**(१३) प्राकृतिक स्रोतको न्यायोचित वितरण गरिने संवैधानिक ग्यारेण्टी/प्रतिबद्धता**

नेपाली सङ्घीयताको एक महत्वपूर्ण विशेषतामध्ये यस कुरालाई पनि महत्वपूर्ण विशेषताका रूपमा स्वीकार्न सकिन्छ। प्राकृतिक साधन र स्रोतको अन्यायोचित र असमान वितरणले सङ्घभित्र द्वन्द्व चर्काउन सक्ने हुनाले यो व्यवस्था अत्यन्तै सकारात्मक मान्न सकिन्छ। नेपालको संविधान २०७२ को भाग २६, धारा २५०-२५१ ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गर्दै धारा २५१ मा आयोग विभिन्न महत्वपूर्ण काम कर्तव्य र अकिार सुम्पेको छ। धारा २५१ का २ उपधारामा यससम्बन्धी व्यवस्था धाराको २५१(१) को (क) देखि (झ) सम्ममा यसका कार्य निम्न रहेका छन्।

(क) संविधान र कानुनबमोजिम सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धाण गर्ने,

(ख) सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने,

(ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,

(घ) प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र ढाँचा निर्धाण गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय सरकारको खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नुपर्ने,

(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने,

(छ) सङ्घ र प्रदेश सरकारको राजस्व बाँडफाँड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,

(ज) प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने,

(झ) प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी विषयमा सङ्घ-प्रदेश, प्रदेश-प्रदेश, प्रदेश-स्थानीय तह तथा स्थानीय तहहरूबीच उठ्न सक्ने संभावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने।

**(१४) प्रदेशले अन्य मुलुकसँग सम्बन्ध कायम गर्न सक्ने कि नसक्ने ?**

प्रदेशले अन्य मुलुकसँग सम्बन्ध कायम गर्न सक्ने कि नसक्ने भन्ने विषयमा पनि अन्तर्राष्ट्रिय सङ्घीय मान्यताका आधारमा व्याख्या गर्नु आवश्यक भएकाले यहाँ यसबारे चर्चा गरिएको छ। स्वीस महासङ्घ क्यान्टनले केन्द्रीय नीति नियमलाई आदर सम्मान गर्दै अन्य मुलुकसँग सम्बन्ध कायम/विस्तार गर्न सक्ने भए तापनि संयुक्त राज्य अमेरिकाको ५० राष्ट्रले यस्तो सम्बन्ध कायम/विस्तार गर्ने अधिकार पाएका छैनन्। भारतमा पनि यस्तो व्यवस्था छैन। नेपालका प्रदेशले प्राप्त गरेको अधिकारको सूची ( संविधानको अनुसूची ६ को प्रदेशको अधिकारको सूचका २१ विषय) हेर्दा र अनुसूची ७ को सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत २५ विषय हेर्दा यससम्बन्धी व्यवस्था प्रष्ट नभएकाले नेपालका प्रदेशले अन्य स्वतन्त्र मुलुकसँग परराष्ट्र सम्बन्ध कायम गर्न नसक्ने देखिन्छ। अनुसूची ५ को सङ्घको अधिकारको सूचीमा सूचीकृत ३५ विषयमध्ये ६ र ७ नम्बरले केन्द्रीय सरकारलाई मात्र यस्तो अधिकार दिएको छ।

**(१७) केन्द्रद्वारा प्रदेश सरकार विघटन गर्न पाउने अधिकार**

सङ्घीय व्यवस्थामा केन्द्रले आवश्यकतानुसार सङ्घीय एकाइलाई विघटन गर्न पाउने कि नपाउने भन्ने पनि एक बहसको विषय रहेको छ। केन्द्रको निर्देशनमा कार्य नगरेमा मन्त्रिपरिषद्‌को सिफारिसमा राष्ट्रपतिद्वारा राज्य सरकार विघटन गर्न पाउने व्यवस्था भारतीय संविधानमा पनि रहेको छ। नेपालले पनि यस क्षेत्रमा भारतीय व्यवस्थालाई अवलम्बन गरेको देखिन्छ। नेपालको संविधान २०७२ को धारा २३२(२) मा "केन्द्रीय निर्देशनका पालना गर्नु प्रदेश मन्त्रिपरिषद्‌को कर्तव्य हुने कुरा उल्लेख गरिएको छ। धारा २३२(२) मा "कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषद्‌लाई आवश्यकतानुसार सचेत गराउने प्रदेश मन्त्रिपरिषद् र प्रदेशसभालाई बढीमा ६ महिनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ" भनिएको छ। यसरी निलम्बन वा विघटन गरेकोमा (धारा २३२ (४) को व्यवस्थानुसार) त्यस्तो कार्य पैँतीस दिनभित्र सङ्घीय संसदको तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट अनुमोदन गराउनुपर्ने धारा २३२(५) अनुसार त्यसरी गरिएको विघटनसम्बन्धी कार्य सङ्घीय संसदबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा ६ महिनाभित्र प्रदेश सभाको निर्वाचन हुने तर सङ्घीय संसदबाट अनुमोदन नभएमा त्यस्तो निलम्बन वा विघटनसम्बनधी कार्य स्वत: निस्कृय हुने व्यवस्था गरिएको छ। हालको तरल स्थितिलाई मध्यनजर गर्दा केन्द्र कमजोर हुनु उपर्युक्त देखिँदैन। संयुक्त राष्ट्र अमेरिकामा पनि अमेरिकी गृह युद्धपश्चात् र राष्ट्रपति युद्धका लागि खर्च जुटाउनुपर्ने जस्ता कारणले गर्दा सङ्घ मजबुत हुँदै गइरहेको छ। स्वीस महासङ्घीय व्यवस्थामा क्यान्टनलाई पूर्ण स्वाधीन बनाइएको स्थितिमा पनि विश्वको आवश्यकतानुसार केन्द्र बलियो हुँदै गइरहेको वर्तमान प्रवृत्ति देखिन्छ। स्थिर लोकतन्त्र नभए पनि नेपाली केन्द्रीय सरकार कमजोर हुनु उपयुक्त देखिँदैन। त्यसैले यस व्यवस्थालाई नकारात्मक व्याख्या गरिनु हालको

परिप्रेक्ष्यमा जायज देखिँदैन। सङ्घीयताको नवीन अनुभवका कारणले पनि यो केही दशक जायज देखिन्छ।

**नेपाली सङ्घीयताका आधार**

नेपालमा सङ्घीयताको आवाज/माग सन् १९९० को दशकमा चलेको माओवादी सशस्त्र द्वन्द्व र त्यसपछिको मधेस आन्दोलनले चर्को रूपमा उठाएको हो। हुनत: २०१५ (१९५९) को प्रथम आमनिर्वाचनताका बेदानन्द झाको नेतृत्वमा रहेको नेपाल तराई काङ्ग्रेसले पनि यस अवधारणा उठाएको थियो। मधेस आन्दोलन र जनजाति आन्दोलनले यसलाई उठायो। २०६२/६३ को आन्दोलनपश्चात विदेशी शक्तिले पनि धर्म निरपेक्षता, सङ्घीयता र गणतन्त्रको नारालाई प्रश्रय दिए। नेपालको अन्तरिम संविधान, २०६३ निर्माणताका, प्रथम र द्वितीय संविधान सभा निर्वाचनताका सङ्घीयताको आवाज बढी बुलन्द हुन पुगेको हो। अन्नत: २०७२ को संविधानले यसलाई मूर्तरूप दिनपुग्यो। सङ्घीयताको मूल आधारमा सामाजिक, सांस्कृतिक, राजनीतिक, ऐतिहासिक, मनोवैज्ञानिक, धार्मिक, भाषिक आदि तत्व या समाजलाई एकताबद्ध/एकताको शुत्रमा बाँध्ने तत्वको भूमिका हुने गर्दछ।

**नेपाली सङ्घीयताका विभिन्न आयाम**

नेपालमा सङ्घीय व्यवस्थाको प्रयोगका सन्दर्भमा अध्ययन गर्दा सङ्घीयताका विभिन्न आयामहरूको अध्ययन पनि आवश्यक भएकाले यहाँ यसका संवैधानिक, राजनीतिक, आर्थिक, वित्तीय, प्रशासनिक, न्यायिक, सुरक्षागत आदि विविध आयाम बारे चर्चा गरिएको छ:

*(१) संवैधानिक आयाम:* नेपालको संविधान, २०७२ अनुसार नेपालमा सङ्घीय व्यवस्थाको प्रयोग भएकाले संविधानले यसका लागि आवश्यक पर्ने सबै संवैधानिक व्यवस्था गरेको छ। संविधानले प्रष्ट रूपमा तीन तहको सरकार केन्द्रीय, सङ्घीय, प्रदेश र स्थानीय निकाय सरकारको व्यवस्था गरी यिनीहरूबीच प्रष्ट अधिकारको बाँडफाँड समेत अनुसूची ५-९ मा गरेको छ। सङ्घीय (भाग १०), प्रदेश (भाग १६) र स्थानीय आर्थिक कार्यप्रणाली (भाग १९) का विषयमा प्रष्ट व्यवस्था गर्दै यिनीहरूबीच (तीन तहबीच) को अन्तरसम्बन्ध (भाग २०) का विषयमा समेत चर्चा गरेको छ। सङ्क्षेपमा भन्ने हो भने वर्तमान संविधानले नेपालमा सङ्घीयता कार्यान्वयनका लागि आवश्यक संवैधानिक व्यवस्था गरेको छ।

*(२) राजनीतिक आयाम:* संविधानमा वर्णित सङ्घीयतालाई कार्यान्वयन गर्ने क्रममा रूपान्तरित व्यवस्थापिका संसदले विभिन्न कानुन बनाउने कार्य गऱ्यो र सरकारले निर्वाचन आयोगलाई सकारात्मक सहयोग पुऱ्याएका कारण चरणबद्ध रूपमा तीनै चरणको निर्वाचन कार्य सम्पन्न भयो जसले गर्दा तीनै तहमा सरकार गठन गर्न सहज भयो। राजनीतिक हिसाबले तिनी चरण संविधानत: कार्यरत रहेको छन्।

*(३) आर्थिक आयाम/ आर्थिक/ वित्तीय सङ्घीयता:* नेपालमा सङ्घीय व्यवस्थाको प्रयोग गर्ने सन्दर्भमा तीनै तहको सरकारबीच प्रष्ट आर्थिक अधिरकाको बाँडफाँड भएको छ। अनुसूची ५-९ मा तिनैले एकाधिकार गर्न पाउने र साझा सूची समावेश गरिएको छ। भाग १० मा सङ्घीय आर्थिक कार्यप्रणाली शीर्षकअन्तर्गत धारा ११५-१२५ मा सङ्घीय सरकारले गर्ने आर्थिक कार्यहरूका विषयमा उल्लेख छ भने भाग १६ को प्रदेश आर्थिक कार्यप्रणाली शीर्षकअन्तर्गत धारा २०३ देखि २१३ सम्मका संवैधानिक व्यवस्था प्रदेशको आर्थिक अधिकारका विषयमा उल्लेख छ। वित्त आयोग शीर्षकको धारा २५१ का ३ उपधाराले केन्द्र, प्रदेश र स्थानीय सरकारबीच प्राकृतिक स्रोत बाँडफाँडको विषयमा आयोगको काम, कर्तव्य र अधिकारको विषयमा चर्चा गरिएको छ।

*(४) सङ्घीयताको न्यायिक आयाम:* नेपालको सङ्घीयताको न्यायिक आयाम पनि महत्त्वपूर्ण रहेको छ। सङ्घीय संविधान, २०७२ कार्यान्वयन पूर्व नै न्यायिक क्षेत्रले ५ प्रदेशमा पुनरावेदन अदालतको सट्टा उच्च अदालतको व्यवस्था गरेको छ र सङ्घीय व्यवस्थाको न्यायिक आधार खडा गरिदिएको छ। तर केही उच्च अदालतका सर्भिस बेन्चका रूपमा/शाखाका रूपमा अन्यत्र इजलास कायम गरिएका छन्। प्रदेश नं. ३ को पाटन उच्च अदालतको इजलास हेटौँडामा राखिएको छ।

*(५) सङ्घीयताको प्रशासनिक आयाम:* सङ्घीयता कार्यान्वयनका सिलसिलामा केन्द्रीयस्तरमा रहेका कर्मचारीहरूलाई प्रदेश र स्थानीय निकायमा समेत पुऱ्याउन सरकारले विभिन्न ऐनहरू तर्जुमा गरी कार्यान्वयन गरेर तीनै तहमा कर्मचारीको व्यवस्थापन समेत गरिसकेको छ। तर पनि केन्द्रमा रहेको कर्मचारीहरू कुनै एक दुर्गम गाउँपालिकामा जान आनाकानी गरिरहेको, पदोन्नति गरेमात्रै जाने अडान समेत लिइरहेका छन्।

*(६) सुरक्षागत आयाम:* नेपाली सेनाले परिवर्तित राजनीतिक सन्दर्भअनुसार आफूलाई सहजरूपमा ढाली ५ विकास क्षेत्रमा रहेका पृतनापतिलाई ७ प्रदेशमा स्थापना गरी सङ्घीयता कार्यान्वयनका लागि सकारात्मक वातावरण सृजना गरिदिएको छ।

**केन्द्रीय/सङ्घीय, प्रदेश र स्थानीय सरकारका काम, कर्तव्य र अधिकार**

नेपालमा तीनै तहको निर्वाचन सम्पन्न भई तीनै तहमा सरकार गठन भएर तीनै तहले कार्य गर्न प्रारम्भ गरेदेखि नेपालमा प्रदेश सरकारको अधिकार कम भएको, केन्द्र र स्थानीय सरकारको मात्र भूमिका बढी देखिएकाले यसै आधारमा नेपालमा नवीन द्वन्द्व, सुरुवात हो कि भन्ने मनस्थितिले प्रश्रय पाउँदै गएको सन्दर्भमा यहाँ तीनै तहका काम, कर्तव्य र अधिकार छुट्टाछुट्टै अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ।

**केन्द्रीय/सङ्घीय सरकारको काम, कर्तव्य, अधिकार र भूमिका**

विश्वको एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुक, स्वतन्त्र अन्तर्राष्ट्रिय व्यक्तित्व भएको मुलुक भएकाले संविधानवादको सिद्धान्त अनुसार विश्वका अन्य सङ्घीय मुलुकका केन्द्रीय/सङ्घीय सरकारले प्रयोग गर्न पाउने सबै अधिकार नेपालको केन्द्रीय/सङ्घीय सरकारले पनि प्रयोग गर्न पाउने देखिन्छ। वर्तमान संविधान, २०७२ को अनुसूची ५ मा सङ्घले मात्र एकाधिकार गर्न पाउने ३५ सूचीकृत अधिकारको व्यवस्था गरिएको छ। अनुसूची ७ ले सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत २५ अधिकारमाथि पनि केन्द्रलाई हिस्सेदार बनाएकोले केन्द्रीय

सरकारको हातमाथि नै देखिन्छ। स्वतन्त्र राज्यको केन्द्रीय सरकार भएकाले केन्द्र अधिकार सम्पन्न नै देखिन्छ। केन्द्र शक्तिशाली बन्दै जाने प्रवृत्ति अमेरिकी सङ्घीय र स्वीस महासङ्घीय व्यवस्थामा पनि देख्न सकिन्छ।

**प्रदेश सरकारको भूमिका, काम, कर्तव्य र अधिकार**

केन्द्र र स्थानीय सरकारको बीचमा रहेको प्रदेश सरकारको भूमिका र काम, कर्तव्य र अधिकारको विषयमा वर्तमान संविधानले व्यवस्था गरेको छ। संविधानको अनुसूची ६ मा प्रदेश अधिकारको सूची शीर्षकमा २१ विषय सूचीकृत गरिएका छन्। जसलाई प्रदेशका मूल कार्य मान्न सकिन्छ। अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकारको सूची शीर्षकमा २५ विषयमा प्रदेशको एकलौटी पुग्दैन। प्रदेशले सङ्घसँग साझेदारी गर्नुपर्ने हुन्छ। त्यस्तैगरी अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सुचीमा सूचीकृत १५ विषय प्रदेशले स्थानीय तहको र सङ्घसँग साझेदारी गर्नुपर्ने देखिन्छ।

**स्थानीय तहको काम, कर्तव्य, अधिकार र भूमिका**

नेपालको संविधान २०७२ ले केन्द्रीय प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकारको व्यवस्था गरेको छ र यिनीहरूको अधिकार र क्षेत्राधिकारको बाँडफाँड र विभाजन गरेको छ। वर्तमान संवैधानिक व्यवस्थाअनुसार स्थानीय तहको व्यवस्था भएको छ। त्यस संविधान घोषणा पूर्व स्थानीय निकाय भनिएकोमा वर्तमान संविधानले यसलाई स्थानीय तहमा रूपान्तरित गरेको छ। स्थानीय विकास मन्त्रालयले वडाले प्रयोग गर्ने ३७ अधिकारको सूची प्रकाशित गरेको छ। स्थानीय तह सञ्चालनसम्बन्धी आदेश २०७४ ले यिनीहरूलाई कार्य गर्न सहज बनाइदिएको छ। स्थानीय तहको अधिकारको सूची नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लेख भएअनुसार स्थानीय तहले २२ ओटा अधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ।

**स्थानीय आर्थिक कार्यप्रणाली**

नेपालको संविधान २०७२ को भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली शीर्षक अन्तर्गतका तीन धारामा (धारा २२८-२३०) मा कर लगाउन वा ऋण लिन नपाइने (कानुन बमोजिम बाहेक) स्थानीय सञ्चितकोष र गाउँपालिका र नगरपालिकाको राजस्व र व्ययको अनुमान आदि विषयमा क्रमशः व्यवस्था गरिएका छन्। धारा २२८ मा कानुन बमोजिम बाहेक कर लगाउन, उठाउन र ऋण लिन नपाइने, स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही कानुन बनाइ कर लगाउन पाउने व्यवस्था गरिएको छ। धारा २२९ अनुसार स्थानीय सञ्चित कोषमा गाउँपालिका र नगरपालिकाका सम्पूर्ण स्रोतबाट प्राप्त हुने अनुदान र रकम जम्मा हुने र स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्चसम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ। धारा २३० अनुसार गाउँपालिका र नगरपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानुनबमोजिम गाउँसभा र नगरसभामा पेश गरी पारित गराउनुपर्ने व्यवस्था रहेको छ। गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा सङ्घीय कानुन र प्रदेश कानुन बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नुपर्ने व्यवस्था रहेको छ।

**सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध**

सङ्घीय प्रणालीको अध्ययन गर्ने क्रममा यी तीनै तहका सरकारबीच विद्यमान अन्तरसम्बन्धको अध्ययन गर्नु पनि आवश्यक हुन्छ। नेपालले अपनाएको सङ्घीय व्यवस्थाको प्रारूप सहयोगात्मक सङ्घीयता/समन्वयात्मक प्रारूपको सङ्घीयता भएकाले तीनै तहले मिलेर कार्य गर्नुपर्ने र तीनैलै आफूलाई एकअर्काका प्रतिस्पर्धीका रूपमा लिन नहुने कुरा स्वीकार्नुपर्ने हुन्छ।

सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धका विषयमा नेपालको संविधान, २०७२ को भाग २० को धारा २३१-२३७ मा व्यवस्था गरिएको छ। धारा २३२ का ८ उपधारामा ३ तहबीचको सम्बन्धमा चर्चा

**सङ्घीय व्यवस्था नेपालका लागि नवीन अभ्यास भएकोले यसमा अनेक तलमाथि हुनु अस्वभाविक होइन। तर पनि विस्तारै गर्दै जाँदै सिक्ने र विगतका इतिहासबाट पाठ सिक्ने त्यस्ता गल्ती पुनः नदोहोऱ्याउने र विश्वका अन्य सङ्घीय अभ्यास भएका मुलुकबाट सिक्ने प्रवृत्तिलाई विकास गर्दै लग्नुपर्ने हुन्छ। तीनै सरकारमा रहेको जिम्मेवार सरकारी निकायबाहेक निजी क्षेत्र, सार्वजनिक क्षेत्र नागरिक समाज, सञ्चारमाध्यम, दल, दबाव र हित समूह, प्राध्यापक, शिक्षक, बुद्धिजीवी, वर्गीय र व्यवसायिक सङ्गठन, राजनीतिक दलका भगिनी सङ्गठन, सर्वसाधारण जनता सबैले सकारात्मक सोच विकास गरी सङ्घीयतालाई सफल बनाउने कार्यमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सङ्क्रमणकालीन अवस्थामा समस्या नआउने होइनन्। विश्वको सफल र आर्थिक हिसाबले समृद्ध देश संयक्त राष्ट्र अमेरिकाको सङ्घीयतामा पनि त्यहाँ भएको गृहयुद्धताका समस्या नदेखिएका होइन। तरसमस्याको विस्तारै निराकरण गरिँदै लगिनुपर्छ।**

गरिएको छ। धारा २३२(१) मा यी तीन तहबीचको सम्बन्ध "सहभागिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने" बताइएको छ। धारा २३५ मा यी तीन तहबीचको समन्वयबारे चर्चा गरिएको छ। यस्तो समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानुन बनाउने र प्रदेश, गाउँपालिका वा नगरपालिकाबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी यस्तो विवादको समाधान गर्न सक्ने व्यवस्था गरिएको छ।

**नेपालमा सङ्घीय व्यवस्थाका अवसर र सबल पक्ष**

सङ्घीय व्यवस्थाले नेपालमा थुप्रै अवसरका ढोका खोली दिएको छ। गर्छु भन्ने प्रतिबद्धता लिएका नेतृत्वका लागि यसले थुप्रै अवसर प्रदान गरेको छ। जसलाई अध्ययनका सुगमताको दृष्टिकोण निम्न बुँदागत रूपमा प्रस्तुत गरिएको छः

***राजनीतिक अवसर र सबल पक्षः*** नेपालको विगतको केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले विभिन्न दृष्टिकोणले विभिन्न प्रकारका विभेद र उत्पीडनलाई प्रोत्साहन गरेकोमा अब सङ्घीय व्यवस्थाले केन्द्रीय सरकार, ७ प्रदेश सरकार र स्थानीय सरकार (नगरपालिका, गाउँपालिका र जिल्ला समन्वय समिति) को प्रष्ट व्यवस्था गरी वर्तमान संविधानको अनुसूचीहरूमा यिनीहरूको अधिकारको प्रष्ट सूचीको व्यवस्था गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (अनुसूची १ देखि ४ सम्म मात्र अन्य कुरा रहेको छ) समावेश गरेर तीनैतहलाई काम गर्ने ढोका पूर्ण रूपमा खोली दिएको छ। सङ्घीयताकै माध्यमबाट स्थानीय नेतृत्वको विकास हुन पुगेको छ। स्थानीय प्रजातन्त्रले फष्टाउने अवसर प्राप्त गरेको छ।

**आर्थिक अवसर र सबल पक्ष**

सङ्घीय व्यवस्थाले तीन तहको अधिकार सम्पन्न सरकारको व्यवस्था गरेर विद्यमान आर्थिक साधन र स्रोतको परिचालन गर्न, स्थानीय जनताका विकास आवश्यकता, प्राथमिकता र चाहना अनुसार विकास कार्य गर्न र स्थानीय जनताको आर्थिक अवस्थामाथि उठाउने नवीन आर्थिक अवसर प्रदान गरेको छ। अनुसूची ७ अनुसार सङ्घ र प्रदेशको अधिकारको सूचीमा २५ अधिकार अनुसूची ८ अनुसार स्थानीय तहको अधिकारको सूचीमा २ अधिकार र अनुसूची ९ को सङ्घ प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा १५ अधिकार सूचीकृत गरिएका छन्। यसले प्रदेश र स्थानीय तहको सबैलाई आर्थिक हिसाबले सबल बनाउने लक्ष्य लिएको छ।

**सामाजिक, सांस्कृतिक अवसर र सबल पक्ष**

कुशलतापूर्वक राज्य व्यवस्था सञ्चालन (तीनै तहमा) गर्न सकिएमा सङ्घीयता नेपालमा सामाजिक, सांस्कृतिक एकता र सद्भाव/सहयोग प्रवर्द्धन गर्न र सही अर्थमा ४ जात ३६ वर्णको साझा फूलबारी बनाउने कार्यमा एक बरदान सावित हुन सक्छ। प्रदेश र स्थानीय अधिकार सम्पन्न निकाय/सरकारसमेत भएकाले पिछडिएका शोषित, पीडित, पछाडि पारिएका वर्गलाई विशेष कार्यक्रम र नीतिमार्फत अगाडि ल्याउन सकिन्छ र उनीहरूलाई माथि उठाउन सकिन्छ। मृत अवस्था/लोपोन्मुख अवस्थामा रहेका भाषाभाषिका, लोपोन्मुख अवस्थामा रहेका संस्कृति आदिलाई गाउँ/नगरपालिकाले विशेष कार्यक्रममार्फत संरक्षण र संवर्द्धन गर्न सक्छन्। हरेक जाति, जनजाति, दलित सबैले आफ्ना भाषा, धर्म, संस्कृति, रीतिरिवाज, रहनसहन आदिलाई संरक्षण विकास गर्ने अवसर प्राप्त गर्ने गर्दछन्।

**सङ्घीय व्यवस्थाका चुनौती/समस्या**

नेपालमा सङ्घीय व्यवस्थामार्फत प्राप्त गर्न सकिने सबल पक्षका विषयमा चर्चा गरिए तापनि यसका पनि अनेक चुनौती/समस्या भने नभएका होइनन्। यस्ता चुनौती/समस्यालाई अध्ययनको सुगमताका दृष्टिकोणले निम्न बुँदागत रूपमा प्रस्तुत गरिएको छः

(१) ***राजनीतिक चुनौती/समस्याः*** केन्द्र र प्रदेशबीच सुमधुर सम्बन्ध भएको अवस्थामा सङ्घीयता क्षेत्रीय, भाषिक, जातीय, मूल्य मान्यतागत एकता कायम गर्ने एक सशक्त साधन बन्न सक्छ। यी दुईबीच विवाद हुँदा जनताले अनावश्यक पीडासमेत भोग्नुपर्छ। भारतमा केन्द्रमा काङ्ग्रेसको र पश्चिम बङ्गालमा ज्योति वसुको कम्युनिष्ट सरकार हुँदा स्थिति असहजसमेत देखिएको थियो। दलहरूबीच र दुवै तहका सरकारबीच विवाद हुँदा नयाँ द्वन्द्वले स्थान पाउन सक्छ। दुई तहको सरकारबीच द्वन्द्व बढेमा केन्द्रीय सरकार कमजोर हुन सक्छ र राजनीतिक स्थायित्व पनि नहुन सक्छ। विदेशी मुलुकबाट हुने हस्तक्षेपलाई समयमै उचित जवाफ दिनुपर्ने देखिन्छ।

(२) ***आर्थिक चुनौती/समस्याः*** सङ्घीय व्यवस्था नेपालजस्तो अल्प विकसित र भूपरिवेष्ठित मुलुकका लागि अत्यतै ठूलो भार हो। लोकतन्त्रलाई पैसामा तौलन नमिल्ने र नहुने भए तापनि मुलुकको आर्थिक अवस्था सुधार्न नसक्ने अवस्थामा भएमा या देशभित्रबाटै सङ्घीय सरकारका लागि खर्च जुटाउन सक्ने अवस्था भएमा या देशभित्रबाटै सङ्घीय व्यवस्था नेपालमा नचल्ने अवस्थामा पनि हुन सक्छ। सङ्घीयता एक खर्चिलो व्यवस्था हो। नेपाली जनतामाथि तीन तहका सरकारले लादेको करको भारले मात्र सङ्घीयतामा टिकाउ हुन सक्तैन। सम्पन्न र अति विपन्न क्षेत्रीय आर्थिक सन्तुलन, सन्तुलित विकास कायम गर्नु एक गम्भीर चुनौती हो। धनी प्रदेशबाट राज्यले आम्दानी खिची केन्द्रीय कोषबाट विपन्न क्षेत्रमा लगानी गर्नुपर्ने अवस्था आउन सक्छ।

(३) ***सामाजिक, सांस्कृतिक चुनौती र समस्याः*** विद्यमान सामाजिक सांस्कृतिक सद्भावलाई प्रवर्द्धन गर्ने नसकी सङ्कुचित सोच बोकेर हिँडेको अवस्था जातीय युद्ध समेत भएका अनेक घटना (इथियोपिया, सुडान आदिमा) समेत नदेखिएका होइनन्। त्यसैले नेपालका सबै

सामाजिक, सांस्कृतिक, भाषिक, जातीय समूहले यस्तो जातीय द्वन्द्व नहोस् भन्नका लागि विशेष विवेक र सहनशीलताको भावना विकास गर्नुपर्ने देखिन्छ।

(४) ***धार्मिक चुनौतीः*** धार्मिक, मूल्य र मान्यतामा आघात हुने गरी मुद्दा उठाइएमा (पूर्वी पहाडमा खुला रूपमा गाई काट्न पाउनुपर्छ भन्ने जस्ता) यसले समाजमा द्वन्द्व समेत विकसित हुन सक्छ। धार्मिक सद्भाव, सहिष्णुता र सहयोगलाई चुनौती दिने तत्वलाई समयमै निरुत्साहित गरिनुपर्ने हुन्छ।

(५) ***प्रशासनिक चुनौतीः*** प्रदेशको सरकारले पनि प्रदेश सभामा प्रदेशका लागि कानुन बनाउन पाउने हुनाले सङ्घीय व्यवस्थाको प्रशासनमा एक रूपमा नहुने समेत हुने हुन्छ।

(६) ***मनोवैज्ञानिक चुनौतीः*** प्रदेशमा नेपाल सङ्घ विभाजित हुनुको अर्थ सङ्घलाई स्वायत्तता दिन खोजिएको मात्र भएकाले यसलाई नकारात्मक अर्थमा व्याख्या गरिनु हुँदैन। हामी सबै नेपाली हौँ भन्ने सोच विकसित गरी सबैलाई नेपाली राष्ट्रियताभित्र समेटिनु पर्ने हुन्छ।

(७) ***सुरक्षा चुनौतीः*** एक देश ७ प्रदेशमा विभाजित हुँदा स्वभाविक रूपले सुरक्षा चुनौतीमा वृद्धि हुने गर्दछ। तर पनि विस्तारै यस्ता समस्यालाई निराकरण गरिँदै लगिनुपर्ने हुन्छ।

**सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सफल बनाउन पुरा गर्नुपर्ने दायित्व/कर्तव्य**

ठूलो लगानी र लामो परिश्रमपश्चात् नेपालले प्रयोग गर्न सफल भएको सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई कसरी दिगो र सफल बनाउने त्यसबारे सबै सरोकारवालाहरूले सोच्ने बेला आएको छ। सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई सफल बनाउन, सरकारी, सार्वजनिक र निजी क्षेत्र सबै आफ्नो क्षेत्रबाट उत्साहजनक रूपमा दायित्व बहन गर्नुपर्ने हुन्छ।

**संवैधानिक/कानुनी सुझाव**

संविधान संशोधन गर्दा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। प्रदेशले कानुन निर्माणमा गर्दा, स्थानीय तहले निम्ति निर्धारण गर्दा संवैधानिक र विद्यमान कानुनी मूल्य मान्यतालाई जगेर्ना गरेर मुलुकमा एकता हुने प्रयोजनले गर्नुपर्ने हुन्छ।

सङ्घीयतासम्बन्धी अभ्यास नेपालका लागि एक नवीन विषय भएकाले विश्वका विभिन्न सङ्घीय मुलुकहरूले यसलाई कसरी प्रयोग गरे के कस्ता कमी कमजोरीहरू देखिए, त्यस्ता कमजोरी कसरी हटाइए भन्ने बारे जानकारी राख्नु इतिहासबाट पाठ सिक्नु नेपालीका लागि जरुरी देखिन्छ।

विश्वका विभिन्न मुलुकमा सङ्घीयताको अभ्यास आफ्नै किसिमले भइरहेका छन्। केही मुलुकमा सङ्घीयता अत्यन्तै सफल भएका सफलताका कथा रहेका छन्। केही मुलुकले कुनै किसिमले धानिरहेका छन्। केही सङ्घीय व्यवस्था धान्न नसकी पर्ने एकात्मक पद्धतिमा फिर्ता भएका छन्। साधारणतः विश्वमा २५ मुलुकमा सङ्घीय व्यवस्था रहेको छ जसले विश्वको लगभग ४० प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गर्दछ।

सङ्घीयतालाई सफल बनाउन सङ्घीयताका पूर्वाधार या पूर्वसर्त विद्यमान रहेको देखिन्छ। यी मुलुकका आर्थिक स्थितिले यसलाई मूलरूपमा निर्धारण गरेको देखिन्छ। सोभियत सङ्घ अमेरिकी कुटनीति र गोर्वाचोभको नीतिका कारण १५ राज्यमा टुक्रिन पुऱ्यो। चिनियाँहरूले यस विखण्डनको पछाडि आर्थिक कारण र कमजोर रुसी अर्थतन्त्र जिम्मेवार ठानिएमा चीनमा आर्थिक विकासमा अत्यधिक जोड दिएका छन्। युगोस्लाभिया जस्ता मुलुक विखण्डन हुने कारणमा अन्य कारणका अतिरिक्त आर्थिक कारण पनि जिम्मेवार देखिन्छन्। अफ्रिकाका सङ्घीय मुलुकले आर्थिक कारण पनि (जातीय पनि छन्) मूल रूपमा भोगेका छन्।

नेपालमा सङ्घीयतालाई सफल बनाउन यी मुलुकबाट विशेष पाठ सिक्नुपरेको छ र आर्थिक मितव्ययितालाई प्रोत्साहन गर्दै भ्रष्टाचार र आर्थिक अनियमिततालाई निरुत्साहन गर्दै सुशासन कायम गर्ने प्रोत्साहन दिनुपर्ने देखिन्छ।

**निष्कर्ष**

सङ्घीय व्यवस्था नेपालका लागि नवीन अभ्यास भएकोले यसमा अनेक तलमाथि हुनु अस्वभाविक होइन। तर पनि विस्तारै गर्दै जाँदै सिक्ने र विगतका इतिहासबाट पाठ सिक्ने त्यस्ता गल्ती पुनः नदोहोऱ्याउने र विश्वका अन्य सङ्घीय अभ्यास भएका मुलुकबाट सिक्ने प्रवृत्तिलाई विकास गर्दै लग्नुपर्ने हुन्छ। तीनै सरकारमा रहेको जिम्मेवार सरकारी निकायबाहेक निजी क्षेत्र, सार्वजनिक क्षेत्र नागरिक समाज, सञ्चारमाध्यम, दल, दबाव र हित समूह, प्राध्यापक, शिक्षक, बुद्धिजीवी, वर्गीय र व्यवसायिक सङ्गठन, राजनीतिक दलका भगिनी सङ्गठन, सर्वसाधारण जनता सबैले सकारात्मक सोच विकास गरी सङ्घीयतालाई सफल बनाउने कार्यमा सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। सङ्क्रमणकालीन अवस्थामा समस्या नआउने होइनन्। विश्वको सफल र आर्थिक हिसाबले समृद्ध देश संयक्त राष्ट्र अमेरिकाको सङ्घीयतामा पनि त्यहाँ भएको गृहयुद्धताका समस्या नदेखिएका होइन। तरसमस्याको विस्तारै निराकरण गरिँदै लगिनुपर्छ।

**सन्दर्भ**

नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुनी किताब व्यवस्था समिति (२०७३) नेपालको संविधान, २०७२, काठमाडौँ

दाहाल, रामकुमार (२०७४) "स्थानीय तहको निर्वाचन, २०७४ र यसको सन्देश" प्राची (इन्सेक), पूर्णाङ्क ९२, साउन २०७४, पृपृ ७-१५

दाहाल, रामकुमार (२०७४) "नेपालमा निर्वाचनको राजनीति" सोपान (मासिक) वर्ष १४, फागुन २०७४, पृपृ ३-२१

विश्लेषण



गोपालप्रसाद रिजाल[१]

# सङ्क्रमणकालीन न्यायनिरुपणमा सरकारी वकिलको भूमिका

**१. सङ्क्रमणकालीन न्यायको अवधारणा**

कुनै पनि समाजले युद्ध वा सशस्त्र द्वन्द्वलाई सहज रूपमा लिन सक्दैन। तथापि राजनीतिक व्यवस्था वा शासन परिवर्तनका लागि जनताले आन्दोलन, युद्ध वा विद्रोह हुने गर्छ। गतिशील समाजमा द्वन्द्व स्वभाविक मानिन्छ र यसले नकारात्मक मात्र होइन सकारात्मक परिणामहरूको पनि सिर्जना गर्ने भएकाले कतिपय अवस्थामा द्वन्द्वलाई अपरिहार्य आवश्यकताको कोणबाट ग्रहण गर्ने वा अर्थ लगाउने प्रयाससमेत भएको हुन्छ। जे सुकै उद्देश्य वा कारणले सशस्त्र द्वन्द्व वा युद्ध भएको किन नहोस् तिनको आडमा मानव अधिकार र मानवीय संवेदनालाई उल्लङ् घन गर्ने छुट कसैलाई हुँदैन।

सशस्त्र द्वन्द्व वा युद्ध पश्चात पुरानो व्यवस्था परिवर्तन भई नयाँ व्यवस्था वा नयाँ शासन पद्धति नबस्दासम्मको अवस्थालाई सङ्क्रमणकालीन अवस्था भनिन्छ। सङ्क्रमणकालमा पुरानो सत्ता मृत भइसकेको हुन्छ तर नयाँ सत्ताको जग भने बसिसकेको हुँदैन। यस्तो परिस्थितिमा राज्यका अङ्ग, प्रचलित ऐन कानुनहरू र लागु गर्ने निकाय पनि प्रभावित भई परिवर्तित परिस्थिति र सबै खालका सङ्क्रमणकालीन घटनाहरूको सम्बोधन गर्न नसक्ने अवस्थामा रहेका हुन्छन्। यस्तो अवस्थामा सङ्क्रमणकालीन न्यायले काम गरेको हुन्छ। सङ्क्रमणकालीन न्याय सशस्त्र द्वन्द्वका पीडितहरूको मानव अधिकार हो। जसले विगतमा भएका मानव अधिकार हनन्का घटनाहरूको सम्बोधन गरी देशलाई दिगो शान्ति र मेलमिलापतर्फ उन्मुख गराउँछ। सशस्त्र द्वन्द्व क्रममा भएका हरेक कृयाकलापमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको निगरानी, नियमन र उपस्थिति रहेको हुन्छ। निश्चित राजनीतिक उद्देश्यका साथ वा राज्यमा बृहत् परिवर्तनको साझा उद्देश्य लिएर विद्रोही पक्षले र तत्कालीन कानुन र शासकको आदेशमा राज्य पक्षबाट भएका हरेक कृयाकलापलाई विशुद्ध फौजदारी कानुनको आँखाले हेर्न मिल्दैन। तर सशस्त्र द्वन्द्वकालमा राष्ट्रिय कानुनको अतिरिक्त अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र मानवीय कानुन विपरीत भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूलाई भने क्षम्य र दण्डहीनताको अवस्थामा रहन दिनु हुँदैन भन्ने विश्वव्यापी मान्यता रही आएको छ।

सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लङ् घनको विषय कुनै मुलुक वा देशको मात्र चासो र स्वार्थको विषय नभई समग्र विश्वको साझा सरोकार निहित रहेको अर्थात विश्वयापीकरणको अविभाज्य र अक्षुण्ण एजेण्डा हुन पुगेको छ। त्यसैले दण्डहीन संस्कृतिको अन्त्य र पीडितलाई परिपूरणको व्यवस्था गर्न, मानव अधिकार उल्लङ्घनको अन्त्य गरी न्यायपूर्ण समाज पुन:स्थापना गर्न, कानुनी शासनको स्थापना गरी दोषी उपर कारबाही गर्न, न्यायिक संरचना, सुरक्षा प्रणाली र प्रशासकीय संरचना सुधार गरी हिंसात्मक द्वन्द्व हुन नदिने परिस्थिति सृजना गर्न सङ्क्रमणकालीन न्यायको आवश्यकता पर्दछ। यो न्याय व्यवस्था युद्ध वा द्वन्द्वको समाप्तिपछि विगतमा भएका मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनसम्बन्धी विषयलाई समाधान गर्न राज्यले अवलम्बन गर्ने न्यायिक वा न्यियकइतर पद्धतिको रूप हो। यसमा पूर्ण न्यायिक प्रणालीका सिद्धान्तलाई भन्दा व्यवहारिक र समस्या समाधानका लगि प्रयोग गरिने अन्य उपायहरू समेत प्रयोग गरिन्छ। यसबाट मेलमिलाप हुने र पुराना द्वन्द्वका घाउहरूलाई समाप्त गरी नयाँ र विकसित परिस्थिति अनुकूल बनाउन प्रयास गरिन्छ। सङ्क्रमणकालीन न्याय भित्र प्रमुख रूपमा पीडित पक्षले सत्य थाहा पाउने, दोषी उपर कानुनी कारबाही चलाउने, पीडितको परिपूरण गर्ने, मेलमिलाप लगायत संस्थागत सुधार गर्ने विषयहरू पर्दछन्।

**२. अन्तर्राष्ट्रिय अभ्यास**

सङ्क्रमणकालीन न्यायको अवधारणा दोस्रो विश्वयुद्धपछि विकसित भएको हो। द्वन्द्व र युद्धबाट क्षतविक्षत भएको सम्बन्ध, संरचना र न्यायिक प्रणालीलाई नयाँ र विकसित अवस्थामा रूपान्तरण गर्नका लागि यो प्रणाली विकसित गरिएको हो। सत्य निरूपण, मेलमिलाप र सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित आयोगहरूको अन्तर्राष्ट्रिय अभ्यासमा एकरूपता पाइँदैन। अहिलेसम्म विश्वका विभिन्न ४२ वटा देशहरूमा सत्य निरूपण र मेलमिलापसम्बन्धी विभिन्न नामका आयोग र समितिहरू गठन गरिएको भन्ने तथ्याङ्क भेटिन्छ। युगान्डादेखि शुरु भएको यस्तो प्रकारको आयोगको अभ्यास नेपालमा बनेको आयोगसम्म आइपुग्दा आयोगको पृष्ठभूमि, प्रकृति, प्रवृत्ति, क्षेत्राधिकार, बनौट, आयोगका सिफारिस र कार्यान्वयनहरूमा एकरूपता पाइँदैन। सङ्क्रमणकालीन न्यायसम्बन्धी हालसम्म बनेका विभिन्न आयोगहरूको कार्यक्षेत्र र नाम समेतमा पनि एकरूपता पाइँदैन। संसारमा सबैभन्दा चर्चा पाएको

१. लेखक सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

दक्षिण अफ्रिकाको आयोगले १८ भागको विस्तृत प्रतिवेदन सार्वजनिक गरेता पनि आयोग समक्ष बयान दिने धेरै जसो दोषीहरूलाई आममाफी दिने सिफारिस गऱ्यो र धेरैले माफीसमेत पाए। विश्वका केही मुलुकहरू जस्तो इष्टटिमोर, हाइटी, कम्बोडिया जस्ता देशहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था (संयुक्त राष्ट्रसङ्घ समेत) का प्रतिनिधिहरू सम्मिलित आयोगहरू निर्माण भएको पाइन्छ। त्यस्ता मिश्रित रूपमा बनेका आयोगहरू समेत पूर्ण सफल भएको पाइँदैन। यसैप्रकार आयोगका प्रतिवेदनहरूको कार्यान्वयन पक्ष समेत सुखद छैन। गठन भएका धेरै आयोगहरू मध्ये थोरै देशका आयोगहरू मात्र आंशिक सफल भएका छन्।

नेपालसँग मिल्ने गरी शान्ति सम्झौता मार्फत निर्माण गरिएको आयोग सियरालियोनको हो। सन् १९९९ मा भएको शान्ति सम्झौता अनुसार सन् २००० मा संसदले कानुन बनाइ गठन भएको उक्त आयोगले दोषीलाई कारबाही गर्ने सहितको विस्तृत प्रतिवेदन बुझाए तापनि सरकार र विद्रोहीबीच सन् १९९९ मा भएको सम्झौताले दोषीलाई माफी दिने व्यवस्था गरेको थियो। तर पुन: शान्ति सम्झौता भङ्ग भएकाले दोषीलाई माफी नदिने गरी एकपक्षीय रूपमा अदालत गठन गरी कारबाही अगाडि बढाइएको छ।

चिलीमा भने दोषीलाई कारबाहीको प्रयत्न गरेको पाइन्छ। तर त्यो पनि विवादरहित भने हुन सकेन। तत्कालीन पिनोसे सरकारका सैनिक प्रमुखहरूलाई कारबाही नगर्न सेना संगठनबाट दवाव आयो। तर सरकार भने कारबाही गर्ने प्रकृयामा दृढ भयो। अर्को तर्फ जनरल पिनोसेको हकमा अन्तर्राष्ट्रिय फौजदारी अदातलले क्षेत्राधिकार ग्रहण गरी कारबाही चलिरहेको छ।

विश्वका धेरैजसो आयोगहरू शक्तिशाली रूपमा गठन भए तापनि कार्य गर्न सक्षम भएनन्। खासगरी धेरै चर्चामा रहेका दक्षिण अफ्रिका, कम्वोडिया, पेरु, मोजाम्बिक, सियरालियोन, इष्ट टिमोर, चिली र नाइजेरियाका आयोगहरू केही शक्तिशाली थिए। तर अन्य मुलुकका आयोगहरूको क्षेत्राधिकार हेर्दा त्यति शक्तिशाली भएको देखिँदैन।

विश्वका विभिन्न भागमा भएका द्वन्द्वको प्रकृति अध्ययन गर्ने हो भने ती द्वन्द्वहरू जातीय, धार्मिक, प्राकृतिक स्रोत र साधन कब्जाका खातिर वा छुट्टै भू-भागको माग राखी भएका हुन् भने नेपालको सशस्त्र द्वन्द्वको प्रकृति नितान्त फरक छ। यसर्थ, नेपालको सशस्त्र द्वन्द्वको पृष्ठभूमि, प्रकृति र परिवेश समेतका आधारमा नेपालको सत्य निरूपण तथा मेलमिलाप आयोगलाई विश्वका कुनै पनि यस्ता आयोगहरूसँग तुलना गर्न मिल्दैन। भिन्न परिवेश र पृष्ठभूमिमा गठन भएकाले नेपालका आयोगले पनि भिन्न चरित्र स्थापना गरी नौलो पद्दति अनुसार कार्य गर्नु अपरिहार्य छ।

**३. नेपालको सन्दर्भ**

राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ मा दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् भन्ने व्यवस्था रहेको छ।

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठनको मुख्य उद्देश्य सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने, समाजमा मेलमिलाप गराई पारस्परिक सद् भाव तथा सहिष्णुताको भावना अभिबृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्ने, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीको सिफारिस गर्नु भएकाले सशस्त्र द्वन्द्वका सबै किसिमका घटनालाई विशुद्ध फौजदारी कानुनको नजरबाट नहेरी कतिपय सामान्य घटनाहरूमा क्षमादान वा मेलमिलाप गराउन सकिने, क्षमादानमा नपरेका वा मेलमिलाप नभएका अन्य गम्भीर प्रकृतिको अपराधमा भने कानुनी कारबाहीको लागि (मुद्दा चलाउन) महान्यायाधिवक्ता समक्ष लेखि पठाउने व्यवस्था ऐनमा छ। तर के कस्ता विषयसँग सम्बन्धित घटना क्षमादानमा परि मेलमिलाप गराउन सकिने हो र के कस्ता गम्भीर प्रकृतिका अपराधका पीडकलाई मुद्दा चलाउन लेखि पठाउने हो ऐनमा स्पष्ट छैन।

**४. सर्वोच्च अदालतले यो विषयमा गरेको व्याख्या र जारी गरेका मार्गदर्शनहरू**

सङ्क्रमणकालीन न्याय नेपालको लागि नयाँ अभ्यास हो। राज्यपक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३ सालमा विस्तृत शान्ति सम्झौता भई १० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य भए पश्चात सो द्वन्द्वसँग सम्बन्धित घटनाको विषयलाई लिएर सर्वोच्च अदालतमा परेका विभिन्न मुद्दाहरूमा सर्वोच्च अदालतले सङ्क्रमणकालीन न्यायका विविध पक्ष र सङ्क्रमणकालीन न्यायिक पद्दतिको विकासमा नेपालले अवलम्बन गर्नुपर्ने विषयका वारेमा सरकारका नाममा निर्देशनात्मक आदेश जारी गर्नुका साथै नेपालमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधिशास्त्रको स्थापना गरेको छ। सङ्क्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतले व्याख्या गरेका केही मुद्दाको दृष्टान्त उल्लेख गरिएको छ:

**अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल समेत विरुद्ध गृह मन्त्रालय समेत,**

रिट नं. ३५५७, आदेश मिति २०६४।२।१८, ने.का.प. २०६४, निर्णय नं. ७८१७

बन्दिप्रत्यक्षीकरणको यस रिट निवेदनमा व्याख्या गर्दै बलपूर्वक बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई मार्गदर्शनको रूपमा ग्रहण गरी बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको संरक्षणसम्बन्धी छुट्टै कानुन बनाउन र बलपूर्वक बेपत्ता बनाइएका व्यक्तिहरूको सम्बन्धमा जाँचबुझ गर्न छुट्टै आयोग गठन गर्न नेपाल सरकारका नाममा आदेश जारी गरेको।

**लिलाधर भण्डारीसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत,**

२०६४ को रिट नं. ०८६३, आदेश मिति

२०६५।९।२३, ने.का.प. २०६५ नि.नं. ८००२

सङ्क्रमणकालीन न्यायका अवधारणागत पक्षहरूका बारेमा व्याख्या गर्दै द्वन्द्वकालमा अनाधिकृत रूपमा कब्जा गरिएको व्यक्तिगत सम्पत्ति क्षतिपूर्ति सहित फिर्ता गर्ने गराउने सम्बन्धमा सरकारको नाममा परमादेश जारी भएको।

माधवकुमार बस्नेत समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत,

२०६९ को रिट नं. ००५७, आदेश मिति २०७०।९।१८, ने.का.प. २०७० नि.नं.

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ को दफा २३, २५ र २९ लगायतका व्यवस्थाहरूमा सङ्क्रमणकालीन न्यायको विश्वव्यापी मान्यता र पीडितमैत्री हुने गरी परिमार्जन र संशोधन गर्न नेपाल सरकारका नाममा परमादेश जारी भएको।

ज्ञानेन्द्रराज आरणसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत,

२०७१ को रिट नं. ००२ र ०२३९, आदेश मिति २०७१।११।१४, ने.का.प.

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (३) को खण्ड (क) को व्यवस्था र सो सम्बन्धमा प्रकाशित सूचना असंवैधानिक रहेकोले बदरको माग गर्दै परेका रिट निवेदन खारेज गरेको।

सुमन अधिकारी समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत,

२०७० को रिट नं. ००५०, आदेश मिति २०७१।११।१४, ने.का.प.

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावना तथा दफा ३,१३,२२,२४,२५,२६,र २९ का प्रावधानहरू बदर घोषित गर्न समेत माग गर्दै परेको प्रस्तुत रिट निवेदनमा सर्वोच्च अदालतको विशेष इजलासले सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको दृष्टान्त र धर्म युद्धका नियमको समेत स्मरण गर्दै सङ्क्रमणकालीन न्यायको अवधारणा, आवश्यकता र यसको प्रयोगका सम्बन्धमा बृहत् व्याख्या गरेको छ। यो नजिरबाट स्थापित भएका नेपालको सङ्क्रमणकालीन न्यायसम्बन्धी सिद्धान्तका केही महत्त्वपूर्ण बुँदाहरू उल्लेख गरिएको छ:

(क) व्यक्ति बेपत्ता पार्ने विषयलाई कसुर कायम गरी सजाय गर्ने कानुन निर्माण हुन नसकेबाट त्यस सम्बन्धी आयोगको सिफारिस कार्यन्वयन गर्ने कुरामा अन्यौल कायम रहेको,

(ख) न्यायपालिकामा अन्तरनिहित न्यायसम्बन्धी अवशिष्ट अधिकार राज्यका अन्य निकायले प्रतिस्थापन गर्न नसक्ने,

(ग) अदालतमा विचाराधीन रहेको मुद्दा आयोगले अन्य व्यक्ति वा विषयको अनुसन्धानको क्रममा सम्बद्ध विषय वा सामग्रीको रूपमा लिनसक्ने,

(घ) बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १३ को उपदफा (२) र (४) मा भएको व्यवस्थाले अदालतमा विचाराधीन विषयवस्तु यथावत चालु राख्न कुनै अन्यथा व्यवधान दिएको वा दिन सक्ने प्रकृतिको मान्न नसकिने हुँदा सो व्यवस्था बदर गरिरहनु नपर्ने।

(ङ) ऐनको दफा २६(२) मा उल्लिखित गम्भीर प्रकृतिका अपराध भन्नाले उक्त उपदफामा उल्लेख भएको बलात्कारको अलावा ऐनको दफा २ को खण्ड (ञ) मा उल्लेख गरिएका मानव अधिकारका गम्भीर उल्लङ्घनका अपराधलाई समेत बुझ्नुपर्ने।

(च) ऐनको दफा २६(२) मा प्रयुक्त भएको "आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएको" भन्ने प्रावधान संविधान प्रतिकूल हुँदा बदर भागी देखिने।

(छ) ऐनको दफा २९ को उपदफा (१) मा प्रयुक्त नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन भन्ने व्यवस्थाहरूले महानयायाधिवक्ता जस्तो व्यवसायिक संस्थाको अभियोजनसम्बन्धी अधिकारलाई संकुचन, अनावश्यक जटिलता र संसय पैदा गर्ने भएकोले दक्त दफामा प्रयुक्त "नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन" भन्ने व्यवस्था बदर हुने।

(ज) कानुन बमोजिम गठित आयोगहरूले काम गर्दै जाँदा थप जटिलता र द्विविधाहरू उत्पन्न भएमा संविधान, कानुन, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र मानवीय कानुन तथा न्यायका मान्य सिद्धान्तहरूलाई ध्यान दिनुपर्ने।

(झ) संवैधानिक परम्पराको रूपमा रहेका सर्वोच्च अदालतबाट जारी भएका आदेशहरू आयोगका लागि कार्यसञ्चालनको मार्गदर्शक सिद्धान्तको रूपमा रहने।

(ञ) आयोगका कार्यहरूले सिर्जना गर्ने असर र परिणाम न्यायिक परीक्षणको दायराबाट बाहिर रहन नसक्ने।

(ट) अर्धन्यायिक प्रकृतिका आयोगले गर्ने कार्यबाट परोक्ष रूपमा न्यायिक प्रकृयामा सहयोग पुग्ने।

(ठ) मानव अधाकरको गम्भीर उल्लङ्घन गर्ने व्यक्तिलाई कुनै पनि बहानामा उम्काउने चेष्टा गर्ने आयोग लगायत जो कोही मतियार बन्ने र सृजित परणाम भोग्न तयार रहनुपर्ने।

### ५. सङ्क्रमणकालीन मुद्दाको छानविन, अभियोजन र सुनुवाई प्रक्रियामा सरकारी वकिलको भूमिका

देशको न्याय प्रशासनको अभिन्न अङ्गको रूपमा रहेको सरकारी वकिलको भूमिका सङ्क्रमणकालीन न्यायका सन्दर्भमा समेत महत्वपूर्ण रहेको छ। नेपालको सङ्क्रमणकालीन न्यायका विभिन्न आयामहरूमा सरकारी वकिलको भूमिकालाई यसरी हेर्न सकिन्छ:

#### १. कानुनी सुधार

सुमन अधिकारी समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७१।११।१४ मा भएको फैसला पश्चात बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा संशोधन हुन नसकेको कारण आयोगले कानुनले सुम्पिएको जिम्मेवारी पूरा गर्न कानुनी

जटिलता उत्पन्न हुन गएकोले आयोगले कार्य अगाडि बढाउन नसकेकोले तत्काल कानुनमा संशोधन र परिमार्जन हुन जरुरी देखिएको छ। अत: नेपालको सङ्क्रमणकालीन न्यायलाई परिणाममुखी निष्कर्षमा पुऱ्याउन विद्यमान कानुनलाई सर्वोच्च अदालतबाट भएको फैसला र अन्तर्राष्ट्रिय सरोकार बमोजिम संशोधन र परिमार्जन गर्नको लागि सरकारका मुख्य कानुनी सल्लाहकारका रूपमा रहेका र संविधान बमोजिम महान्यायाधिवक्ताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ।

### २. आयोगमा कर्मचारीको रूपमा खटिई कार्य गर्ने

नेपालको सङ्क्रमणकालीन न्यायको कार्यान्वयनको लागि निश्चत समयको लागि स्थापित यी आयोगमा काम गर्नको लागि सरकारले कर्मचारीहरू उपलब्ध गराउनु पर्ने र आयोगको लागि आवश्यक पर्ने कर्मचारी उपलब्ध गराउन नसकेमा आयोगले करारमा नियुक्त गर्नसक्ने व्यवस्था छ। फरक कार्य प्रकृति, कार्य जटिलता र उत्प्रेरणाको अभाव समेतका कारण आयोगमा काम गर्न कर्मचारीहरूको आकर्षण पनि देखिएको छैन। हाल आयोगमा सरकारी वकिल समूहका सहसचिव, उपसचिव तथा शाखा अधिकृत गरी ६ जना अधिकृत कर्मचारीहरू कार्यरत छन्। सरकारी वकिलले अनुसन्धान जस्तो महत्त्वपूर्ण महाशाखाको जिम्मेवारी लिई कार्य सम्पादन गरिरहेका छन्। लेखक समेत करिब डेढ वर्ष अनुसन्धान महाशाखाको नेतृत्व सम्हाली आयोगमा सेवा गरेको तथ्य यहाँ स्मरण गरिएको छ।

### ३. उजुरीको छानबिन गर्ने कार्य टोलीमा रही कार्य गर्ने

सत्य निरूपण तथा मेलमिलाप आयोगले उजुरी छानबिन गर्नको निमित्त प्रत्येक प्रदेशमा स्थापना गरेको मुकाम कार्यालयमा सो स्थानको उच्च सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकिलको संयोजकत्वमा अनुसन्धान अधिकारी तोकी उजुरीको छानबिन कार्यलाई अगाडि बढाएको छ। उजुरी छानबिनसम्बन्धी विधि र प्रकृयाको बारेमा जानकार रहेका न्याय सेवाका जिम्मेवार पदाधिकारीका हिसाबले उजुरी छानबिनसम्बन्धी कार्यमा सरकारी वकिलको भूमिका महत्त्वपूर्ण र अपरिहार्य देखिएको छ।

### ४. आयोगको तर्फबाट अदालतमा प्रतिरक्षा गर्ने

आयोगले काम गर्ने दौरान आयोगलाई पर्ने कानुनी विषयमा राय सल्लाह प्रदान गर्नुका अतिरिक्त विभिन्न अदालतमा आयोगको तर्फबाट दायर हुने वा आयोगलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिलाहरूमा अदालत समक्ष आयोगको तर्फबाट प्रतिरक्षा गर्ने कार्यमा सरकारी वकिलहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ। यस अघिसमेत सरकारी वकिलहरूले आयोग वा नेपाल सरकारको तर्फबाट अदालतमा प्रभावकारी प्रतिरक्षाको भूमिका निर्वाह गरेका छन्।

### ५. आयोगले सिफारिस गरेका मुद्दा चल्ने नचल्ने निर्णय गरी अभियोजन तथा प्रतिरक्षा गर्ने

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २९ बमोजिम मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडकउपर मुद्दा चलाउन आयोगबाट महान्यायाधिवक्ता समक्ष लेखी पठाउनुपर्ने र यसरी लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले मुद्दा चल्ने नचल्ने सम्बन्धमा निर्णय गर्ने व्यवस्था गरेको छ। यसरी पीडकउपर मुद्दा चलाउने निर्णय भएमा सरकारी वकिलले विशेष अदालतमा मुद्दा चलाउनु पर्दछ। सरकारी वकिलले अभियोजन गरेका यस्ता मुद्दामा बहस पैरवी तथा प्रतिरक्षासमेत सरकारी वकिलले गर्नुपर्ने हुन्छ। सङ्क्रमणकालीन मुद्दा हेर्ने विशेष अदालतसम्बन्धी कानुन बनिसकेपछि यससम्बन्धी थप स्पष्टता हुनेछ।

### ६. उपसंहार

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१, आयोगसम्बन्धी नियमावलीहरूको अन्तर्राष्ट्रिय मान्यताअनुसार समसामयिक रूपमा संशोधन गर्नुका अतिरिक्त यससम्बन्धी मुद्दा हेर्ने विशेष अदालतको स्थापना र कार्यविधिसम्बन्धी, द्वन्द्वकालीन यातनालाई अपराधिकरण गर्ने नयाँ कानुन बनाउन जरुरी छ। सत्य निरूपण तथा मेलमिपाल आयोगले कानुनमा हुनुपर्ने समसामयिक सुधारका विषयहरू जस्तै: (मेलमिलाप वा क्षमादान गर्न सकिने र नसकिने द्वन्द्वकालीन घटना वा अपराधको स्पष्ट परिभाषा सहितको विभाजन, यातनालाई अपराधिकरण गर्ने, हदम्यादसम्बन्धी व्यवस्था, विशेष अदालतको स्थापना लगायतमा आयोगले नेपाल सरकार समक्ष सुझाव दिइसकेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको कामलाई सुचारु रूपमा अगाडि बढाउनको लागि कानुनी सुधारका अतिरिक्त आयोगको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, साधन, स्रोत र बजेटको पर्याप्त व्यवस्था हुनु पर्दछ। उजुरीहरूको छानबिन गरी सत्य तथ्य पत्ता लगाउने कार्य ज्यादै चुनौतीपूर्ण र दक्षतायुक्त सीपको पनि आवश्यकता पर्ने भएकाले आयोगको कार्यावधिसम्म आयोगमा काम गर्ने योग्य जनशक्ति आयोगमा पूर्णकालीन रूपमा काम गर्ने गरी खटाउनु पर्दछ।

द्वन्द्वकालीन घटनाको स्थायी समाधान गरी समाजमा दिगो शान्ति कायम गरी देशमा पुन: द्वन्द्व नहुने वातावरण निर्माण गर्ने कार्य आयोगको एक्लो प्रयास संभव नहुने भएकाले सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था, नागरिक समाजले आयोगको कार्यमा हस्तक्षेप नहुने गरी सहकार्य गर्नु जरुरी छ।

सरकारी वकिल देशको फौजदारी न्यायको मियोको रूपमा रहेको एउटा व्यावसायीक व्यक्तित्व मात्र नभई यसले राज्य सञ्चालनमा बहुआयामिक भूमिका पनि निर्वाह गरेको हुन्छ। कानुनको शासन कायम गर्ने, अदालतको फैसलाको कार्यान्वयन, अभियोजन र परम्परागत रूपमा गरिने फौजदारी न्याय प्रणालीको भूमिकाका अतिरिक्त अहिले सङ्क्रमणकालीन न्यायको जिम्मेवारी पनि सरकारी वकिलको काँधमा आएको छ। यी भूमिका निर्बाध रूपमा निर्वाह गर्न सरकारी वकिलको क्षमता विकास गर्न र तदनुरूप योजना र रणनीति पनि तर्जुमा गर्नु पर्दछ। एउटा व्यवसायिक व्यक्तिबाट निहित स्वार्थ पूरा गर्ने उद्देश्य राख्नु भन्दा सरकारी वकिलको कार्य प्रतिको विश्वास (trust) बाट नै आयोग आफ्नो कार्यमा सफल हुन सक्दछ।

# इन्सेक पुस्तकालयमा "DAM" System

इन्सेकले आफ्नो स्थापना सँगसँगै मानव अधिकार आन्दोलनको सार्थक अभियानका लागि 'मानव अधिकार पुस्तकालय' को स्थापना गरेको थियो । हाल यस पुस्तकालयमा १० हजार भन्दा बढी विविध सामग्रीहरू संग्रहित छन् ।

यसै सन्दर्भमा इन्सेकले विगत चार वर्षदेखि **Digital Asset Management DAM System** को प्रयोग गर्दै आएको छ । यस **DAM System** मा इन्सेका सबै प्रकाशन, फोटो, श्रव्यदृश्य, समाचारहरू गरी ५३ हजार भन्दा बढी सामग्रीहरू संग्रहित छन् । यसमा संग्रहित सामग्रीहरू इन्टरनेटको सहायताले विश्वको जुनसुकै कुनाबाट कुनै पनि समयमा हेर्न, सजिलै खोज्न, डाउनलोड गर्न र अध्ययन गर्न सकिन्छ । यसमा संग्रहित सामग्री अध्ययन गर्न र हेर्न अन्य छुट्टै कुनै पनि सफ्टवेयरको आवश्यकता पर्दैन ।

यसै मार्फत इन्सेकका कुनै पनि प्रकाशनको विद्युतीय संस्करण तत्काल उपलब्ध गराउन सकिने भएको छ ।

– **विमलचन्द्र शर्मा**













## क्याप्सन

१. इन्सेकको DAM System को होम पेज

२ र ३. इन्सेक पुस्तकालयमा रहेका पुस्तकहरू

४. इन्सेक पुस्तकालयमा अध्ययन गर्दै पाठकहरू

विश्लेषण



वसन्त गौतम[1]

# उपभोक्ता अधिकार सबैको सवाल

**नेपालको संविधान,२०७२ को धारा ४४ मा उपभोक्ताको हक भनी मौलिक हककै रूपमा राखिएको छ। उक्त धाराको उपधारा १ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भनी व्यवस्था गरेको छ भने उपधारा (२) ले गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको भएता पनि हालसम्म उपरोक्त हक कार्यान्वयनका लागि कानुन बन्न नसक्दा उपभोक्ताका यी हक न्याय योग्य हुन सकेका छैनन्।**

वस्तु तथा सेवाको बजार उपभोग गर्ने व्यक्ति उपभोक्ता हो। अर्को शब्दमा भन्ने हो भने उपभोक्ता त्यो व्यक्ति वा सङ्गठन हो, जसले प्रयोगका लागि वस्तु वा सेवा लिन्छ, त्यसको सट्टामा केही पैसा दिन्छ अर्थात कुनै पनि उपभोग्य वस्तु वा सेवा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई उपभोक्ता भनिन्छ। उपभोक्ताको परिभाषा सम्बन्धमा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २ (क) ले "कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ " भनी परिभाषा गरेको छ। कुनै पनि वस्तु वा सेवाको उपभोग गर्ने व्यक्ति वा समूहका सजिव प्राणी, सङ्घ संस्था, कम्पनीलगायतका कृतिम कानुनी व्यक्ति समेतलाई उपभोक्ताको रूपमा लिइन्छ। उपभोक्ताको हित संरक्षण गर्नु भनेको आमनागरिकको आधारभूत अधिकारको रक्षा गर्नु हो। विश्वभरका आम मानिस कुनै न कुनै रूपमा वस्तु र सेवाको उपभोग गरिरहेका हुन्छन्।

उपभोक्ता अधिकार जनजीविकाको अधिकारसँग सम्बन्धित छ। छनोटको अधिकार, सुनुवाइको अधिकार, सूचनासँग सम्बन्धित अधिकार, स्वच्छ सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, शिक्षाको अधिकार, स्वच्छ वातावरणको अधिकार र आधारभूत वस्तु र सेवामा पहुँचको अधिकारलाई दुनियाभर उपभोक्ता अधिकारको रूपमा परिभाषित गरी स्वीकार गरिएको छ।

चौथो पुस्ताको मानव अधिकारलाई उपभोक्ता अधिकार भनिन्छ। मानव अधिकारको पाटो नै उपभोक्ता अधिकार हो। उपभोक्ता अधिकार आर्थिक अधिकारको मात्र पाटो नभई यो आधारभूत मानव अधिकारको पाटो पनि हो। जति बढी उपभोक्ताको हित संरक्षण गर्न सकियो त्यति बढी मानव अधिकारको संरक्षण हुन्छ।

बजारमा कालोबजारी, महँगी, कृत्रिम अभाव, मिसावट र ठगीका घटना भए पनि राज्यले नियन्त्रण गर्न सकेको छैन। आपूर्ति मन्त्रालय, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागको नेतृत्वमा केन्द्रीय स्तरमा र संयुक्त बजार अनुगमनको नाममा जिल्ला स्तरमा बजार अनुगमन भए पनि कालोबजारी र उपभोक्ता ठगीका घटनाले निरन्तरता पाइरहेका छन्।

बजारका अधिकांश सामानमा अत्यधिक मूल्य लिएको, मूल्यसूची नराखेको, व्यवसाय दर्ता नगरेको, तराजु र मिटर बिगारेर ठगी गरेको, म्याद नाघेका उपभोग्य वस्तु बेचिरहेको, व्यवसाय दर्ता नै नगरेको लगायतका उपभोक्ता हित विपरीतका थुप्रै कार्य भइरहे पनि त्यसका रोकथाम हुन सकेको छैन। बजार अनुगमन मौसमी हुँदा अनुगमनका क्रममा केही सुधार भए जस्तो देखिए पनि अनुगमन गर्न छाडेको केही समयपछि नै बजारमा आमउपभोक्ता ठगिने पुरानै घटना दोहोरिने गरेको पाइन्छ। ग्रामीण र विकट क्षेत्रमा अनुगमन पनि नहुने र व्यवसायीहरूको मनपरि व्यवहारका कारण उपभोक्ता ठगीका घटना झन बढी हुने गर्दछन्।

उपभोक्ता संरक्षण ऐनमा उपभोक्ताको हकहित संरक्षणका लागि विभिन्न व्यवस्थाहरू गरिएका भए पनि अझै कतिपय अधिकारहरूको व्यवहारिक कार्यान्वयन हुन सकेका छैनन्। सो ऐनमा जिउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार, अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निमित्त उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण शुद्धता, गुणस्तर आदि सुचित हुन पाउने अधिकार, यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवा छनौट गर्न पाउने अवसरबाट विश्वस्त हुने अधिकार, उपभोक्ताको हकहित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाइ हुन्छ भन्ने कुरामा विश्वस्त हुने अधिकार, अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्काको विरुद्ध सुनुवाइ र क्षतिपूर्ति पाउने अधिकार, उपभोक्ता शिक्षाको अधिकार, माग र आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने, उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्न नेपाल सरकारको अधिकार, उपभोग्य वस्तुमा लेवलमा उल्लेख गर्नुपर्ने कुराहरू,उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने कामहरू, उपभोग्य वस्तुको थोक तथा खुद्रा मूल्यको मूल्यसूची बिक्री स्थलमा राख्नु पर्ने, निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने, कमसल उपभोग्य वस्तु निरीक्षकले जफत गर्न सक्ने व्यवस्था उपभोक्ता संरक्षण ऐन, २०५४ ले गरे पनि

१. लेखक अधिवक्ता हुन्।

सबै यी व्यवस्थाहरूको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन।

उपभोक्ता ठग्ने व्यवसायीलाई उपभोक्ता संरक्षण ऐन, कालोबजारी तथा प्रतिस्पर्धा ऐन, खाद्य ऐन, पशु जाँच ऐन, गुणस्तर ऐनलगायत अन्य सम्बन्धित कानुन अनुसार कारबाही गरिने व्यवस्था भए पनि ऐन विपरीत कार्य गर्नेलाई बिरलै मात्र कारबाही हुने गर्दछ। बढ्दो दण्डहीनताका कारण उपभोक्ता हित विपरीतका कार्यले निरन्तरता पाइरहेका छन्।

उपभोक्ता बिना बजार असम्भव छ। त्यसैले बजारको सार्वभौम उपभोक्ताहरू हुन्। सार्वभौम उपभोक्ताहरूको अधिकार निपेक्षण गर्नुपर्छ भन्ने मान्यताका साथ उपभोक्ताको अधिकारलाई प्रतिपादन गरिएको हो।

कानुनत २०५४ सालमा उपभोक्ता संरक्षण ऐन आयो। उक्त ऐनको दफा ६ मा उपभोक्ता अधिकारलाई राखिएको थियो। उक्त दफाले ६ ओटा उपभोक्ता अधिकारलाई समेटेको थियो। यद्यपि हालसम्म आम उपभोक्ताहरूले ती अधिकार पूर्णरूपमा उपभोग गर्न पाएका छैनन्। बजारबाट घर फर्कंदा आम उपभोक्ता अमिलो मन पारेर, ठगिएर फर्कनुपर्ने अवस्था कायम नै छ।

वस्तु वा सेवाको गुणस्तर, परिणाम, मूल्य नापतौल, ढाँचा, बनोट ढाँटी वा झुक्याइ त्यस्तो वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने, अन्य व्यक्तिले उत्पादन गरेको वस्तु वा सेवाको गुणस्तर, परिणाम, मूल्य नापतौल, ढाँचा, बनोटमा असर पारी बिक्री वितरण बिक्रेताले अनुचित व्यापारिक क्रियाकलाप गर्ने गरेको भएता पनि त्यसको पूर्ण रूपमा नियन्त्रण हुन सकेको छैन।

१० रुपियाँ मूल्य पर्ने सामान १ सय रुपियाँमासम्म बेचिएका छन् भने वस्तुको बिक्री, गुणस्तर, नापतौलमा जताजतै समस्या देखिने गरेको छ। नागरिकहरू सबैभन्दा बढी अन्याय, ठगी र मर्कामा परेको क्षेत्र उपभोक्ता क्षेत्र भएको छ। उपभोक्ताको मर्काको सुनुवाइ गर्ने, अधिकार संरक्षण गर्नुपर्ने दायित्व बोकेका सरकारी संयन्त्रहरूले आफ्नो जिम्मेवारी पूरा गरेको देखिँदैन।

कालो बजारी नियन्त्रण गर्न उपभोक्ता हित संरक्षणको लागि बजार अनुगमन जुनरूपले हुनुपर्ने थियो, त्यो हुन सकेको देखिँदैन। अपराध हुनु पूर्व नै बजार ठिक छ की छैन भन्ने कुराको अनुगमन प्रभावकारी रूपमा गरिनुपर्दछ। चाडबाड र बजारमा समस्या आएपछि मात्रै बजार अनुगमन गर्दा त्यसको प्रभावकारिता हुँदैन। त्यस कारण बजार अनुगमनको कार्यलाई मौसमी नबनाई नियमित बनाउनु पर्दछ।

हामी सबैले अनुभूत गर्ने गरेका छौं, नेपालमा बिक्री वितरण गरिने सबै वस्तु तथा सेवाहरू गुणस्तरीय छैनन्। गुणस्तरहीन वस्तु र सेवाले उपभोक्ता माझमा गम्भीर रूपले असर गरिरहेको छ। जसका कारण नयाँ-नयाँ रोगको विकास र क्रय शक्तिहरू समाप्त हुँदै गएका छन्। म्याद सकिएका सामग्रीहरूलाई नयाँ लेवलिङका साथ बजार ल्याउने गर्नाले त्यसको प्रत्यक्ष मार त्यस्तो वस्तुको उपभोग गर्ने उपभोक्तालाई परिरहेको छ।

नयाँ संविधान निर्माण अघिसम्म २०५४ सालको उपभोक्ता संरक्षण ऐनले नै उपभोक्ताको अधिकारलाई समेटेको थियो। केही देशहरूले उपभोक्तासम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा राखेका छन्। २०६३ सालमा अन्तरिम संविधान निर्माण गर्ने क्रममा उपभोक्ता हित संरक्षण मञ्चले राज्यको नीति, मौलिक हकमा उपभोक्ताको अधिकार राख्न र उपभोक्ता अधिकारको सुनिश्चितताका गर्न छुट्टै आयोग गठनको माग गरेको थियो। त्यसलाई केही राजनीतिक पार्टीले सहज रूपमा लिँदै आफ्ना घोषणा पत्रमा उपभोक्ता अधिकारको विषयलाई समेटेका थिए।

१ सय ३५ रुपियाँ पर्ने खाने तेललाई ३ सय रुपियाँसम्म तिरी किन्न उपभोक्ताहरू बाध्य हुने गरेका छन्। राजनीतिक पार्टी नेता, मन्त्री महामन्त्रीहरू नै ठूला व्यापारमा मुछिएका कारण बजारमा महँगी र कर छलीले जरा गाडेको पाइन्छ। विगतमा बजार माफियाको तार नेतासँग खासै पुग्दैन थियो। तर अहिले हाई भोल्टेजको तार राज्य सञ्चालनका ठुलै पदाधिकारीसम्म जोडिन थालेको महसुस हुँदैछ। यस्तो कार्यले नेपालमा कसरी कालो बजारीको अन्त्य हुन्छ ? त्यसकारण त्यस्तो

**उपभोक्ता संरक्षण ऐनमा उपभोक्ताको हकहित संरक्षणका लागि विभिन्न व्यवस्थाहरू गरिएका भए पनि अझै पनि कतिपय अधिकारहरूको व्यवहारिक कार्यान्वयन हुन सकेका छैनन्। सो ऐनमा जिउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार, अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निमित्त उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिणाम शुद्धता, गुणस्तर आदि सुचित हुन पाउने अधिकार, यथासम्भव प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवा छनौट गर्न पाउने अवसरबाट विश्वस्त हुने अधिकार, उपभोक्ताको हकहित संरक्षणका सम्बन्धमा उपयुक्त निकायबाट सुनुवाइ हुन्छ भन्ने कुरामा विश्वस्त हुने अधिकार, अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा मर्काको विरुद्ध सुनुवाइ र क्षतिपूर्ति पाउने अधिकार, उपभोक्ता शिक्षाको अधिकार, माग र आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने, उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्न नेपाल सरकारको अधिकार, उपभोग्य वस्तुमा लेवलमा उल्लेख गर्नुपर्ने कुराहरू,उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने कामहरू, उपभोग्य वस्तुको थोक तथा खुद्रा मूल्यको मूल्यसूची बिक्री स्थलमा राख्नु पर्ने, निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने, कमसल उपभोग्य वस्तु निरीक्षकले जफत गर्न सक्ने व्यवस्था उपभोक्ता संरक्षण ऐन, २०५४ ले गरे पनि सबै यी ब्यवस्थाहरूको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन।**

**उपभोक्ता हितका सम्बन्धमा छरिएर धेरै कानुनहरू भएकै कारण एकै प्रकृतिको कसुरवापत भिन्न भिन्न सजायको व्यवस्था भएको पाइन्छ। उपभोक्ता हित संरक्षणका लागि विभिन्न निकायहरू आआफ्नै ढङ्गबाट कार्य गरिरहेका छन्। त्यसैले उपभोक्तामा कहाँ गए न्यायिक उपचार पाइने हो भन्नेमा अलमलको स्थिति देखिन्छ। उपभोक्ता हित संरक्षणका लागि भिन्दा भिन्दै निकाय भएसँगै उनीहरूको मुद्दाको कार्यविधि पनि भिन्दा भिन्दै भएको देखिन्छ। उस्तै प्रकृतिको मुद्दामा कुनै निकायले सामान्य कार्यविधि, कसैले संक्षिप्त कार्यविधि त कसैले विशेष कार्यविधि अपनाउने गर्दछन्। कुनै मुद्दामा सम्बधित निकायको प्रमुखले शुरु कारबाही र किनारा गर्ने गर्दछन् भने समान प्रकृतिको मुद्दामा प्रमुख जिल्ला अधिकारीले र कुनै मुद्दामा जिल्ला अदालतमा चल्ने कानुनी व्यवस्था छ।**

हाइभोल्टेजको तार नछिनालेसम्म बजारमा व्याप्त कालोबजारी रोकिँदैन।

उपभोक्ता अधिकारको पूर्ण कार्यान्वयनका लागि सर्वप्रथम उपभोक्ता आफैं सजग रहनु पर्दछ। आजका उपभोक्ता सचेत मात्रै रहेका छन् तर, सक्रिय दैखिँदैनन्। उपभोक्ता अधिकारको पूर्ण कार्यान्वयनका लागि उपभोक्तालाई मर्का पर्दा जाने ठाँउ चाहिन्छ। त्यसका लागि न्यायिक सुनवाइ गर्ने उपभोक्ता अदालतको स्थापना हुन जरुरी छ।

छिमेकी मुलुक भारतमा उपभोक्ताका लागि फास्टट्र्याक अदालतको व्यवस्था रहेको छ। तर नेपालमा हालसम्म उपभोक्ताको मर्का बुझ्ने प्रभावकारी न्यायिक निकाय छैन। उपभोक्ताहरू जति बलिया हुन्छन् त्यति नै स्वच्छ बजार बलियो बन्दै जान्छ। अत: उपभोक्ता डस्ने, कालाबजारी गर्ने, वस्तु तथा सेवामा सिण्डिकेट लागु गरी उपभोक्ता ठग्ने, गुणस्तरहीन वस्तु तथा सेवा बिक्री गर्ने होइन कि स्वच्छ सफा र गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउनु सबै वस्तु तथा सेवा प्रदायकहरूको कर्तव्य पनि हो। यसो भएको हुनाले उपभोक्तालाई ठगी गर्ने, गुणस्तरहीन वस्तु तथा सेवा दिई कानुन विपरीत काम गर्ने जोसुकैलाई पनि कानुनको दायरामा ल्याउने व्यवस्था मिलाउन सकेको उपभोक्ता अधिकार संरक्षणमा मद्धत पुग्न सक्दछ।

**उपभोक्ता अधिकार संरक्षणमा संवैधानिक र कानुनी व्यवस्था**

नेपालको संविधान, २०७२ ले उपभोक्ता संरक्षण ऐन २०५४ भन्दा एक कदम अघि बढ्दै उपभोक्ताको हकलाई मौलिक हककै रूपमा व्यवस्था गरेको छ। यस्तै स्वस्थ वातावरणमा बाँच्न पाउने हक र आधारभूत शिक्षा र स्वास्थ्यलाई मौलिक हकको रूपमा व्यवस्था गर्नुका साथै उपभोक्ता हितको सम्बन्धमा निम्न कुराको उल्लेख गरेको छ।

नेपालको संविधान,२०७२ को धारा ४४ मा उपभोक्ताको हक भनी मौलिक हककै रूपमा राखिएको छ। उक्त धाराको उपधारा १ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ भनी व्यवस्था गरेको छ भने उपधारा (२) ले गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको भएता पनि हालसम्म उपरोक्त हक कार्यान्वयनका लागि कानुन बन्न नसक्दा उपभोक्ताका यी हक न्याय योग्य हुन सकेका छैनन्।

यस्तै संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने उल्लेख गरेको छ। धारा ३० (१) मा प्रत्येक व्यक्तिलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने, र ३०(२) मा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदुषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था उल्लेख छ। धारा ३१ (१) मा प्रत्येक  नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने उल्लेख छ। धारा ३५ (१)मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क पाउने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी उल्लेख गरेको छ। धारा ३६ (१)मा प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुने उल्लेख छ। यस्तै धारा ३८ (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने उल्लेख छ। धारा ३९(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य पालनपोषण, उचित स्यार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्त्व विकासको हक हुने उल्लेख छ।

नेपालमा पौराणिक कालदेखि उपभोक्ता हितसम्बन्धी नियमहरू विद्यमान रहेको पाइन्छ। विभिन्न धार्मिक ग्रन्थहरू मनुस्मृति कौटिल्यको अर्थशास्त्र, याज्ञवल्क्य स्मृति, मुन्धुम आदिबाट शुरु भई हालसम्म आइपुग्दा विभिन्न विषयमा उपभोक्ता हित संरक्षण हुने गरी कानुन निर्माण भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेन। वि.सं. १९१० सालमा पहिलो लिखित कानुन बनेदेखि नै उपभोक्ता हितको लागि कानुन निर्माण भए पनि विभिन्न कालखण्डमा ती कानुनहरू खारेज समेत भए। हाल कार्यान्वयनमा रहेका कानुन मध्ये आवश्यक वस्तु संरक्षण ऐन २०१२, आवश्यक सेवा सञ्चालन ऐन २०१४, आवश्यक पदार्थ नियन्त्रण अधिकार ऐन, २०१७, खाद्य ऐन २०२३ तथा नियमावली २०२७, स्टान्डर्ड नाप र तौल ऐन २०२५, कालो बजार तथा

केही अन्य सामाजिक अपराध ऐन २०३२, औषधी ऐन २०३५ तथा सम्बन्धित नियमावलीहरू, नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन २०३७ तथा नियमावली २०४०, आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन २०४९ तथा नियमावली २०५१, उपभोक्ता संरक्षण ऐन २०५४ तथा नियमावली २०५६, पशु बधशाला तथा मासु जाँच ऐन २०५५ तथा नियमावली २०५७, आयोडिनयुक्त नून ( उत्पादन तथा बिक्री) ऐन २०५५ र प्रतिस्पर्धा प्रर्वद्धन तथा बजार संरक्षण ऐन २०६३ तथा नियमावली २०६६ लाई उपभोक्ता हित संरक्षणका लागि बनेका मुख्य कानुन मान्न सकिन्छ।

उपभोक्ता हितका सम्बन्धमा छरिएर धेरै कानुनहरू भएकै कारण एकै प्रकृतिको कसुरवापत भिन्न भिन्न सजायको व्यवस्था भएको पाइन्छ। उपभोक्ता हित संरक्षणका लागि विभिन्न निकायहरू आआफ्नै ढङ्गबाट कार्य गरिरहेका छन्। त्यसैले उपभोक्तामा कहाँ गए न्यायिक उपचार पाइने हो भन्नेमा अलमलको स्थिति देखिन्छ। उपभोक्ता हित संरक्षणका लागि विषयगत भिन्दा भिन्दै निकाय भएसँगै उनीहरूको मुद्दाको कार्यविधि पनि भिन्दा भिन्दै भएको देखिन्छ। उस्तै प्रकृतिको मुद्दामा कुनै निकायले सामान्य कार्यविधि, कसैले संक्षिप्त कार्यविधि त कसैले विशेष कार्यविधि अपनाउने गर्दछन्। कुनै मुद्दामा सम्बधित निकायको प्रमुखले शुरु कारबाही र किनारा गर्ने गर्दछन् भने समान प्रकृतिको मुद्दामा प्रमुख जिल्ला अधिकारीले र कुनै मुद्दामा जिल्ला अदालतमा चल्ने कानुनी व्यवस्था छ।

प्रशस्त कानुनी पूर्वाधार हुँदाहुँदै पनि कमजोर आपूर्ति तथा वितरण प्रणाली, आर्थिक उदारिकरण नीतिको गलत अभ्यास, अनियन्त्रित रूपमा विषादी वा औषधिको प्रयोग, कमजोर व्यवसायिक इमान्दारिता र नैतिकता, सार्वजनिक संस्थानहरूको अप्रभावकारिता, सार्वजनिक सेवाको प्रभावहिनता, अनियन्त्रित तथा अव्यवस्थित बसाइसराइ, पोषणप्रति कमजोर चेतनास्तर जस्ता कारणले उपभोक्ता हित संरक्षणमा चुनौतीहरू थपिएको पाइन्छ। नेपालमा मुख्यतयाः निम्न बमोजिमका उपभोक्ता हित विपरीतका कार्य हुने गरेको पाइएको छ।

१. उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने
२. उपभोग्य वस्तुको लेवलमा हुनुपर्ने कुराहरू उल्लेख नगर्ने
३. कमसल उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्ने
४. उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल गर्ने
५. ढाँटी वा झुक्याइ बिक्री वितरण गर्ने
६. झुट्टा वा भ्रामात्मक प्रचार प्रसार वा विज्ञापन गर्ने
७. उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्ने
८. मूल्य सूची नराख्ने

**उपभोक्ता हित संरक्षणका उपायहरू**

**(क) कानुनमा सुधार**

हाल उपभोक्ता हित संरक्षणसम्बन्धी कानुनहरू छरिएर रहेका छन् जसमा समान कसुरमा फरक फरक सजाय हुनु र कार्यविधि पनि फरक फरक भएकाले सम्पूर्ण कानुनलाई एकत्रित गरी नयाँ कानुन निर्माण गर्नुपर्ने देखिन्छ। पुराना कानुन तात्विक संशोधन नभई हालसम्म पनि कार्यान्वयनमा रहेकाले समयसान्दर्भिक समस्या हल गर्ने गरी कानुनमा व्यापक संशोधन गर्नु पर्ने अवस्था देखिन्छ।

उपभोक्ताले क्षतिपूर्ति पाउने कुरालाई नयाँ कानुन वा संशोधित कानुनमा कडाइका साथ समावेश भएमात्र उपभोक्ताले कानुनी उपचारको बाटो रोज्ने र सही अर्थमा न्याय पाउन सक्ने देखिन्छ।

**(ख) साङ्गठानिक सुधार**

बजार अनुगमन गर्ने निकायहरूलाई एकत्रित गरी एकद्वार प्रणालीबाट सम्पूर्ण काम गर्ने गरी उपभोक्ता हित संरक्षण निकायको निर्माण गर्नु उपयुक्त हुन्छ। उपभोक्ताले छिटो न्यायको अनुभूत हुने गरी सरल कार्यविधिका साथ उपभोक्ता अदालत स्थापना गरिनु पर्छ। स्थानीय तहलाई दिइएको उपभोक्ता संरक्षणको अधिकार व्यवस्थित बनाइ प्रभावकारी कार्यान्वयनमा ल्याउनु पर्दछ।

**(ग) व्यवस्थापकीय सुधार**

आपूर्ति तथा वितरण प्रणालीमा सुधार गरिनुपर्ने देखिन्छ। आर्थिक उदारीकरण नीतिको तर्कसङ्गत प्रयोग गरिनुपर्ने देखिन्छ। औषधि तथा विषादीको प्रयोगमा नियन्त्रण गर्न प्रोडक्सन चेनको अनुगमनको व्यवस्थालाई प्रभावकारी बनाइनु पर्दछ। निजी क्षेत्रको नियन्त्रण तथा मार्गदर्शन गर्न सार्वजनिक संस्थाहरूलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ। सेवाप्रदायक सार्वजनिक निकायलाई उपभोक्ता हितप्रति उत्तरदायी बनाइनु पर्दछ। व्यवस्थित शहरीकरणमा जोड दिँदै। पोषणप्रति सचेतना जगाउनुपर्ने देखिन्छ।

**(घ) साधन श्रोतमा प्राथमिकता**

नेपाल सरकारले उपभोक्ता हितको कार्यलाई प्राथमिकताका साथ सो कार्यमा संलग्न निकायलाई साधन श्रोत सम्पन्न गराउनु पर्छ।

**(ङ) सचेतना र उपभोक्ता शिक्षामा जोड**

उपभोत्ताको हक हित संरक्षणका लागि सर्वप्रथमतः उपभोक्ता आफैं जागरुक हुनु पर्दछ। उपभोक्ता जागरुक भएको खण्डमा आधा समस्या समधान हुन सक्दछ। यसो भएको हुनाले सरकोरवाला निकायले उपभोक्ता अधिकारको व्यापक प्रचार गरी आम उपभोक्तामा सचेतना फैलाउन जरुरी छ।

उपभोक्ता अधिकार सबैको साझा सवाल हो। एउटा सेवा प्रदायक भए पनि सामग्रीमा हामी सबै उपभोक्ता हौं। उपभोक्ता अधिकार संरक्षण गर्नु हामी सबैको संरक्षण गर्नु हो। उपभोक्ता अधिकारको सुनिश्चितताका लागि सबै सरोकारवाला निकायको साझा सद्भाव, सहकार्य र एकताका साथ कार्य गरिनु पर्दछ। उपभोक्ता ठगी गर्ने उपरकानुनी कारबाही गरी पीडितलाई क्षतिपूर्ति र न्यायको अनुभुति दिलाउनु पर्दछ। यसका लागि नियमनकारी निकाय अझ बढी जिम्मेवार र जवाफदेही बन्नै पर्दछ। यसका साथै हामी उपभोक्ताहरूले पनि आफ्नो अधिकार प्रति जागरुकता र चासो देखाउनु पर्दछ।

विश्लेषण



गोपाल सञ्जेल[1]

# प्रदेश सरकारसँग जोडिएको समृद्धि

**परिचय**

सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकार हुने संवैधानिक व्यवस्था छ। सङ्घीय सरकार पहिलेकै सिंहदरबार केन्द्रित सरकारको रूपान्तरित रूप हो भने स्थानीय सरकार स्थानीय निकायको रूपान्तरित रूप हो। भलै यिनीहरूका अधिकार क्षेत्रहरू व्यापक भएका छन्। त्यसैले सङ्घीय र स्थानीय सरकारले धरातलीय स्वरूपको समस्या झेल्नु परेन। तर, प्रदेश सरकारले भने आफ्नो धरातल निर्माण गर्नमै सिँगौरी खेल्नुपरिरहेछ। संवैधानिक व्यवस्थालाई अस्तित्वमा उतार्ने चुनौती सामना गर्नु प्रदेश सरकारले झेलेको विषय हो।

यसअघि लामो समयसम्म अभ्यास गरिएका विकास क्षेत्र, अञ्चल, जिल्लास्तरका सरकारी संरचनामध्ये कतिपय सङ्घतिर, कतिपय स्थानीयतिर तानिएका छन् भने कतिपयचाहिँ प्रदेश सरकारतिर राखिएका छन्। यिनै संरचनाहरूको गठन र विघटनका पुनर्संरचनाको कार्यले समय लिँदा प्रदेश सरकारले गति लिन सकेको छैन। पुनर्संरचना गर्ने भनिएका तर अझै निर्णय कार्यान्वयनमा ढिला भएकाले पनि द्विविधा बढेको छ। गरिएका निर्णय कार्यान्वयनमा तदारुकता हुन नसक्नाले पनि गतिरोध थपिएको छ। खाका स्पष्ट कोरिए पनि संरचना निर्माण र व्यवस्थापनमा भद्रापन देखिनुले प्रदेश सरकारका आन्तरिक व्यवस्थापनको चुनौती घट्नुका सट्टा बढेका छन्।

प्रदेश सरकारको अभ्यास र अनुभव नहुनुले पनि अन्यौलता देखिन्छ। प्रदेशको अस्तित्व स्थापित गर्ने कार्यले जति छिटो मूर्तरूप लिन्छ त्यति नै सङ्घीयताले संस्थागत रूप धारण गर्छ। प्रदेशले संस्थागत गति लिन जति अलमल र ढिलासुस्ती हुन्छ त्यति नै जटिलता थपिँदै जान्छन्। यसका लागि स्थायी व्यवस्था नगरुञ्जेल अन्तरिम व्यवस्था र कार्यविधि निर्माण गर्नतिर लाग्नुपर्छ। अन्तरिम व्यवस्था र कार्यविधि तोकिएका मन्त्रालयले नै गर्ने हो। यी कार्यबाट प्रदेश सरकारले गति लिएको अर्थ लाग्छ। अस्तित्वका जरा पलाउन थाल्छन्। स्थायी व्यवस्थाका लागि मार्ग प्रशस्त गर्छ। यही कार्य ढिला हुन गयो भने प्रदेश सरकारको कार्यकुशलताप्रति औँला उठ्न थाल्छन्।

**सङ्घीयता भनेकै प्रदेश**

प्रदेश सरकारले नै सङ्घीयताको मर्म र धर्म धान्नु पर्ने परिवेश खडा भएको छ। किनकि सङ्घीय सरकार र स्थानीय सरकारका पहिले र अहिलेका लगभग उस्तैउस्तै कार्यसूची, उहीउही ढाँचा र उहीउही संरचनाले धान्ने हुनाले सङ्घीयताको भार प्रदेश सरकारको काँधमा पर्न गएको देखिन र बुझिन थालिएको छ। नयाँ धरातलको सिर्जनामा प्रदेश खडा भएकाले पनि यस्तो हुनु र देखिनु स्वाभाविकै हो। झिनै भए पनि सङ्घीयताप्रति विमतिको स्वरलाई बढ्न नदिन प्रदेश सरकारले आफ्नो धरातल निर्माण र संरचना खडा गर्नमा तदारुकता देखाउन अनि कार्यविधि र कार्यसम्पादनमा कुशलता देखाउन सक्नैपर्छ। यसैमा अन्यौल र बिलम्ब हुन थाल्यो भने सङ्घीयताप्रतिको विमतिका स्वर बढ्न थाल्छ। प्रदेश सरकारप्रति विमतिका स्वर बढ्नु भनेको सङ्घीयता कमजोर हुनु हो।

सङ्घीयता कमजोर हुनु भनेको संविधान कार्यान्वयनमा बाधा अड्चन थपिनु हो। त्यसैले प्रदेश सरकारको काँधमा सङ्घीयताको कार्यान्वयनको जिम्मेवारी बढी छ। प्रदेश सरकारसँग अर्को महत्वपूर्ण अभिभारा पनि छ, सङ्घीय सरकार र स्थानीय सरकारबीच समन्वय अथात् पुलको कार्य गर्ने। लोकतान्त्रिक अभ्यास र स्रोतसाधनको प्रयोगका सवालमा स्थानीय सरकारसँग बढी ढल्किनु पर्ला भने विधिविधान निर्माण र कार्यान्वयनका सवालमा सङ्घीय सरकारतिर बढी ढल्किनु पर्ला। विषयअनुसार दुवैतिर सन्तुलन कायम गर्नुपर्ने दायित्व प्रदेशको छ।

उसै त संविधान जारी गर्ने बेलामा प्रदेशको नाम, राजधानी र क्षेत्रबारे किटान गर्न प्रदेशसभालाई नै जिम्मेवारी पन्छाइएको थियो। प्रदेशको निर्वाचन सकिएर सरकार गठन र प्रदेशसभा सञ्चालन भएको पनि महिनौँ बितिसकेको छ। थाँती रहेका विषयले बेलैमा निकास पाएनन् भने यसैमा ऐँजेरु पलाएर निकासा दिन झन् कठिनाइ पर्न सक्छ। नम्बरका आधारमा प्रदेश चिन्नुपर्ने र चलाउनुपर्ने स्थिति छिटोभन्दा छिटो किनारा लगाइनुपर्छ। ६ नम्बर प्रदेशले कर्णाली प्रदेश भनेर नामाकरण गर्न अनि राजधानी सुर्खेत नै कायम हुने निर्णय गरेर बेलैमा परिपक्वता देखाएको छ। अन्य प्रदेशहरूमा भने यो विषयले प्राथमिकता पाउन सकेको देखिन्न। बाँकी सबै प्रदेशका सरकार र मुख्यमन्त्रीहरूलाई प्रदेशको नामाकरण र राजधानीको सवाल किनारा लगाउन हम्मेहम्मे पर्ने देखिन्छ।

यसअघिको देउवा सरकारले अस्थायी राजधानी तोक्न हचुवापारा देखाउनाले पनि जटिलता थपिएको हो। २, ४ र ७ नम्बर प्रदेशको राजधानीबारे त्यति ठूलो विमति नभएता पनि ३ र ५ नम्बर प्रदेशको विमतिको घनत्व ठूलै छ भने यो सवालले अन्य प्रदेशलाई पनि प्रभाव पार्न सक्छ। राजधानीसँगै नामाकरणमा पनि सांस्कृतिक वा भौगोलिक पहिचनाका आधारमा गरिनुपर्ने कुराबीच छिनोफानो हुन सकेको छैन। किनकि यो विषयले प्रवेशै पाएको छैन। नामाकरणमा प्रतिष्ठा जोडिन थाल्यो भने यसले पेचिलो रूप लिन बेर लाग्दैन। दुईतिहाइको विधिले विषयवस्तुको छिनोफानो त लाग्ला तर प्रतिष्ठाको पेचलाई सधैँ विधिविधानको डण्डालेमात्र निकासा दिन गाह्रो पर्छ। भाषिक, सांस्कृतिक, धार्मिक कुरा

१. लेखक सामाजिक अभियन्ता हुनुहुन्छ ।

भावनासँग जोडिएका हुन्छन्। यसका संवेदनशीलता बेलैमा किनारा लागेन भने देशीविदेशीका चासोसमेत यसैमा थपिएर सकस बढ्न सक्छ।

**कर्मचारीतन्त्र पुरातन विरासत**

राजनीतिक आवरण रूपी परिवर्तनको श्रृङ्खला सात सालदेखि नै शुरु भएको हो। सत्र साल, छयालीस साल र बासठ्ठी/त्रिसठ्ठी सालका राजनीतिक परिवर्तनले छुनै नसकेको बरु जब्बर भएर बसेको पुरातन विरासतलाई बढवा दिएको पक्ष भनेको कर्मचारीतन्त्र नै हो। हाम्रो कर्मचारीतन्त्र यति भद्दा र बेकाम्मा बनाइएको छ कि कसैले सुधार गर्न चाह्यो भने पनि कहाँबाट थाल्ने भन्ने भेउ पाउनै मुस्किल पर्छ। चरम तानाशाही राणाशासनदेखि सक्रिय राजतन्त्रका हुकुमप्रमाङ्गीका पद्धति र प्रणाली बहुदल, लोकतन्त्र र गणतन्त्रकालसम्म कर्मचारीतन्त्रमा ज्युँका त्युँ रहिरहन सक्नु, त्यही शैली, आचरण र प्रवृत्तिले धान्दा पनि मान्य हुनुलाई विडम्बना मान्नुपर्छ। राजनीतिक परिवर्तनलाई संस्थागत रूपमा रूपान्तरण गर्न कर्मचारीतन्त्रको भूमिका महत्त्वपूर्ण हुन्छ।

१५ वर्षसम्म स्थानीय निकायमा कर्मचारीतन्त्रले एकलौटी ढङ्गले कार्यकारी अधिकार चलाउने वातावरण बनाइयो। कर्मचारीतन्त्र बढी फुक्काफाल भएको र बेलगाम घोडाजस्तै भएको समय यही हो। चरम अनियमितताले पराकाष्ठा नाघेको समय पनि यही हो। त्यसका असर लामै समय पर्ने देखिन्छ। अहिले स्थानीय तहमा कर्मचारी जानै नमान्ने र गइहाले पनि जनप्रतिनिधि र कर्मचारीबिच तालमेल नमिल्ने असहज परिस्थिति अधिकांश स्थानमा देखिएको छ।

सङ्घीय सरकारले खटाएका कर्मचारीहरू प्रदेश र स्थानीय सरकारसम्म जान पटक्कै मानेका छैनन्। स्थानीय सरकारको निर्वाचन भएको एक वर्ष हुनै लाग्यो। राजधानी आसपासका स्थानीय तहमा पनि कर्मचारीको अभाव पूर्ति हुन सकेको छैन। अन्य दुर्गमस्थानको हविगत कस्तो होला ? दण्डहीनता पनि कतिसम्म चरम छ भने हाकाहाकी जान्न भन्न पनि पाइने रहेछ।

लामो पीडापछि मुलुकले ठूलो बहुमत सहितको सरकार पाएको छ। सङ्घीय सरकारले स्थायित्व पाउनु मुलुककै लागि दूरगामी प्रभाव पार्छ। बलियो र स्थायी सरकार भयो भने कर्मचारीतन्त्र स्वतः जवाफदेही र उत्तरदायी हुन्छ। परिणाममुखी हुन बाध्य हुन्छ। सङ्घीय सरकारमात्र होइन प्रदेश सरकारहरूले पनि स्थायित्व नै पाउने भएका छन्। गएको आमनिर्वाचनमा लोकतान्त्रिक गठबन्धन र वामपन्थी गठबन्धनबीचको प्रतिस्पर्धामा वामपन्थी शक्तिले उछिनेकाले नै यो परिस्थिति सिर्जना भएको हो। जनमतले जब्बरजस्त रूपमा बलियो सरकार र ५ वर्षसम्मका लागि स्थायी सरकारको म्यान्डेट दिएका छन्। स्थानीय तह त स्वतः नै स्थायित्व पाउने नै छ। त्यसैले सरकारको स्थायित्वका बारेमा सङ्क्रमणकालको प्रभाव र असर मेट्न कम्मर कस्नुपर्ने देखिन्छ।

**अन्तरिम व्यवस्थापनका कुशलता**

यतिबेला दशकौं लामो सङ्क्रमणकालको अन्तिम खुड्किलो पार गरेको अवस्थामात्र हो। नयाँ व्यवस्थापनका सबै अवयव बनिसकेका छैनन्। स्थायी संयन्त्र र विधि पनि तम्तयार भइसकेको अवस्था छैन। त्यसैले स्थायी संयन्त्र र स्थायी विधिका लागि मार्गप्रशस्त गर्ने गरी तत्कालीन अन्तरिम व्यवस्था गरिनुपर्ने अवस्था देखिन्छ। यो कार्य तीनै तहका सरकारको कार्यसूचीभित्र छिटोभन्दा छिटो पर्नुपर्ने र छिटोभन्दा छिटो निर्णय हुनुपर्ने देखिन्छ। बल्ल आम निर्वाचन भो, अब कामले गति लिनुपर्छ भनेर निजी, सार्वजनिक र नागरिकहरू पनि आआफ्ना योजना र कार्यक्रमलाई वैधानिकताका लागि सरकारसमक्ष जान थालेका छन्। यिनै कार्यमा सरकार अलमल र दुविधामा पर्नुपर्‍यो भने वा यो र त्यो, ऐन र कानुनका अभाव भन्दै टार्न खोजियो भने सरकारको हैसियत देखिन्न। हो, यतिबेला सबै विधिविधान र ऐनकानुन छैनन् तर यो र त्यो छैन भन्दैमा सरकार नै छैन भन्न त पक्कै सकिन्न। यसैका लागि अन्तरिम व्यवस्थापन गरिनुपर्छ। अन्तरिम कार्यविधि बनाइनुपर्छ ता कि ऐनकानुन बनेपछि सोहीबमोजिम हुनेगरी बाटो खुलोस्। अहिलेका प्रदेश र स्थानीय सरकारको प्राथमिक कार्य भनेको नै संरचनाहरूको व्यवस्थापन र अन्तरिम कार्यविधि निर्माण गर्दै स्थायी विधिविधान निर्माण गर्न मार्गप्रसस्त गर्ने नै हो। तत्कालीन कार्यविधि भएन भने सरकार कमजोर भएको र परिणाम दिन नसकेको अर्थ लाग्छ। नयाँ सरकारले काम सजिलो पारेन भने नागरिकहरूले अहिले र पहिलेको तुलना गर्न थाल्नुपर्ने हुन्छ। यसैमा प्रदेश र स्थानीय सरकारको कार्यकुशलता झल्किन्छ। परिवर्तनको सार र अस्तित्वको अर्थ पाइन्छ।

**जग बसाल्ने जिम्मेवारी**

हिजोका धेरै परिपाटी र प्रवृत्ति फेर्नु छ। संरचना र संस्कार बदल्नु छ। नयाँ धरातलको जग र जरा तर्जुमा गर्नु छ। सङ्क्रमणकालले लामो समय व्यतित गर्‍यो। अझै त्यसको असर पूरै हटिसकेको छैन। नयाँ फड्को मार्दा अड्किने र पछाडि नै तान्ने सम्भावना पूरै टरेको छैन। जोखिमहरू निमिट्यान्न भएका छैनन्। तर सम्भावनाका ढोका भने प्रशस्तै खुलेका छन्। जोखिम मोल्न होसियारी र पूर्वतयारी गर्नु यतिबेला प्रदेश सरकार र स्थानीय सरकारको थप दायित्व हुन गएको छ।

सङ्क्रमणकालपछिको पहिलो सरकार भएकाले स्वतः प्रारम्भिक चरणका व्यवस्थापकीय कार्य अर्थात् जग बसाल्ने कार्य प्राथमिकतामा पर्ने नै भए। सामाजिक रूपमा जेठो छोरोको दायित्वजस्तै। जग बसाल्ने कार्य अतिरिक्त तर पहिलो प्राथमिकताको कार्य हो। यसपछि मात्र विकास र समृद्धिका खाका कोर्ने र कार्यान्वयनको कार्ययोजना बनाउनेतिर ध्यान केन्द्रित गर्नुपर्दछ। पहिलो त आफ्ना मजबुतीका पाइला टेक्नुपर्छ। बलियो धरातलमा उभिनुपर्छ। त्यसपछि मात्र दायाँबायाँ र अघिपछि कदम चाल्न सकिन्छ।

**समृद्धिको सपना**

लामो समयदेखि रोकिएका, छेकिएका र गति लिन नसकेर थाँती रहेका कार्यहरू अब प्राथमिक कार्यसूचीमा पर्नुपर्दछ। हामीले १० वर्ष लामो समय द्वन्द्वमा बितायौँ। लगत्तै अर्को १० वर्ष लामो समय संविधान लेखन र द्वन्द्व व्यवस्थापनमा बितायौँ। २० वर्षसम्म विकासका कार्यले प्राथमिकता पाएनन्। विकासका दृष्टिकोणले यो ज्यादै लामो समय हो। र, यति लामो समय विकासले प्राथमिकता नपाउनु दुखद् पक्ष हो। राजनीतिक गतिरोध सदाका लागि हट्छ भने सहनै राम्रो भनेर नै नागरिकहरूले छातीमाथि

ढुङ्गा राखेर पर्खेका हुन्। अब हरेक नागरिकले आआफ्ना योजना र सपना पूरा गर्न सरकारको मुख हेर्दा सम्भावनाका प्रस्ट रेखा देख्न पाउनुपर्छ। २० वर्ष लामो विकासको गतिरोधको क्षतिपूर्ति मागिएको छैन तर अब यो वा त्यो कुनै पनि बाहना गरिनु बाञ्छनीय मानिने छैन।

अब धनी देशका गरिब जनता भएरै बस्नुपर्ने दिनको अन्त्य हुनैपर्छ। हाम्रै अथाह स्रोतसाधनको बहुउपयोग गरिनुपर्छ। आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्ने कार्य परतन्त्रमुखी अर्थतन्त्रले हुनै सक्तैन। रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई तत्कालै रूपातन्त्ररण गरिनुपर्छ। यसका लागि स्वरोजगारमूलक वातावरण निर्माण गर्न, स्वदेशमै स्वरोजगारी निर्माण गर्न युवाहरू माझ व्यापक रूपमा कार्ययोजना तर्जुमा परामर्श शिविरहरू चल्नुपर्ने देखिन्छ। वैदेशिक रोजगारीलाई छिटोभन्दा घटाउनुपर्छ। आफ्नै धरातलमा उभिएर आफ्नै वरिपरिकै साधनस्रोतमाथि रहेर स्वरोजगार हुने कार्ययोजना बनाउने कार्य त्यति सहज पनि छैन। सबभन्दा पहिले त अव्यवहारिक बौद्धिकतालाई चिरफार गर्नैपर्छ। व्यवहारिक विज्ञताको सहायतामा यस्ता कार्ययोजना निर्माण गर्न सकिन्छ। योजना बनाउँदा नागरिकका घरआँगनमा बसेर तय हुनु अपरिहार्य हुन्छ। गाउँबस्ती र घरआँगनमा बस्ने सोच भएका र नागरिकका क्षमतामा आधारित भएर वास्तविक योजना बनाउने विज्ञहरू खोजिनुपर्छ। विज्ञलाई पनि व्यवहारिक कार्यक्षेत्रगत सर्तबन्दीमा रहेर जिम्मेवारी तोकिनुपर्छ। परिणामका आधारमा मात्र उनीहरूका सेवा लिनेदिने परिपाटी हुनु राम्रो हुन्छ।

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकमुखी कृषि प्रणाली बनाउने एउटा बलियो सम्भावना हुनसक्छ। यसलाई प्रविधिसँग जोडेर आधुनिक बनाइनुपर्छ। सकेसम्म सानासाना योजना हुनु राम्रो हुन्छ।

पर्यटन र कृषि एकअर्कासँग जोडिनुपर्छ। जोडिन सजिलो पनि छ। पर्यटन उद्योग र कृषि व्यवसाय एकअर्काका परिपूरक हुन्। एग्रोटुरिज्म, फरेष्ट टुरिज्म, इको टुरिज्म, नेचुरल टुरिज्म यसका प्याकेज हुन सक्छन्। अझ यसभित्रका अनेक क्षेत्र र तह हुन सक्छन्। तर यी कार्यहरू हाम्रा सन्दर्भमा ज्यादै सम्भावना भएका विषय हुन्। हरेक नागरिकले समेत अब समृद्धिको योजना बनाउन ढिला गरिनुहुन्न।

**निष्कर्ष**

पूर्वाधारका विकासले मात्र समृद्धिलाई नाप्न सकिन्न। जबसम्म आर्थिक जीवनसँग विकास गाँसिन्न तबसम्म समृद्धिले छुनै सक्तैन। त्यसैले पूर्वाधारका विकास सँगसँगै आर्थिक जीवनसँग प्रत्यक्ष जोडिने खालका विकास योजना तय गरिनुपर्छ। ग्रामीण अर्थतन्त्र बलियो पार्न साना खालका स्वरोजगारमुखी योजनाले सफलता प्राप्त गर्न सकिन्छ। सहरी अर्थतन्त्रलाई टेवा दिन पनि ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउनु अनिवार्य हुन्छ। किनकि स्रोतसाधन गाउँमै हुन्छन्। सहरी पुँजीलाई ग्रामीण भेकसम्म पुऱ्याउने खाका कोर्नुपर्छ। गाउँको स्रोत र सहरी पुँजीबीचको उचित संयोजन हुनसक्यो भने विकासको नयाँ ढाँचा बन्नसक्छ। हामीले खोजेको पनि परम्परागतभन्दा नयाँ ढाँचाकै हो।

गाउँमा पूर्वाधार र विकासका गतिविधि नभएर पनि सहरभित्र थुप्रिने समस्या यसबाट हल हुन्छ। सुसुप्त र शान्त रहेको ग्रामीण आर्थिक जीवनले गतिशीलता पाउने योजना बन्दामात्र समृद्धिले सार्थकता पाउँछ। छरिएर रहेको ग्रामीण बस्तीलाई बिस्तारबिस्तार उद्योग/व्यवसायका आधारमा एकीकृत गर्दै लैजानुपर्छ। बस्ती एकीकृत हुँदा विकासका पूर्वाधारहरू एउटा इकाइमा सीमित हुन्छन्। यसले साधनस्रोत र बजेटलाई समेत मितव्ययी बनाउँछ। परम्परागत सोचाइलाई बदल्छ। एकीकृत बस्तीले सामाजिक विकासको फड्को छिटो मार्छ।

समृद्धि नारामा सीमित हुनुहुन्न। भाषणमा सीमित हुनुहुन्न। कागजमा सीमिति हुनुहुन्न। अठोटमा आउनुपर्छ। कार्ययोजना उत्रिनुपर्छ। प्रदेश र स्थानीय सरकारले विधिविधान, स्रोतसाधन र विज्ञतासहितले सहजीकरण गर्नुपर्छ। बाँकी समृद्धिका सपना पूरा गर्ने काम नागरिक आफैँले गर्छन्।


**मुलुकको मानव अधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित**

- मानव अधिकार वर्ष पुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानव अधिकार सँगालो
- मानव अधिकारको ऐतिहासिक अवधारणा
- मानव अधिकार-प्रहरी-कानुन
- मानव अधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानव अधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- इन्सेक अनलाईन (www.inseconline.org)
- मानव अधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा
- मध्यमाञ्चल : जनआन्दोलन र मानव अधिकार
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

विश्लेषण



कालिका खड्का[1]

# स्थानीय न्यायिक समितिमा छिटो न्याय पाउने आशा

छिटो, सस्तो र सहज न्याय पाउने आशमा "स्थानीय न्यायिक समिति" मा विवादित विषयहरू निकै आउने गरेका छन्। संविधानले दिएको जिम्मेवारीअनुसार स्थानीय तहले पनि आफ्नो जिम्मेवारीअनुसार स्थानीयस्तरबाट न्याय दिने प्रयासमा छन्।

न्यायिक समितिले स्थानीयस्तरमा हुने विवादहरू खासगरी देवानी प्रकृतिका मुद्दाहरू अंशवण्डा, साँध मिचिएको, घरेलु झैझगडा आदि विषयहरू निरूपण गर्ने संवैधानिक व्यवस्था छ। सोही अनुसार स्थानीय न्यायिक निकायले न्याय सम्पादनको काम गरिरहेका छन्।

काठमाडौं महानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठकाअनुसार दुवैपक्षको कुरा सुनेर न्याय दिने काम निकै चुनौतीपूर्ण छ। तर, स्थानीयहरूकै विवाद आउने भएकाले सम्झाइ बुझाइ गरेर पनि विवाद समाधान हुँदै आएका छन्। "निष्पक्ष न्याय दिलाउन सक्नु निकै ठूलो काम हो, स्थानीय अदालतकै रूपमा काम गर्ने भएकाले राम्रो अभ्यास गरिरहेका छौं"-उहाँले थप्नुभयो।

काठमाडौं महानगरपालिकामा खासगरी सडक भत्किएको अंशवण्डा, घरेलु हिंसा, सम्बन्ध बिच्छेदजस्ता विषयहरू आउने गरेका छन्। न्यायिक समितिले प्रत्येक बुधबार उजुरीमा छानबिन गर्ने काम गर्छ। अहिलेसम्म ८० भन्दा बढी विवादित विषयहरूको निरूपण भएका छन्।

स्थानीयस्तरमा जनप्रतिनिधिहरू कुनै न कुनै पार्टीहरू चुनाव लडेर आएका हुन्छन्। पीडित र पीडक दुवैले राजनीतिक रूपमा अविश्वास गर्ने सम्भावना हुन सक्छ। तर काठमाडौं महानगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक खड्गीका अनुसार पार्टीगत रूपमा हेरेर यो मुद्दामा हामीलाई चित्त बुझ्ने भएर आएका छैनन्। न्याय निरूपण गर्न भनेर बसेपछि पार्टी भन्ने नै हुँदैन।

स्थानीय तहबाट न्याय प्रदान गर्ने व्यवस्था हुँदा पीडितहरूलाई कम खर्च, छोटो समय फैसला, न्यायिक समिति नजिकै हुँदा टाढाटाढासम्म धाउनुपर्ने सास्ती नहुने हुँदा नागरिकलाई न्यायका लागि केही हदसम्म सहज भएको छ।

स्थानीय तहका न्यायिक समितिको काम गर्दाको उस्तै उस्तै अनुभव देखिन्छ। पुलतीबजार नगरपालिका स्याङ्जाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक महेश पुरीका अनुसार बढी मात्रामा मेलमिलापबाट स्थानीय समस्या निरूपण गरिन्छ। विवाह, अंशवडा, सम्बन्ध विच्छेद, कुटपिट, जग्गा खिचलो, बाटो, कुलो आदि जस्ता समस्या आउने गरेका छन्।

"न्याय दिने ठाउँमा बसेपछि पीडितलाई न्याय दिने हो, निष्पक्ष न्यायमा बढी ध्यान हुन्छ, विवादित विषय आउने बित्तिकै कानुनी सल्लाहकारसँग परामर्श गरी फैसला गर्छौं" अहिलेसम्म १६ वटा विवादित विषयमा दर्ता भई फैसला भएको र स-साना मेलमिलापका घटनाहरू प्रायः धेरै हुने उहाँको अनुभव छ।

नगरपालिका जस्तै गाउँपालिकामा पनि मुद्दाका प्रकृति उस्तै छन्। तर गाउँपालिकामा कानुनी सल्लाहकार, कर्मचारी अभावका कारण सहज रूपमा न्याय निरूपण गर्न कठिनाइ भएको दोलखा जिल्ला कालीञ्चोक गाउँपालिकाकी उपप्रमुख तथा न्यायिक समितिका संयोजक कालिका पाठकले बताउनु हुन्छ। "मुद्दा दर्तादेखि पक्ष विपक्ष बोलाएर आफैले अन्तिमसम्म हेर्नुपर्ने अवस्था छ, न्याय सम्पादनसम्बन्धी सरकारले तालिम तथा अभ्यास नहुँदा फैसला गर्न चुनौती छ" उहाँले सरकारले न्याय सम्पादनसम्बन्धी अभ्यासका लागि सरकारले तालिम दिए न्याय सम्पादनमा सहज हुने बताउनु भयो।

नेपालको संविधानको धारा ५६ ले राज्यको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरेको छ। संविधानको धारा ५७ मा राज्यका तीनैवटा तहको अधिकार बाँडफाँडको पनि व्यवस्था छ।

संविधानको धारा १२७ (२) मा स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सक्ने व्यवस्था गरेको छ। संविधानको धारा २१७ अनुरुप न्यायिक समितिको गठन गरिएको हो। कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिकाले उपाध्यक्ष र नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्याय समितिको गठन गर्ने व्यवस्था छ। संवैधानिक व्यवस्थाअनुसार न्यायिक समितिले आफ्नो काम सुरु गरिसकेका छन्।

नेपालको संविधानले सर्वोच्च, उच्च र जिल्ला गरी तीन तहको अदालतको व्यवस्था गरेको छ। साथै, संवैधानिक विवादका लागि संवैधानिक र स्थानीय स्तरका विवाद समाधानका लागि स्थानीय निकायलाई न्यायिक अधिकार दिइएको छ।

ठूलो अदालतहरूमा जाँदा मुद्दाको चाप बढी हुने हुँदा समय र खर्च बढी लाग्ने हुन्छ। र छिटो न्याय पाउने सम्भवाना पनि कम हुन्छ। न्यायिक समितिले गर्ने न्याय सम्पादनको कार्य निष्पक्ष हुन जरुरी छ। जुन राजनीतिक दलबाटै आएका जनप्रतिनिधि भएकाले बेलाबेलामा शंका उपशंका हुने समेत गरको छ।

१. लेखक कानुनकी विद्यार्थी तथा पत्रकार हुनुहुन्छ ।

न्यायिक समितिले खासगरी देवानी प्रकृति विवादहरू स्थानीय तहबाट निराकरण गर्न सक्ने अधिकार संविधानले दिएको छ। न्यायालयमा धाउनु पर्दा आम उपभोक्ताले धेरै सास्ती भोग्नुपर्ने समस्या पनि यहीँ हल हुने देखिन्छ। जुन सकरात्मक कुरा हो। स्थानीय तहले प्रभावकारी रूपमा न्याय सम्पादन गरेको खण्डमा आम उपभोक्ताले सहज न्याय पाउन सक्छन्। स्थानीय तहका विवादित मुद्दाहरू स्थानीयस्तरमै समाधान होस् भन्ने उद्देश्यले नै संविधानमा स्थानीय तहमा न्यायिक समितिको परिकल्पना गरिएको हो।

वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीका अनुसार जुन उद्देश्यका अनुसार स्थानीय तहमा न्यायिक समिति गठन गर्ने संविधानले परिकल्पना गरेको हो, त्यो अनुरुप काम हुन सकेको छैन। "स्थानीय तहमा जति पनि विवादित विषयहरू छन्, जनताको घरदैलोमै न्याय निरूपण होस्, सहज र छिटो न्याय होस् उद्देश्य हो तर त्यो अनुरुप व्यवहारमा हुन सकेको छैन"-उहाँले भन्नुभयो।

७ सय ५३ वटै स्थानीय तहमा सरकारले कसरी न्याय सम्पादन गर्ने ? भन्ने विषयमा सरकारी तथा गैरसरकारीस्तरबाट तालिम दिने काम समेत गरिएको छ। संविधानले स्थानीय तहलाई सल्लाहकार र आवश्यक कर्मचारी राख्न पाउने अधिकार समेत दिएको छ। सो अनुरुप काम गरे न्याय निरूपण गर्न सहज हुन्छ।

नेपालको संविधानले स्थानीय तहमा न्यायिक समिति गठनको व्यवस्था गर्‍यो। जनप्रतिनिधिका लागि यो नौलो अभ्यास हो। यसअघि यस्ता अभ्यासहरू स-साना विवाद स्थानीय तहका मिलाउने भएता पनि कानुनी हैसियतमा न्याय सम्पादन हुने व्यवस्था थिएन। जसले गर्दा यो विशुद्ध नवीतम अभ्यास होस्। न्याय सम्पादनको कुर्सीमा बसेपछि न्यायको सर्वमान्य सिद्धान्त र प्राकृतिक सिद्धान्तलाई ध्यानमा राखेर न्याय दिनुपर्ने हुन्छ। स्थानीयस्तरमा बढी मात्रामा मेलमिलापलाई बढी ध्यान दिनुपर्ने जरुरी छ। न्याय सम्पादन गर्दा अभ्यासरत विज्ञबाट तालिम लिएर न्याय निरूपण गर्न राम्रो हुन्छ। कतिपय अवस्थामा नेपालको सर्वोच्च अदालतका फैसलाहरू नै कार्यान्वयन गर्न कठिनाइ हुने गरेको छ तर स्थानीय न्यायिक समितिले स्थानीय तहमा फैसला कार्यान्वयनको सुनिश्चितताको हुने समेत बढी सम्भावना हुन्छ।

स्थानीय तहमा प्रमुख या उपप्रमुखमध्ये एक महिला हुनुपर्ने बाध्यात्मक कानुनी व्यवस्थ भएको हुँदा देशभर ९० प्रतिशतभन्दा बढी उपप्रमुखहरू महिला निर्वाचित भएका छन्। यसरी हेर्दा स्थानीय तहमा न्याय सम्पादन गर्ने जिम्मेवारी महिलाको काँधमा छ र निष्पक्ष न्याय सम्पादन गरेर देखाउनुपर्ने चुनौती पनि न्यायिक समितिलाई छ।

व्यवस्थापिका संसद्बाट २०७४ साल असोज ६ मा पारित "स्थानीय शासन ऐन" अनुसार "देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी" प्रकृतिका अपराधसँग जोडिएका विवादित विषय न्यायिक समितिले हेर्न पाउने व्यवस्था छ। न्यायिक समितिले विवादित मुद्दाहरूमा उजुरी लिने र सुनुवाइपछि फैसला गर्ने त्यो गर्दा मेलमिलापका प्रक्रियाबाट विवाद समेत निरूपण गर्न पाउने व्यवस्था छ। स्थानीय प्रशासन ऐन अनुसार १३ किसिमका विवादित मुद्दाहरू न्यायिक समितिले हेर्न पाउँछ।

ती मुद्दाहरूमा आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजुरी नदिएको, घरपालुवा पशुपंक्षी हराएको वा पाएको, ज्येष्ठ नागरिकको पालन पोषण तथा हेरचाह नगरेको, नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षा-दीक्षा नदिएको, वार्षिक रु २५ लाख रुपियाँसम्मको बिगो भएको घरबहाल र घर बहाल सुविधा, अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेका, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछाडी बनाएको, कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै अएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो नहर, पोखरी, पाटी-पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै किसिमको सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको र सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण गर्न सक्ने भन्ने व्यवस्था छ।


मेलमिलाप नीतिबाट न्यायिक समितिले स्थानीय विवादहरू समाधान गर्न सक्ने स्थानीय शासन ऐनमा व्यवस्था गरिएको छ। जुन ऐनअनुसार स्थानीय तहले मेलमिलापका माध्यमबाट १२ थरिका विवादहरू समाधान गर्न सक्नेछन्। सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक हकको जग्गा अर्कोले चापी, मिची वा घुसाइ खाएको, सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको, पति-पत्नीबीचको सम्बन्ध विच्छेद, अङ्गभङ्गबाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट, गाली बेइज्जती, लुटपिट, पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको, अरुको आवासमा अनधिकृत प्रवेश गरेको, अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको, ध्वनि प्रदुषण गरी वा फोहोर-मैलाले छिमेकी असर पुर्‍याएको, प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति फरार भएमा देवानी र फौजदारी विवादमा एक वर्षसम्म कैद हुन सक्ने मुद्दा निरूपण गर्न पाउने कानुनी व्यवस्था छ।

स्थानीयस्तरमा न्याय दिलाउने विषय निकै चुनौतीपूर्ण विषयमा पनि हो। झगडियाहरू चिनजानका र वास्तविकता बुझेको भए पनि मतदाता र निकटका झगडियाहरूलाई चित्त बुझाएर न्याय सम्पादन गर्ने काम सजिलो छैन। कानुन, विधि र प्रक्रियाका ज्ञाता भए पनि "विवेक" प्रयोग भएन भने वास्तविक पीडितले न्याय पाउन सक्दैन। दोषी व्यक्ति निर्दोष र निर्दोष व्यक्ति दोषी ठहरिएमा समाजमा ठूलो अन्याय पर्न जान्छ। न्यायका उपभोक्ताको विश्वासमा आघात पुग्ने गरी न्यायिक समितिले काम गर्न हुँदैन। वरिष्ठ अविधक्ता डा. चन्द्रकान्त ज्ञवालीका अनुसार न्यायिक समितिमा बसेपछि पार्टीगत कोट फुकालेर न्याय सम्पादनमा लाग्नुपर्छ। न्यायको सर्वमान्य सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त र विवेकको प्रयोग गरेर न्याय सम्पादन गर्नुपर्छ। यसर्थ न्याय सम्पादन निकै जटिल र विशिष्ट प्रकृतिको हुने हुनाले न्याय सम्पादन गर्दा विवेक पुर्‍याएर निष्पक्ष न्याय न्यायिक समितिले दिनुपर्छ। छिटो, छरितो, कम खर्च र कम समयमा न्याय पाउने आशामा स्थानीय नागरिकहरू छन्।

फिचर

नरेन्द्रसिंह कार्की


# तुइनकै सकस



बिहानको ५ बजे, करबीरसिंह धामी झिसमिसेमा आँखा मिच्दै उठ्छन्। हातमुख धोएपछि दैनिक काममा जानुपर्ने उनको बाध्यता। सात जना परिवारको गर्जो टार्न दैनिक काम नगरी सुख छैन। तीनपालाको तुइनमा ताङ्लो (रसीको डोरीले बाँधिएर) तरेर भारतको लखनपुर पुग्छन्। घन समाउँदै ढुङ्गा पिट्दै उनको दैनिकी सुरु हुन्छ। गाउँघर, देश, विदेशका समाचारप्रति उनलाई कुनै चासो छैन। आफ्ना सात जना परिवारको साँझ बिहानको जोहो गर्दै उनलाई ठिक्क छ। देशमा सङ्घीयता, नयाँ नेपाल, सिंहदरबारको अधिकार गाउँ आएको कुनै पनि कुराले छोएको छैन। सिंहदरबारको अधिकार गाउँ आयो भन्छन्, तर उनको भारतमा गएर गर्ने काम भने छुटेको छैन।

दार्चुला जिल्ला व्यास गाउँपालिका- २ मालका धामी मात्रै हैन यहाँका अधिकांश स्थानीय भारतीय सडकमा काम गरेर दैनिकी गुजारिरहेका छन्। काम मात्रै हैन यहाँका नागरिकको आवतजावत गर्ने पुलको विकल्प नहुँदा त्यही तारमाथि जीवनको बाजी राखेर आवत जावत गर्न बाध्य छन्। दैनिक खाद्यान्नको जोहो त्यही फलामे तारबाट वारपार हुन्छ। विद्यार्थीको विद्यालय आवतजावत त्यही तुइन हो। गर्भवती महिला अथवा बिरामीको लागि एम्बुलेन्स





त्यही तुइन हो,। जे पनि तुइन, जुनसुकै सरकार आएपनि तुइन ६५ वर्षीया छुनी धामीले भनिन्। दुई वर्षअघि तुइन विस्थापन गर्ने भनेर उद्घोष गरेका प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले पनि सरकारको बागडोर सम्हालेका छन्।

हरेक पटकका निर्वाचनमा तुइन विस्थापन गरी झोलुङ्गे पुल निर्माण गरिन्छ भनेर नेताहरूले आश्वासन बाँडेको पनि धेरै सुनियो। तर हाम्रो समस्या जहाँको त्यहीं छ, ९३ वर्षीया मनुरा धामीले भनिन्। दश वर्ष भयो तिंकर सडक निर्माण हुन्छ भन्ने सुनेको तर न सडक न पुल नै। हाम्रो समस्या सुनिदिने सरकार कहिले आउँला ? उनले भनिन्। मेरो उमेर त गयो, तर मेरा नातीनातिनीले पनि यही तुइनबाट दुःख पाउने गरेका छन्। नाती नातिनी बजार पठाउन आफै तुइनसम्म नगए चित्त बुझ्दैन उनले भनिन्।

व्यास गाउँपालिका-२ का ३५ वर्षीया सकुन्तला भण्डारीको २०७५ वैशाख २४ गते महाकाली नदीमा बगेर मृत्यु भयो। उनको शव अझै फेला परेको छैन। यस क्षेत्रमा पुल नहुँदा हरेक वर्ष १-२ जनाले ज्यान गुमाउने गरेका छन् व्यास गाउँपालिका- २ का वडाअध्यक्ष धिरनसिंह बुढाथोकीले भने। महाकाली वारपारी गर्ने विकल्प तुइन मात्रै छ, तुइन विस्थापनको पर्खाइमा स्थानीय छन्। महाकालीमा बेपत्ता भएकाहरूको शवसमेत फेला पर्दैन।

अझै महाकाली नदीको व्यास गाउँपालिकाको दुम्लिङ, माल, गस्कु, बर्तीघाट, डोकट, स्याकु, नाजी, बसेडी, लगायतका क्षेत्रमा तुइन यथावत छन्। केपी ओली प्रधानमन्त्री हुँदा तुइन विस्थापन गर्ने भनिए पछि दार्चुलामा हालसम्म महाकाली नदीमा एउटा मात्रै तुइन विस्थापन गरिएको छ। दश वटा तुइन विस्थापन गर्ने भन्दै टेण्डर आह्वान गरिए पनि भारतीय सरकारले अनुमति नदिँदा तुइन विस्थापन रोकिएको नेपाली पक्षले जनायो।

लालीमा ट्युब विस्थापन गरेर पुल निर्माण शुरु गरिए पनि अझै पूरा हुन सकेको छैन। पछिल्लो समय भारतीय पक्ष नेपालका थप तीन ठाउँमा पुल लगाउन सकारात्मक देखिए पनि अन्तिम स्वीकृत नदिँदा निर्माण हुन नसकेको जिल्ला प्राविधिक कार्यालयका सव इन्जिनियर एवम् झोलुङ्गे पुल शाखाका करनसिंह धामीले बताए। भारतसँग हुने सचिवस्तरीय बैठकमा महाकाली नदीको मालघाट, बर्तिघाट, र बसेडीमा झोलुंगे पुलको लागि अनुमति दिन बैठकमा प्रस्ताव लिने गरी जिल्लाबाट सिफारिस पठाइएको धामीले बताए। भारतीय पक्ष सकारात्मक भएर अनुमति दिए दुहु क्षेत्रका थप तीन वटा तुइन विस्थापन हुनेछन्।

अहिले तुइन विस्थापनको लागि ठोस पहलको आशा यहाँका नागरिकले गरेका छन्, मालका स्थानीय बहादुरसिंह धामीले भने सरकारले पुल निर्माणको लागि पहल गरे यहाँका नागरिकले अकालमै ज्यान गुमाउने थिएनन् कि ? खाद्य अभाव हुने यस क्षेत्रका नागरिकले झोलुङ्गे पुलमार्फत सहजै खाद्यान्न आयात गर्ने थिए। सहजै बालबालिका विद्यालय पढ्न जान पाउने थिए भने गर्भवती र बिरामीलाई सहजै उपचारको लागि सुविधा सम्पन्न अस्पताल लिन सकिन्थ्यो धामीले भने।

कथा

# पवित्रा



**देवराज पौडेल**

"पवित्रा आई....पवित्रा आई....अब खान्छे। आमा हो... आमा हो"। चार/पाँच जना बालबालिकाहरू ओरालोतिर रुँदै कराउँदै लड्दै खुरमुरिँदै झर्दै थिए। कसैको घुँडाको छाला तछारियो त कसैको नाक जोतियो। केही समय अघि उकालो लागेका केटा केटी एक एक रुँदै कराउँदै झरेको देखेर म पनि आफ्नो धैर्यतालाई तोड्दै बाटो छेउ आएँ।

म केही दिनअघि मात्र पहाडको मामाघर पुगेको थिएँ। पहाडी वातावरणले म लोभिएको थिएँ। मनोरम हिमश्रृङ्खलाका, गगनचुम्नी पहाडी श्रृङ्खला जसलाई लालीगुराँसको रङ्गीन फूलहरूले रङ्ग्याएको थियो। पहाड माथिबाट खसेको दूध जस्तै कञ्चन पकली छाँगो, सङ्गीत सृजना गर्दै लिखुमा मिसिन पुगेको दृश्यले मलाई आकर्षित गरेकाले चौडिल्लोको ढुङ्गामाथि बसेर प्राकृतिक छटामा हराएको थिएँ। जब म अचेत र अटल परिवेशबाट होसमा आएँ, ती बालबालिकाहरू कोकोहोलो गरेर रुँदै कराउँदै ओरालो झरेका थिए।

उनीहरू तल्लो गाउँतिर झरे। म भने बाटोमा ठिङ्ग उभिइरहेको थिएँ। माथिबाट एक १५-१६ वर्षे बालिका हातमा हँसिया र नाम्लो लिएर तलतिर झर्दै थिइन्। बालबालिकाहरू आँत्तिएर रोएको रहस्य प्रष्ट भयो जब ती बालिकानजिक आइपुगिन्। चुच्चो नाक, ठूलो चौडा निधार, लामो केश, सलक्क परेको हात, गोडा, गुन्यौचोली र बुट्टेदार फरियाकाबीचमा सेतो पटुका बाँधेकी ती बालिकाको माथिल्लो ओठ चिरिएर नाकको भित्रसम्म पुगेकाले ३-४ वटा दाँत पनि प्रष्ट देखिएका थिए।

बालबालिकाहरू डराउनुको कारण पनि त्यही अनौठोपन रहेछ। केही छिन्को मनोरम दृश्य अवलोकन पछि म मामाघरतर्फ लागे। घरमा मामाको सानो छोरो झगडा गर्दै रहेछ। माइजु फकाउँदै हुनुहुन्थ्यो। तर, भाइ भोक लाग्यो भनेर रुँदै थियो। "आफ्नो कति काम बितेको छ, भरे भैँसीलाई दिने घाँस छैन। चामल छैन। धान काट्नु छ। बिस्कुन उठाएको छैन। घाम डुब्न लागिसक्यो। तिमीहरूलाई भने झगडा गऱ्यो। भइहाल्यो। चुप लाग। तर बच्चा रून छाड्दैन। अनेक कोसिस गरी सम्झाउँदा नमानेपछि माइजुले अन्तिम अस्त्र छाड्नु भयो। पवित्रालाई बोलाउँ। ए ....पवित्रा ... आइज यो कान्छो रोयो। यसलाई लैजा।" यति भनी नसक्दै भाइ चुप। ऊ हिकहिक गर्दै रुवाई रोक्ने प्रयास गर्दै थियो।

प्राय : गाउँ घरमा बच्चा रुँदा वा झगडा गर्दा स्याल आउँछ। स्यालले खान्छ। रुनु हुँदैन। जोगीले धोक्रोमा हाली लान्छ। रुनु हुँदैन। ढाडे बिरालोले लान्छ। रुनु हुदैन। भन्दै बाल मस्तिष्लाई डर देखाउने गर्दछन्। तर यो गाउँमा डरकी खानी, रुवाइको औषधि ती नै पवित्रा रहिछन्। उनको मुख देखेपछि बालबालिकाहरूको सातोपुत्लो उड्दोरहेछ। गाउँका मान्छेले उनलाई ढाडे बिरालो, स्याल, जोगीसँग दाँज्ने "हाउगुजी"को पगरी गुथाएका रहेछन्। मेरी माइजुले समेत भाइ रोएको बेला खाजा नदिएर पवित्राको त्रास देखाएको देख्दा म चिन्तित भएँ तिनको भविष्यप्रति।

मामा घरको बसाइको क्रममा एक दिन चौतारीमा हावा खाँदै थिएँ। त्यहाँ गाउँघरका बालबालिका तथा युवा जम्मा भएका थिए। एउटा विषयमा दुई युवाबीच तर्कवितर्क भयो। आफ्नो भनाइ ठीक सावित गर्न बाजी पऱ्यो। बाजी हार्नेले पवित्रालाई "म्वाइँ"खानु पर्ने प्रस्ताव पास भयो। म चकित भएँ। दुई युवाबीच बाजी पर्दा ती बालिकालाई बीचमा ल्याउनुको औचित्य थिएन। तर, एउटा स्वतन्त्र नागरिक (जो बालिका हुन्) लाई बाजीको केन्द्रबिन्दु बनाएको देख्दा उनको मानहानि गरेको, हुर्मत लिएको महसुस भयो मलाई। उनलाई तुच्छपना र तल्लो दर्जाको नागरिक बनाएको थियो त्यो समाजले। एउटा ओठ जन्मजात चिरिएकोमा उनको के दोष थियो र ? उनको अपाङ्गताको फाइदा उठाउँदै हाँसिमज्जाक गर्दै थिए युवाहरू।

पवित्राप्रति सहानुभूति जागेर आयो। उनको उपचारको लागि कदम चालुँ जस्तो लाग्यो। यो यौवन अवस्थामा युवाहरूको आकर्षणको केन्द्र बन्नुपर्ने युवती आज घृणाकी पात्र भएको देख्दा टिठ लागेर आयो। मेरो सानो प्रयासले उनको भविष्य उज्वल र सुखमय हुन्छ भने मैले केही गर्नै पर्छ। मेरो अन्तरमनले भन्यो। मानवताको नाताले पनि उनको उपचारको लागि उनको अभिभावकलाई सल्लाह दिन अन्तरमनले घच्घच्यायो। म पवित्राको घरको आँगनको डिलमा रहेको चेप्टो ढुङ्गामाथि गएर बसेँ। एउटा अपरिचित मान्छे एकाएक आँगनमा देख्दा त्यो घरका सबै (परिवारका सदस्य) दलानमा एकत्रित भएर उभिए। एउटा १०-११ वर्षको बालक म नजिकै आयो र पवित्रातर्फ औंल्याउँदै भन्यो। "दाइ ऊ त्यसले तपाईंलाई जिस्क्याइ रहेकी छे। ए...पवित्रा दाइलाई जिस्काउँछेस् " उनी नीलो मुख लगाएर भित्र पसिन् आफ्नो पीडा लुकाउन। छोरोले छोरीलाई जिस्काउँदा पनि उनका आमाबाबु मुसुमुसु हाँसे छोराको मौन सहमति गरे। यो घटना मेरो लागि सह्य भएन।

कुरैकुरामा मैले उनलाई शहर लैजाने प्रस्ताव राखें। आमा बाबुको असहमतिका बावजुद पवित्राले आफू शहर जाने इच्छा जाहेर गरिन्। आमा बाबुको असहमति हुँदाहुँदै पनि उनको रोइकराइबाट उपचार गराउन पठाउने सहमति भयो। उनी मसँग शहर आइन्। तीन चार महिनाको पर्खाइपछि अस्पतालमा पालो पाइयो ओठ सिलाउने अप्रेशन गर्ने। अप्रेसन भयो। उनको ओठ जोडियो। अप्रेसनपछि उनले ऐना हेरिन्। हर्ष र खुशीले उत्तेजित हुँदै चिच्याइन्। उनी प्रसन्न भइन्। शहर बसाइकै क्रममा उनलाई साधारण लेखपढ गर्न सिकाएँ। एक वर्षको अन्तरमा उनी लेखपढ गर्न धेरै जान्ने भइन्। एसएलसी परीक्षा दिलाउने व्यवस्था मिलाएँ।

परीक्षामा उनी सफल भइन्। मेरो परिश्रम र उनको लगनशीलताको फल प्राप्त भयो। उनी भित्र जति तीक्ष्ण बुद्धि र चलाख थिइन् त्यति नै बाहिरी रूप पनि आकर्षक भएको थियो। केही वर्षकाबीचमा उनमा प्रशस्त परिवर्तन भएको थियो।

केही वर्षपछि उनलाई जिम्मा लगाउन साथमा लिएर म मामा घरतर्फ लागेँ। अब उनी पवित्रा थिइनन्। उनको नाम मैलै "पल्लवी" राखेको थिएँ। तीन-चार दिनको हिँडाइपछि पल्लवीको घर पुगियो। गाउँ घरमा हल्लिखल्ली मच्चियो पवित्रा राम्री भएर आइ भनेर। गाउँलेले उनलाई चिन्न सकेनन्। उनका आमा बावु पनि चकित र हर्षित भए। अब उनी गाउँकी आकर्षणको केन्द्र भएकी थिइन्। युवकहरू उनको शरीर र अनुहार देखेर भतभतिन थालेका थिए। उनको असल व्यवहारबाट गाउँले केटा केटीहरू झ्याम्मिन थालेका थिए। संयोग उनी तुरुन्तै गाउँमा शिक्षिका भइन्। गाउँका केटाकेटी पढाउन थालेपछि गाउँलेकी आदरकी पात्र बनिन् उनी। अब त गाउँलेहरू न्याय निसाफ गराउनसमेत पल्लवी मास्टर नानीलाई बोलाउनु पर्छ भन्न थाले। कसैको घरमा बिरामी परे अब के गर्ने कहाँ लाने भनेर सल्लाह माग्न आउँथे। गाउँलेहरूले उनीप्रति गरेको विश्वास र सम्मानले मेरो परिश्रम र प्रयासले सफलता महसुस हुन्थ्यो। म चाँडै शहर फर्कन चाहन्थे। तर, उनको आग्रहले केही समय म मामा घर मै बसेँ। म मामा घर बसुञ्जेल हाम्रो भेटघाट भइ नै रह्यो। उनको जीवनले कोल्टे फेर्दै थियो। उनी सबैकी आँखाकी नानी भइन्। आदरकी पात्र बनिन्। मैले सिकाएका योजना मुताबिक चल्दा गाउँको मुहार परिवर्तन गर्न उनी सफल बन्दै गइन्। गाउँमा परिवर्तका लक्षण देखा पर्न थालेका थिए।

एक दिन म बिदा हुने भएँ। गाउँलेहरू पनि खिन्न थिए, मलाई विदा गर्नु पर्दा। मेरो मार्गदर्शनले पल्लवी चलेकी उनीहरूलाई ज्ञान थियो। विदा गर्न पल्लवी निकै वरसम्म आइन्। उनको गहभरि आँसु टलपलाएको थियो। उनको उज्यालो अनुहार तेल सकिएको बत्ति झैँ मधुरो भएको थियो। उनले सुस्तरी आफ्नो मुख खोलिन् "तपाइँ मेरो लागि देवता भएर आउनु भयो। म यो ऋण कसरी चुक्ता गर्न सकुँला ? म तपाइँकी ऋणी छु। आमा बुवालाई मेरो नमस्कार सुनाइ दिनु होला।" उनी सुकसुकाउन थालिन्। "फर्क तिमी धेरै वर आयौँ। म जान्छु।" मैले भने उनी केही भन्न लागेझैँ थिइन्। तर, वाक्य प्रष्फुटित हुन सकेन। छुट्टिने बेलामा एकछिन् उभिइन् र एउटा कागजको टुक्रा मेरो हातमा थमाइन्। बलिन्द्र धारा आँसु झारेर केही नबोली अन्तिम बिदाइ स्वरूप हात हल्लाइन्। म शहरतर्फ बढे उनी गाउँतर्फ लागिन्। अलि वर आएपछि मैले फर्किएर हेरेँ। संयोग उनी पनि फर्किएर हेर्दै थिइन्। पुनः हात हल्लायौँ बिदाइको। अलि वर आएपछि बाटो मोडियो। उनी ओझेल परिन्। एक छिन् अगाडि उनले दिएको कागज मुठीमै थियो। मैले खोली हेरेँ। कागजमा लेखिएको थियो -

मेरो ईश्वर !

म तपाइलाई आत्मादेखि नै पूजा गर्छु। म तपाइँलाई माया गर्छु। म तपाइँको जीवनसाथी हुन चाहन्छु। मेरो प्रस्ताव स्वीकार गर्नुहोस् ल !

तपाइँकी मात्र

पल्लवी।


**मानव अधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको**

# मानव अधिकार शिक्षा कार्यक्रम

**रेडियो नेपालको मिडियम वेभ प्रशारण र रेडियो नेपालका आफ्नै एफएम स्टेशनहरू ९८, १०० र १०३ मेगाहर्ज (२१ ओटा) बाट आइतबार बिहान ८:१५ बजे, पाख्रिबास एफएम १०४ मेगाहर्जमा सङ्खुवासभाबाट आइतबार साँझ ६:३० बजे र रेडियो राईट्स नेपाल १०५.३ मेगाहर्ज पोखराबाट आइतबार बिहान ८:१५ बजे प्रशारण हुन्छ।**

**त्यसैगरी यो कार्यक्रम कार्यक्रम प्रशारणकै समयमा रेडियो नेपालको वेभसाइट** www.radionepal.gov.np **बाट र**

**आफूले चाहेका बेला**


www.insec.org.np,

www.inseconline.org,

www.nepalmediaonline.com

**लग अन गरी सुन्न र डाउनलोड गर्न सक्नुहुन्छ।**

## पुस्तक समीक्षा




'लालटिनको उज्यालोमा' एउटी महिलाको आत्मकथा हो। जसको राजनीतिक योगदान महत्त्वपूर्ण छ। असल पत्नी, कुशल गृहणी अनि जिम्मेवार र कर्तव्यनिष्ठ आमाको कथा। एउटा जागिरेको कथा। स्वाभिमानी महिलाको कथा। सरस्वती ज्ञवालीद्वारा लिखित "लालटिनको उज्यालोमा" पुस्तक ग्रामीण परिवेशदेखि राजनीतिककर्मी तथा राजीतिककर्मीका पत्नीले भोग्नुपर्ने सङ्घर्षका कथा हो। 'लालटिनको उज्यालोमा' एउटी महिलाको आत्मकथा हो। जसको राजनीतिक योगदान महत्वपूर्ण छ। असल पत्नी, कुशल गृहणी अनि जिम्मेवार र कर्तव्यनिष्ठ आमाको कथा। एउटा जागिरेको कथा। स्वाभिमानी महिलाको कथा। क्षमतावान र सक्षम भए पनि पतिको प्रगति र उन्नतिका लागि एक कदमपछि बसेर सहयोग गर्ने सहयात्रीको कथा। महिला पुरुषको योगदान, अधिकार र दायित्व समान हुनुपर्छ भन्ने समविकासको सिद्धान्त अँगालेकी महिलाको कथा।

पञ्चायती शासनविरुद्धको आन्दोलनमा सक्रिय हुँदाका पीडा, जागिरका सिलसिलामा राजनीतिक खिचातानीका कारण आफूले भोगेको सास्ती, अनि अपाङ्ग छोरी जन्मिँदाको पीडाको साथै उसको हेरचाह लगायतका अनुभव किताबमा समावेश छन्। लालटिनको उज्यालोमा एउटी महिलाको आत्मकथा मात्रै नभई तात्कालीन सामाजिक राजनीतिक परिवेशको दस्तावेज पनि हो।

जन्मघर र कर्मघर दुवैमा राजनीतिक वातावरण मिलेकाले उनलाई आफ्नो यात्रा केही सहज त बनायो तर बाहिरी दुनियाँ भिन्न थियो। अब मस्तिष्क पक्षघात भएकी असामान्य छोरीको रेखदेखको जिम्मेवारी पनि। आन्दोलनका क्रममा प्ले कार्ड बनाउने क्रममा सघाएको, परालको चाङ बनाएर पुरेर राखेको, सङ्गठनको कामको प्रगति र खाए नखाएको बरोबर ख्याल गर्ने लगायत प्रसङ्गबाट सरस्वतीले सासूको स्थानमा आफ्नै आमा पाएको अनुभुति पाठकलाई गराउँछ। 'मेरी सासू पनि यस्तै भए ?' कामकाजी महिलाको मुखबाट अनायासै यो शब्द बाहिर आउँछ।

महिला जागरण र शिक्षाको चेतनासँगै गुल्मीमा अनेमसंघको कमिटी बनाउने हुटहुटी, पराइ घर जादाको कष्ट, पीडा र अन्त्यमा डर, भय विविध आंशकाको हुण्डरी। 'बंगालको खाडी र अरब सागरबाट एकसाथ मिसिएर वायु आयो भने नेपालमा के हुन्छ ?' पहिलो पटक प्रदीप ज्ञवालीको घर जाँदै गर्दा सरस्वतीले यस्तै अनुभव गरिन्।

छोरी, पत्नी, बुहारी, आमा, जागिरे जीवन र राजनीतिलाई सँगसँगै लैजान विविध आरोह र अवरोहलाई चिर्दै अगाडि बढ्नुपर्ने र त्यहाँ आइपर्ने जुनसुकै दु:ख कष्ट सहन पनि तयार हुनुपर्ने सङ्घर्षशील महिलाको कथा हो।

२९ शीर्षकमा विभाजन गरिएको पुस्तकमा लेखकले आफ्नो जीवन कथामार्फत आम महिलाले भोग्नुपरेको बुहार्तन, घर, परिवार, समाज, जागिर, राजनीति गर्दाका अनुभूति आइपर्ने चुनौती कसरी सामना गरी अगाडि बढ्न सकिन्छ ? एउटा पत्नीले पतिको प्रगति, सफलता, खुशीका लागि आफ्नो जागिर, राजनीतिक जीवन र निजी जीवनसमेत कसरी गौण बनाउनु पर्छ भन्ने बारेमा मिहिन तरिकाले उल्लेख गरेकी छन्।

पुरुषलाई राजनीति गर्न जति सजिलो छ तर, सोही काम महिलाले गर्दा आइपर्ने समस्या, परिवार र समाजका चुनौतीलाई कसरी सामना गर्नुपर्छ भन्ने विषयलाई तुलनात्मक रुपमा पुस्तकमा प्रस्तुत गरिएको छ।

यो पुस्तक एउटा व्यक्ति विशेषले भोगेको भावनात्मक कथा भए पनि आजसम्म आम महिलाले भोग्नुपरेको विषयवस्तुको कथाको रूपमा लिन सकिन्छ। लालटिनको उज्यालो पढ्दै गर्दा कामकाजी महिलालाई आफ्नै पीडा लिपिबद्ध गरे जस्तै लाग्छ। यो एउटी महिलाले गरेको पारिवारी जिम्मेवारीबोधको उत्कृष्ट दस्तावेज पनि हो।

***प्रस्तुति : गीता माली***

अन्तर्वार्ता

# गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनालाई प्रष्ट्याउनु आवश्यक छ



*वरिष्ठ अधिवक्ता **अग्नि खरेल**, नेपाल सरकारका महान्याधिवक्ता हुनुहुन्छ। श्री खरेलले कानुनमन्त्री भई नेपालको संविधान अनुसारको कानुनहरूको तर्जुमा गर्ने जिम्मेवारी बहन गरिसक्नु भएको छ। सरकारलाई कानुनी सल्लाह दिनुका साथै कानुन मस्यौदा गर्ने कार्य श्री खरेलका व्यस्त दैनिकीमा पर्छ। मौलिक हक कार्यान्वयन, कारागार व्यवस्थापन र सङ्क्रमणकालीन न्यायका लागि आवश्यक कानुन निर्माणलगायतका विषयमा प्राचीका लागि रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीको सम्पादित अंश।*

***नेपालको संविधानमा उल्लिखित मौलिक हकका कतिपय धारामा तीन वर्षभित्र कानुन बनाएर लागु गरिनेछ भनिएको छ। तीन वर्ष पूरा हुन केही महिना मात्रै बाँकी छ। के कति काम भएका छन् ?***

कानुन बनाउने काम संसदको हो। मस्यौदाको कुरा सोध्नु भएको हो भने- नेपाल सरकारले केही समय अघि निर्णय गरेर महान्यायाधिवक्ताको नेतृत्वमा कानुन सचिव, कानुन आयोगका अध्यक्ष प्रधानमन्त्रीको कार्यालयका कानुन हेर्ने सचिव, महान्याधिवक्ता कार्यालयको नायब महान्यायाधिवक्ता, केही विशेषज्ञसहितको नौ सदस्यीय समिति गठन गरेको छ। महान्यायाधिवक्ताको नेतृत्वमा गठन गरिएको यो समितिको काम भनेको मस्यौदालाई सहजीकरण गर्ने र तयार गर्ने हो। त्यसैले संविधानको कार्यान्वयनसँग गाँसिएका कानुनहरूको निर्माणमा सहजीकरण गर्ने भएरै त्यसको नाम नै सहजीकरण समिति भनेर राखिएको हो। सहजीकरण समितिले

**नयाँ संविधान कार्यान्वयनका लागि स्थानीय, प्रदेश र सङ्घीय संसदको निर्वाचन सकिइसकेपछि एक ढङ्गको सङ्क्रमणकाल सकियो भनियो। यद्यपि त्यो सङ्क्रमणकाल सकिइसकेपछि पनि नयाँनयाँ आइपर्ने परिस्थितिलाई सम्बोधन गर्न नयाँनयाँ कानुन निर्माण गर्दै जानु पर्ने आवश्यकता छ। त्यसरी नयाँ कानुन बनाउने प्रक्रिया जारी छ। त्यसैले सङ्क्रमणकाल वैधानिक र कानुनी रूपले सकिएको जस्तो देखिए पनि व्यवहारतः गर्नुपर्ने काम बाँकी नै छन्। कानुन निर्माण गर्दै प्रक्रियामार्फत तिनको टुङ्गो लगाउँदै अगाडि बढ्यौं भने मात्रै हामी ठाउँमा पुग्न सक्छौं। हाम्रो अबको बाटो त्यही नै हो।**

मस्यौदा गरेका ती कानुनहरू फेरि पनि सम्बन्धित मन्त्रालयमा नै जान्छन्। जुन जुन मन्त्रालयसँग गाँसिएका विषय छन् ती विषयमा जब छलफल प्रारम्भ गर्छौं त्यतिखेर सम्बन्धित मन्त्रालयको सचिव र कानुन हेर्ने अधिकृतलाई हामीले छलफलमा राख्ने गरेका हुन्छौं। उहाँहरूका कुरा सुनेर नै छलफल अगाडि बढ्दैछ। अहिलेसम्म हामीले ३१ वटा विषयमाथि छलफल गरेका छौं। त्यसमध्ये कतिपय मौलिक हकसम्बन्धी विषय छन् त कतिपय अन्य विषय छन्। धेरैजसो प्रदेश कानुनसँग गाँसिएका विषय छन्।

***मौलिक हकका विषयलाई छाडेर प्रदेश कानुनतिर पुग्नुभयो। किन त्यता लाग्नुभएको ?***

मौलिक हकका विषय छाडेको भन्ने होइन। मौलिक हक कार्यान्वयनका विषयमा पनि हामी अत्यन्तै सचेत र सजग छौं। जतिखेर प्रदेशहरू निर्माण भइसके त्यतिखेर प्रदेशसँग सम्बन्धित कानुन एउटा पनि बनेको थिएन। नमूना कानुन बनाएर नपठाउँदा विभिन्न समस्याहरू आए। त्यसको

समाधान गर्नु आफ्नो कर्तव्य ठानी हामीले त्यसको सहजीकरण गर्‍यौँ। सम्माननीय प्रधानमन्त्रीले केही समय अगाडि प्रदेशका मुख्यमन्त्रीहरूसँग एउटा बैठक आह्वान गर्नुभएको थियो। त्यहाँ म पनि आमन्त्रित थिएँ। त्यो बैठकको मुख्य निष्कर्ष भनेकै प्रदेश कानुन नभएकाले प्रदेश सरकारलाई काम गर्न कठिनाइ भएको भन्ने थियो। सबै मुख्यमन्त्रीको साझा भनाइ यही थियो। अहिले सरकारले प्रदेश सरकारलाई कानुन नै बनाएर दिन सक्ने अवस्था थिएन। छैन। त्यसरी कानुन नै बनाएर दिन सक्ने भनेको रूपान्तरित व्यवस्थापिका (संविधान जारी गरिसकेपछिको संविधानसभालाई व्यवस्थापिकामा रूपान्तरण गरिएको थियो ) ले हो। अहिले त प्रतिनिधि सभा गठन भइसकेको छ। संविधान निर्माण भइरहँदा रूपान्तरित संसदले प्रदेशको निम्ति र स्थानीय तहको निम्ति कानुन बनाएर दिन सक्ने, दिएको कानुन कानुन सरह नै लागु हुने र एक वर्ष भित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यसलाई परिवर्तन पनि गर्न सक्ने र त्यसो नगरे त्यही कानुन लागु हुने संविधानमा नै व्यवस्था गरिएको थियो। रूपान्तरित व्यवस्थापिका संसद जो यो प्रतिनिधि सभाको निर्वाचन भन्दा अगाडि ( उम्मेदवारी दर्ताका दिनसम्म) थियो। त्यसैबेला धेरै कानुनहरू बनाउनु पर्थ्यो। संविधान बमोजिमका कानुन बनाउने कुरामा हामी कतै चुक्यौँ भने यहीँ नेर चुकेका छौँ। त्यसबेला धेरै कानुनहरू बनाउनु पर्थ्यो। अहिले आएर प्रदेशको निर्माण भइसकेपछि प्रदेशका मुख्यमन्त्रीहरूले जे कुरा उठाउनुभयो त्यो स्वाभाविक छ। कानुन अभावमा कामकाज गर्न उहाँहरूलाई कठिनाइ भएकै हो। त्यसको समाधानका लागि सरकारले सहजीकरण समिति बनाएर नमूना कानुन भए पनि बनाएर पठाउने भनी सरकारले गरेको निर्णय बमोजिम हामीले कार्य सम्पादन गरिरहेका छौँ। त्यस्ता नमुना कानुनहरूमा आवश्यक परिमार्जन गरेर वा नगरी आफ्नो प्रकृयाबाट संसदमा प्रवेश गराउन तथा पास गराइ लागु गर्न प्रदेश तथा स्थानीय सरकारलाई सहयोग गरिरहेका छौँ।

***लामो समय कानुनी क्षेत्रमा समय व्यतित गर्नुभयो। कानुनमन्त्री पनि हुनुभयो। अहिले महान्यायाधिवक्ता हुनुहुन्छ। कानुन बनाउन र कार्यान्वयन गर्न कुन पाटो कठिन छ ?***

दुई वटैका आ-आफ्नै विशेषता छन्। दुवैमा केही समस्या पनि छन्। केही जटिलता पनि छन्। दुई वटैमा केही सहजता पनि छन्। हामी के कानुन निर्माण गर्न गइरहेका छौँ ? त्यसको पछाडिको सैद्धान्तिक आधार के हो ? त्यसको दार्शनिक पक्ष के हो ? केको निम्ति हामी कानुन बनाउँदैछौँ ? यावत् प्रश्नलाई हामीले केलाएर हेर्नुपर्ने हुन्छ। त्यसपछि कानुन निर्माण गर्ने प्रकृयामा जब हामी पुग्छौँ संसदभित्रैका जटिलता पनि पाउँछौँ। प्रक्रियामा स्पष्टताका लागि हामी निकै लामो प्रकृया अँगालिरहेका छौँ। त्यता पनि जटिलता नै होला। कानुनतः संसदले विविध प्रकृया पुर्‍याएर बनाउँछ। सरकारले संसदमा प्रस्तुत गर्छ। कहिलेकाहीँ 'प्राइभेट बिल'का रूपमा पनि प्रस्तुत हुन्छ। हाम्रो संसदको परिपाटीबाट तपाइँले हेर्नुभयो भने कुनैमा कम होला कुनैमा बढी होला। सरदर २०-२२ वटा 'स्टेप' हुन्छन्। सबैभन्दा पहिला कानुन मन्त्रालयसँग सैद्धान्तिक समहति लिनुपर्छ। म कानुन मन्त्री हुँदा सबै विषयमा सैद्धान्तिक सहमति लिएका थियौँ। तीन दिनभन्दा बढी कुनै विषयलाई बाँकी राखेका थिएनौँ। कामको प्राथमिकिकरण गरेका थियौँ। प्राथमिकतामा पहिला परेको कामलाई पहिला गर्ने थिति बसालेका थियौँ। हामीले नाकाबन्दीका कारण लामो समयसम्म कानुन बनाउन सकेनौँ। तर, पछिल्ला तीनचार महिनामा ३६ वटा कानुन हामीले क्याबिनेटबाट पाससमेत गर्नसक्यौँ। कति संसदबाटै पास गर्‍यौँ। न्याय, कानुनसँग सम्बन्धित प्राय सबै कानुन पास गर्‍यौँ। त्यसपछिका २०-२१ महिनामा १५-१६ वटा मात्रै कानुन बनाइए। त्यो अवधिलाई कानुन निर्माणको अवधिका रूपमा लैजानु पर्थ्यो। त्यहाँनेर केही कमजोरी भयो। ढिलासुस्ती भयो। हामीले २०७२/०७३ लाई कानुन निर्माणको वर्षका रूपमा लैजानुपर्छ भनेका थियौँ। हामी सरकारबाट हटेपछि त्यसको कार्यान्वयन हुन सकेन।

एकपटक कानुन बनाइसकेपछि त्यसले कहाँ कहाँ प्रभाव पार्छ भन्ने कुराको चेक लिष्ट आवश्यक हुन्छ। कार्यान्वयन कागज आफैँले त गर्दैन। कार्यान्वयन गर्ने अधिकारीलाई संवेदनशील बनाउनु पनि उत्तिकै आवश्यक हुन्छ। उदाहरणको लागि २०७५ साल भदौ १ गतेदेखि मुलुकी ऐनलाई विस्थापित गर्दै मुलुकी फौजदारी संहिता, मुलुकी देवानी संहिता, मुलुकी फौजदारी संहिता कार्यविधि, मुलुकी देवानी संहिता कार्यविधि र मुलुकी सजाय निर्धारणसम्बन्धी ऐन गरी पाँच वटा ऐनहरू लागु हुँदैछन्। हामीले त्यसभित्र सुधारात्मक दण्ड प्रणालीलाई अगाडि ल्याएका छौँ। यो अहिलेको नवीनतम मान्यता पनि हो। तीन वर्षभन्दा कम कैद हुने मुद्दा वा धेरै सजाय भएकामा थोरै सजाय पूरा गर्न बाँकी रहेका मुद्दाका कैदीबन्दीहरूलाई खुला कारागारमा राख्ने भन्ने व्यवस्था छ।

***यो कस्तो कारागार हो ?***

यो पनि कारागार त कारागार नै हो। त्यहाँ प्रहरी पनि हुन्छ। सामान्यखालको घेराबारा पनि हुन्छ। कैदीबन्दी बस्ने ठाउँ पनि हुन्छ। उनीहरूको हाजिरी पनि हुन्छ। त्यहाँ भित्र भएका उद्योगधन्दा, कलकारखानामा काम पनि गर्छन्। नजिकै रहेका कलकारखानासँग सम्झौता गरी पारिश्रमिक निर्धारण गरेर काममा जाने व्यवस्था पनि हुन्छ। त्यस्ता कैदीबन्दी दिनभर काम गरेर साँझ आएर हाजिर गर्ने व्यवस्था पनि हुन्छ। मान्छेको दिमाग त जेलमै हुन्छ त्यहाँ पनि। उसलाई जेलमुक्त भइसकेको कागजात दिइएको हुँदैन। भौतिक रूपमा भन्ने हो भने हिँडडुल गर्नेलगायतका कतिपय स्वतन्त्रता उपभोग गर्न पाएको हुन्छ। यो ऐन २०७५ साल भदौ १ गतेदेखि लागु हुँदैछ भने त्यससम्बन्धी काम त फटाफट हुनुपर्ने हो। हामीले नयाँ ऐनमा १८ वर्ष मुनिकालाई बालबालिका भनेका छौँ। यसअघि १६ वर्ष मुनिकालाई बालबालिका मानिएको थियो। अन्तर्राष्ट्रिय कानुन अनुसार नै हामीले १८ वर्ष मुनिकालाई बालबालिका मानेका हौँ। अब भदौदेखि १६-१८ वर्षका कैदीबन्दीलाई कहाँ राख्ने ? सरकारको तयारी पुगेको छैन। बनाइएका कानुन कार्यान्वयन यस्तै कुराले अल्झाइरहेको छ। उनीहरूलाई त बाल सुधार गृहमा नै राख्नु पर्छ। त्यसको तयारी छ कि छैन ? महत्त्वपूर्ण कुरा यो हो। म ठ्याक्कै त भन्न सक्दिनँ। तर, २ हजारको हाराहारीमा १६-१८ वर्ष उमेरका बालबालिका कैदीबन्दीका रूपमा जेलमा छन्। अब उनीहरूलाई बाल सुधार गृहमा नल्याइ सुखै छैन। बनाइएको कानुनले कहाँकहाँ प्रभाव पार्छ ? भन्ने कुरालाई मसिनो ढङ्गले अध्ययन नगर्ने हो भने कानुन कार्यान्वयन गर्न निकै जटिलताहरू आइपर्छन्।

***एकातिर कारागारलाई सुधार गृहका रूपमा विकास गरिने कुरा गरिँदैछ।***

**गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई प्रष्ट्याउनु आवश्यक छ। कस्ता-कस्ता घटनालाई गम्भीर भन्ने कुरा कानुनमा नै राख्नु आवश्यक छ। सबैलाई गम्भीर मानिदिने हो भने कुनैमा पनि कारबाही हुन सक्दैन। माफी हुन सक्दैन। मिलापत्र हुन सक्दैन। र, सहमति पनि हुन सक्दैन। अनि परिपूरण पनि हुन सक्दैन। जसले गर्दा पीडितको न्यायको कुरा त परै जाओस् सङ्क्रमणकालीन न्यायको गोलचक्करमा हामी वर्षौं रुमलिइरहन सक्छौँ। त्यसैले हत्या, बेपत्ता, बलात्कार, यातनालगायतका केही जघन्य अपराधलाई हामीले गम्भीर प्रकृतिका घटनाका रूपमा कानुनमा नै प्रष्ट्याएर यो विषयलाई छिटै टुङ्ग्याउने चरणमा छौँ।**

***अर्कातिर कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राख्नु परेका कारण व्यवस्थापनमा कठिनाइ भएको छ। बेलाबेलामा यहाँहरूले गर्नुभएको अनुगमनका क्रममा के पाउनु भएको छ ?***

संवैधानिक कानुनी दायित्व भित्र नै कारागार अनुगमनको काम पर्छ। हामीले कारागार अनुगमनको कामलाई नियमित मात्रै गरेका छैनौं कि आवश्यक सुझाव, सिफारिस र निर्देशन तोकिएका निकायमा तत्कालै दिने पनि गरेका छौँ। केहीकेही कुराहरूमा सुधार पनि भएको छ। हामी पनि बसेकै कारागार हुन् ती। हामी बसेकै हिरासत हुन्। मैले आफैं बसेको हिरासतमा पनि अनुगमन गरेको छु। आधारभूत रूपमा अन्तर आएको छ। हिरासतमा कुटपिट गर्ने र जबरजस्ती बयान गराउने परिपाटीको लगभग अन्त्य भएको छ। एकाध समस्या अझै पनि छन्। तर, आधारभूत रूपमा भने सुधार आएको छ। प्रहरीले पनि मानव अधिकार पढेका छन्। कैदीबन्दीलाई गर्ने व्यवहारलाई प्रहरीले मानवोचित व्यवहारका रूपमा प्रयोग गर्ने परिपाटी बढेको छ। सकारात्मक परिवर्तन निकै पाइन्छ। तर, अपेक्षा पूरा हुन भने बाँकी नै छ।

***प्रसङ्ग बदलौँ, सिद्धान्ततः सङ्क्रमणकालको अन्त्य भयो भनियो। व्यवहारमा भने अब सङ्क्रमणकाल सुरू भए झैं लाग्छ। एकातिर तीन तहका सरकारका अधिकारमा हुनसक्ने बेमेल र अर्कातिर सङ्क्रमणकालीन न्यायिक संयन्त्रप्रति अविश्वास र कार्यक्षमतामै उठाइएका प्रश्न। कसरी समाधान गर्नुहुन्छ ?***

एउटा संविधानको अन्त्य र अर्को संविधानको निर्माणसँगै सङ्क्रमणकाल सिद्धान्ततः सकिएको हो। नयाँ संविधान कार्यान्वयनका लागि स्थानीय, प्रदेश र सङ्घीय संसदको निर्वाचन सकिइसकेपछि एक ढङ्गको सङ्क्रमणकाल सकियो भनियो। यद्यपि त्यो सङ्क्रमणकाल सकिइसकेपछि पनि नयाँ नयाँ आइपर्ने परिस्थितिलाई सम्बोधन गर्न नयाँ नयाँ कानुन निर्माण गर्दै जानु पर्ने आवश्यकता छ। त्यसरी नयाँ कानुन बनाउने प्रक्रिया जारी छ। त्यसैले सङ्क्रमणकाल वैधानिक र कानुनी रूपले सकिएको जस्तो देखिए पनि व्यवहारतः गर्नुपर्ने काम बाँकी नै छन्। कानुन निर्माण गर्दै प्रक्रियामार्फत तिनको टुङ्गो लगाउँदै अगाडि बढ्यौँ भने मात्रै हामी ठाउँमा पुग्न सक्छौँ। हाम्रो अबको बाटो त्यही नै हो। अहिले हामी जसरी संविधान कार्यान्वयन र कानुन निर्माणमा क्रियाशील छौँ यसलाई अझै गति दिएर अगाडि बढ्नु आवश्यक छ। २०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्म माओवादी सशस्त्र द्वन्द्व र त्यसबाट भएको मानवीय क्षतिलगायतका घटनाक्रम त्यो मुलुकको जीवनका लागि आइपरेको एउटा घटना थियो। त्यसबाट मुलुक विकास निर्माण र राजनीतिक रूपमा पनि धेरै पछाडि पर्‍यो। यो तीतो सत्य हो। २०६३ सालमा आएर राज्यले अब यसलाई टुङ्ग्याउनुपर्छ भनेर एउटा सङ्कल्प गर्‍यो। टुङ्ग्याउने पनि शान्ति प्रक्रियाको माध्यमबाटै भनेर सङ्कल्प लिइएको छ। माओवादी लडाकु समायोजन र व्यवस्थापन गर्ने, कतिपय राजनीतिक मुद्दा स्थापित गर्नेलगायतका केही विषय टुङ्गोमा पुर्‍याइयो। तर, सङ्क्रमणकालीन न्यायसँग गाँसिएको मुख्य विषयवस्तु भनेको उतिबेला बनेका पीडितलाई न्याय, परिपूरणलगायतका काम अझै बाँकी छ। एक त आयोग गठन गर्ने कुरामा नै निकै ढिलाइ भयो। अर्को भनेको आयोगले काम गर्न पनि सकेन। जुन कानुन अनुसार आयोग गठन भयो त्यो कानुनमा नै पीडित र अधिकारकर्मीहरूको आपत्ति रह्यो। कानुन संशोधन नगरी गर्नसक्ने कामसमेत नगरेको आयोगहरूमाथि लागेको गम्भीर आरोप पनि छ। यद्यपि केही काम अगाडि बढाइएको आयोगहरूले जनाएका छन्। केही सानातिना काम भएका पनि देखिन्छ। आयोगका कामप्रति आम रूपमा सन्तुष्टि छैन।

सङ्क्रमणकालीन न्यायका विषयलाई टुङ्गो लगाउन गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सुझाव दिएका छन्। सर्वोच्च अदालतले पनि विभिन्न समयमा फैसला र आदेश जारी गरेको छ। अन्तर्राष्ट्रिय समुदाय पनि बेलाबेलामा बोलिरहेकै छ। सबैका सुझाव हामीले प्राप्त गरिरहेका छौँ। यसलाई पनि आत्मसात गर्दै र खासगरी सर्वोच्च अदालतले केही मुद्दाहरूमा गरेका फैसला (जो प्रष्ट छन्।) तथा २०७० पुस १८ गते दिएको आदेश अनुसार कानुनमा केही परिवर्तन गर्नुपर्छ भन्नका खातिर संशोधनको तयारी सरकारमा हुँदा पनि गरेका थियौँ। अहिले पनि गरेका छौँ।

संशोधन गरिरहँदा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई प्रष्ट्याउनु आवश्यक छ। कस्ता-कस्ता घटनालाई गम्भीर भन्ने कुरा कानुनमा नै राख्नु आवश्यक छ। सबैलाई गम्भीर मानिदिने हो भने कुनैमा पनि कारबाही हुन सक्दैन। माफी हुन सक्दैन। मिलापत्र हुन सक्दैन। र, सहमति पनि हुन सक्दैन। अनि परिपूरण पनि हुन सक्दैन। जसले गर्दा पीडितको न्यायको कुरा त परै जाओस् सङ्क्रमणकालीन न्यायको गोलचक्करमा हामी वर्षौं रुमलिइरहन सक्छौँ। त्यसैले हत्या, बेपत्ता, बलात्कार, यातनालगायतका केही जघन्य अपराधलाई हामीले गम्भीर प्रकृतिका घटनाका रूपमा कानुनमा नै प्रष्ट्याएर यो विषयलाई छिटै टुङ्ग्याउने चरणमा छौँ।

# इन्सेकका केही प्रकाशनहरू



# www.inseconline.org

# नेपालको पहिलो मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal